केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ५७१९६४४/५/७
एक्स्टेन्सन: ६१४/६११/६०६
E-mail: psdept@nrb.org.np
Web : www.nrb.org.np

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

पत्र संख्याः भु.प्र.वि/नीति/ए.नी. २०८१/०८१/८२

मिति : २०८१/११/२३

**भुक्तानीसम्बन्धी कार्य गर्ने अनुमतिपत्रप्राप्त संस्थाहरु ।**

**विषय : भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१ जारी गरिएको सम्बन्धमा ।**

महाशय,

भुक्तानीसम्बन्धी कार्य गर्न यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०८० र सो पश्चात २०८१ फागुन २१ गतेसम्म जारी गरिएका परिपत्र तथा संशोधनहरु एकीकृत गरी तयार गरिएको यसैसाथ संलग्न **भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१** जारी गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(किरण पण्डित)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

(१) श्री गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(१०) श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।
(११) श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
(१२) श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
(१४) श्री भुक्तानी सेवा प्रदायक संघ नेपाल, काठमाडौं ।

नेपाल राष्ट्र बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्न
अनुमतिपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको

# भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१

(भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० र सो पश्चात २०८१ फागुन २१ गतेसम्म जारी भएका परिपत्र/निर्देशन समेतलाई समावेश गरी परिमार्जन गरिएको)

**नेपाल राष्ट्र बैंक**

**भुक्तानी प्रणाली विभाग**

२०८१ फागुन

# विषय-सूची


| क्र.स. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | विद्युतीय भुक्तानी कार्ड सञ्चालनसम्बन्धी व्यवस्था | १ |
| २. | दूरसञ्चार सञ्जालमार्फत स्वदेशी मुद्रामा भुक्तानी सेवा सञ्चालनसम्बन्धी व्यवस्था | ६ |
| ३. | विद्युतीय भुक्तानी प्रणालीको सञ्चालन तथा सुरक्षासम्बन्धी व्यवस्था | ९ |
| ४. | इ-मनी (वालेट) सेटलमेन्ट (Settlement) सम्बन्धी व्यवस्था | १४ |
| ५. | विद्युतीय माध्यमबाट गरिने कारोबार सीमा तथा शुल्कसम्बन्धी व्यवस्था | १७ |
| ६. | वार्षिक वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपुर्व स्वीकृति लिनेसम्बन्धी व्यवस्था | २२ |
| ७. | RTGS System सञ्चालनसम्बन्धी व्यवस्था | २४ |
| ८. | शाखारहित बैंकिङ्ग सेवा तथा आधिकारिक प्रतिनिधिसम्बन्धी व्यवस्था | २७ |
| ९. | Electronic Cheque Clearing सम्बन्धी व्यवस्था | ३५ |
| १०. | तथ्याङ्क विवरणसम्बन्धी व्यवस्था | ३६ |
| ११. | संस्थागत सुशासनसम्बन्धी व्यवस्था | ५३ |
| १२. | संस्थापक शेयर नामसारी, खरिद/बिक्रि/हक हस्तान्तरण तथा पुँजी वृद्धिसम्बन्धी व्यवस्था | ५८ |
| १३. | जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्था | ६१ |
| १४. | ग्राहक हित संरक्षणसम्बन्धी व्यवस्था | ६७ |
| १५. | सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्था | ७२ |
| १६. | भुक्तानी प्रणालीको अन्तरआबद्धता (Interoperability) तथा पहुँच (Access) सम्बन्धी व्यवस्था | ८१ |
| १७. | विविध व्यवस्थासम्बन्धमा | ८४ |

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### अ.प्रा. निर्देशन नं. १/०८१

### विद्युतीय भुक्तानी कार्ड सञ्चालनसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई विद्युतीय भुक्तानी कार्ड सञ्चालनसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. **विद्युतीय भुक्तानी कार्ड जारी गर्दा अपनाउनुपर्ने नीतिगत व्यवस्थासम्बन्धमा**

(१) विद्युतीय भुक्तानी कार्ड जारी गर्नु पूर्व यससम्बन्धमा आवश्यक नीति सञ्चालक समितिबाट पारित गरी लागू गर्नुपर्ने छ । विद्युतीय भुक्तानी सेवा सञ्चालन र सुरक्षा तथा जोखिम व्यवस्थापन लगायतका मापदण्डसम्बन्धमा यस बैंकबाट समय समयमा जारी गरिएका निर्देशनको पालना हुने गरी उक्त नीति अद्यावधिक गर्नुपर्ने छ ।

(२) यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाले विद्युतीय भुक्तानी कार्ड (Physical र Virtual) जारी गर्दा देहायबमोजिम गर्न पाउनेछन् :

(क) अनुमतिपत्रप्राप्त “क” तथा राष्ट्रियस्तरका “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाले क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड लगायतका विद्युतीय भुक्तानी कार्ड जारी गर्न सक्नेछन् ।

(ख) अनुमतिपत्रप्राप्त राष्ट्रियस्तर बाहेकका “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था र राष्ट्रियस्तरका “घ” वर्गका संस्थाले क्रेडिट कार्ड बाहेकका विद्युतीय भुक्तानी कार्ड मात्र जारी गर्न सक्नेछन् ।

(ग) बैंक तथा वित्तीय संस्था बाहेकका भुक्तानी सेवा प्रदायक (PSP) को अनुमतिपत्रप्राप्त संस्थाले स्वदेशभित्र सञ्चालन हुने गरी स्वदेशी मुद्रामा प्रिपेड कार्ड मात्र जारी गर्न सक्नेछन् ।

**(घ) प्राकृतिक व्यक्तिको एउटा खाताबाट एकै प्रकृति (डेबिट/क्रेडिट/प्रिपेड) को एक भन्दा बढी कार्ड जारी गर्न पाइने छैन । तर, Domestic Card Scheme अन्तर्गतका कार्डहरु जारी गर्दा यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।**

(ङ) अनुमतिपत्रप्राप्त संस्थाले ग्राहकलाई उपलब्ध गराउने विभिन्न Card Schemes का बारेमा ग्राहकलाई जानकारी गराई Card Scheme छनौट गर्ने सुविधा ग्राहकलाई नै दिनुपर्ने छ ।

## २. विद्युतीय भुक्तानी कार्ड जारी गर्दा ग्राहकलाई दिनुपर्ने सूचना तथा जानकारीसम्बन्धमा

(१) कार्ड प्रयोग गर्न महत्वपूर्ण शर्त तथा बन्देज (Most Important Terms and Conditions) को सूचीमा देहायका न्यूनतम विषय समावेश गरी ग्राहकसँग सम्झौता गर्नुपर्ने छ । यस्तो सम्झौता ग्राहकलाई समेत उपलब्ध गराउनुपर्ने छ ।

(क) कार्डबाट गर्न सकिने कारोबारको प्रकार

(ख) कार्ड जारी गर्दा तथा कारोबार गर्दा तिर्नुपर्ने सेवा शुल्क

(ग) कारोबारको संख्या सीमा भएमा सोको विवरण

(घ) नगद तथा भुक्तानी कारोबारको सीमा

(ङ) क्रेडिट कार्डको हकमा क्रेडिट सीमा, कार्डमार्फत गरिएको कारोबारको Billing को समयावधि तथा माध्यम, रकम भुक्तानी गर्नुपर्ने समयावधि, सो अवधिभित्र भुक्तानी गर्न नसकेमा वा न्यूनतम रकम मात्र तिर्दा लाग्ने ब्याजदर तथा हर्जाना र सोको लेखाहिसाबको विधि (उदाहरणसहित स्पष्ट हुने गरी)

(च) सुरक्षित कारोबारको लागि कार्ड प्रयोग गर्दा ग्राहकले अपनाउनुपर्ने सजगता,

**(छ) कार्ड मार्फत उपलब्ध हुने Near Field Communication (NFC), 3D Secure, Virtualization लगायतका अन्य सुविधाहरुको उपयोगिता, जोखिम तथा शुल्क तिर्नु पर्ने भएमा सोसम्बन्धी जानकारी,**

(ज) सेवा बन्द गर्न ग्राहकले अवलम्बन गर्नुपर्ने प्रक्रिया

(झ) कार्ड हराएमा वा चोरी भएमा तथा कारोबारको क्रममा कुनै समस्या परेमा तत्काल सहयोग प्राप्त गर्न ग्राहकले सम्पर्क गर्ने माध्यम

(२) कार्डको अवधि समाप्त हुनुभन्दा १५ दिन अगावै सोको सूचना ग्राहकलाई SMS वा ग्राहकले तोकेको अन्य विद्युतीय माध्यमबाट समेत दिनु पर्नेछ ।

## ३. विद्युतीय भुक्तानी कार्डमार्फत हुने कारोबारसम्बन्धमाः

(१) अनुमतिपत्रप्राप्त संस्थाले विद्युतीय भुक्तानी काडमार्फत देहायका सेवा प्रदान गर्न सक्नेछन् :

(क) खातामा रहेको मौज्दात तथा कारोबारसम्बन्धी विवरण उपलब्ध गराउने,

(ख) बैंक तथा वित्तीय संस्थाले Automated Teller Machine (ATM)/Cash Deposit Machine बाट नगद कारोबार गर्ने,

(ग) वस्तु खरिद वा सेवा उपभोग गरे वापतको रकम Point of Sale (PoS), Point of Transaction (PoT) Machine, Internet वा अन्य विद्युतीय माध्यमबाट भुक्तानी गर्ने, र

(घ) विद्युतीय माध्यमबाट तेस्रो पक्षको खातामा रकमान्तर गर्ने ।

(२) विद्युतीय भुक्तानी कार्डमार्फत Cash Out गरिने कारोबारमा Cash Dispense नभई खाताबाट मौज्दात घटेको अवस्थामा वा विद्युतीय भुक्तानी कार्डमार्फत PoS, PoT Machine वा अन्य विद्युतीय माध्यमबाट भुक्तानी कारोबार गर्दा कारोबार सम्पन्न नभई खाताबाट मौज्दात घटेको अवस्थामा दाबी उजुरी परेको वा नपरेको अवस्थामा देहायबमोजिम कारोबार रकमको Force Settlement गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(क) Issuer र Acquirer एउटै संस्था भएमा मनासिब कारण बाहेक कारोबार भएको अर्को दिन (T+1) सम्म

(ख) Issuer र Acquirer फरक फरक संस्था भई दुवै नेपाली संस्था भएमा बढीमा (T+3) भित्र

(ग) Issuer र Acquirer फरक फरक संस्था भई कुनै एक विदेशी संस्था भएमा बढीमा (T+30) भित्र

उपर्युक्त समयसीमाभित्र सेटलमेन्ट गर्ने/गराउने दायित्व उपकरण Issue गर्ने र Acquire गर्ने दुवै संस्थाको हुनेछ ।

**स्पष्टिकरण:**

**Force Settlement भन्नाले Authorization भएका तर प्राविधिक वा अन्य कारणले स्वतः फर्स्यौट हुन नसकेका कारोबारको अन्तिम फर्स्यौट सुनिश्चित गर्न अपनाइने Manual फर्स्यौट प्रक्रिया बुझ्नु पर्छ ।**

(३) कार्ड हराएमा वा चोरी भएमा सोको सूचना प्राप्त हुनासाथ तत्कालै उक्त कार्डबाट कारोबार हुन नसक्ने गरी कार्ड ब्लक गर्ने व्यवस्था गर्नुपर्ने छ ।

४. **विद्युतीय भुक्तानी कार्ड र सोसम्बन्धी उपकरणसम्बन्धमा:**

(१) विद्युतीय भुक्तानी कार्ड तथा Acquirer Device हरू अनिवार्यरुपमा Chip-based हुनुपर्ने छ । तर, यस बैंकको स्वीकृति लिई संस्थाले आवश्यक सुरक्षा प्रबन्ध मिलाई QR-based वा अन्य Non-chip कार्ड जारी गर्न सक्नेछन् ।

(२) विद्युतीय भुक्तानी कार्डमार्फत हुने कारोबार अनिवार्य रूपमा Chip र PIN मा आधारित हुनुपर्ने छ । तर, NFC (Near Field Communication Technology) Contactless कार्डमार्फत विद्युतीय कारोबार गर्दा PIN आवश्यक हुने छैन ।

(३) भुक्तानी प्रणाली सञ्चालकले यस बैंकको स्वीकृति लिई card scheme सञ्चालन गर्न सक्नेछन् ।

५. **ATM सञ्चालनसम्बन्धी व्यवस्थाः**

(१) ATM मार्फत हुने सम्पूर्ण कारोबार Chip र PIN मा आधारित हुनुपर्ने छ ।

(२) संस्थाले जडान गरेको ATM लगायतका उपकरणहरू समयमै मर्मतसम्भार तथा आवश्यकता अनुसार स्तरोन्नति गर्ने व्यवस्था गर्नुपर्ने छ ।

(३) Closed Circuit Television (CCTV) Camera सम्बन्धमाः

(क) ATM रहेको स्थानमा प्रचलित कानुनी व्यवस्था अनुसार आवश्यक स्वीकृति लिई CCTV Camera जडान गरी निरन्तर अनुगमनको व्यवस्था गर्नुपर्ने छ ।

(ख) CCTV Camera को Memory Backup कम्तीमा नब्बे (९०) दिनसम्म रहने व्यवस्था गर्नुपर्ने छ ।

(ग) CCTV Camera जडान गर्दा कारोबार गर्ने व्यक्तिको मुखाकृति प्रष्ट रूपमा देखिने तर ग्राहकले राखेको PIN अनुमान गर्न र रेकर्ड गर्न नसकिने गरी जडान गर्नुपर्ने छ ।

(घ) ATM बुथहरूमा कुनै व्यक्ति वा समूहबाट शंकास्पद गतिविधि भएको शंका लागेमा यथाशीघ्र संस्थाले तोकेको पदाधिकारी/निकायमा तत्काल सूचित गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(४) बैंक तथा वित्तीय संस्थाले सञ्चालन गरेका ATM को Downtime को कारण सहितको अभिलेख राखी त्रैमासिक रुपमा सोको समिक्षा गर्नुपर्ने छ ।

६. **विद्युतीय भुक्तानी कार्डबाट हुने कारोबारको सेटलमेन्टसम्बन्धमा**

अनुमतिपत्रप्राप्त **संस्थाहरूले** जारी गरेका विभिन्न भुक्तानी कार्डहरूबाट नेपालमा नेपाली रुपैयाँमा गरिने कारोबारको फछ्र्यौट नेपालभित्रै गर्ने व्यवस्था मिलाउनुपर्ने छ । साथै, यस प्रयोजनार्थ अन्तर्राष्ट्रिय स्वीचहरूको लागि कुनै जमानत/बण्ड जारी गर्नुपर्ने भए नेपाली रुपैयाँमा जारी गर्नुपर्ने छ ।

७. विदेशी विनिमयमा आधारित कारोबार, उपकरण **कारोबारको सीमा लगायतका** व्यवस्थाहरू यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले जारी गरेको निर्देशन/परिपत्रबमोजिम हुनेछन् ।

८. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को विद्युतीय भुक्तानी कार्ड सञ्चालनसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. १/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा. निर्देशन नं. २/०८१**

**दूरसञ्चार सञ्जालमार्फत स्वदेशी मुद्रामा भुक्तानी सेवा सञ्चालनसम्बन्धी व्यवस्था**

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई दूरसञ्चार सञ्जालमार्फत स्वदेशी मुद्रामा भुक्तानी सेवा सञ्चालनसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. दूरसञ्चार सञ्जालमार्फत सेवा सञ्चालन गर्दा यससम्बन्धमा आवश्यक नीति तर्जुमा गरी सञ्चालक समितिबाट पारित गरी लागू गर्नुपर्ने छ । विद्युतीय भुक्तानी सेवा सञ्चालन र सुरक्षा तथा जोखिम व्यवस्थापन लगायतका मापदण्डसम्बन्धमा यस बैंकबाट समय समयमा जारी गरिएका निर्देशनको पालना हुने गरी उक्त नीति तर्जुमा तथा अद्यावधिक गर्नुपर्ने छ ।

२. यस बैंकबाट भुक्तानी सेवा प्रदायक (PSP) को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाले दूरसञ्चार सञ्जालमार्फत मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, SMS बैंकिङ्ग, इ-मनी (विद्युतीय) वालेट, Interactive Voice Response System (IVRS), Unstructured Supplementary Service Data (USSD) लगायतका सेवा सञ्चालन गर्न सक्नेछन् ।

३. दूरसञ्चार सञ्जालमार्फत संस्थाले देहायबमोजिमको सेवा प्रदान गर्न सक्नेछन् :

(क) ग्राहकको खातामा रहेको मौज्दात रकमको जानकारी उपलब्ध गराउने,

(ख) ग्राहकको अनुरोधबमोजिम खातामा रकम जम्मा गर्ने वा रकमान्तर गर्ने,

(ग) ग्राहकको अनुरोधबमोजिम वस्तु खरिद वा सेवा उपभोग गरेवापतको रकम भुक्तानी गर्ने,

(घ) ग्राहकको कारोबारको विवरण (स्टेटमेन्ट) प्रदान गर्ने,

(ङ) चेकबुक जारी गर्ने संस्थाले ग्राहकको चेकबुक माग स्वीकार गर्ने,

(च) खाता रोक्का, पासवर्ड परिवर्तन जस्ता ग्राहकको अनुरोध स्वीकार गर्ने,

(छ) ग्राहकको खातासम्बन्धी अन्य आवश्यक सूचना वा जानकारीहरू सम्बन्धित ग्राहकलाई उपलब्ध गराउने,

(ज) यस बैंकको स्वीकृति लिई अन्य वित्तीय सेवा प्रदान गर्ने ।

४. दूरसञ्चार सञ्जालमार्फत सञ्चालन हुने भुक्तानी सेवामा ग्राहकलाई आबद्ध गर्नुअघि संस्थाले सेवाका विशेषता, कारोबार गर्दा तिर्नुपर्ने सेवा शुल्क, कारोबारको सीमा, कारोबारको क्रममा कुनै समस्या परेमा तत्काल सहयोग प्राप्त गर्न सम्पर्क गर्न सकिने माध्यम, **Jailbreak तथा Root गरिएका मोबाइल फोनमार्फत कारोबार गर्दा हुन सक्ने जोखिम, अनुसन्धानकारी निकायबाट माग भएका ग्राहकको विवरण उपलब्ध गराउन सकिने व्यवस्था** लगायतका **अन्य** विषय स्पष्ट रूपमा उल्लेख गरी ग्राहकसँग सम्झौता गर्नुपर्ने छ ।

५. नेपालमा जारी भएका उपकरण विदेशबाट सञ्चालन गर्दा देहायबमोजिमको सुरक्षाको व्यवस्था अपनाउनु पर्नेछ :

(१) अनुमतिपत्रप्राप्त संस्थाले इन्टरनेट बैंकिङ्ग र मोबाइल बैकिङ्ग प्रणालीमा प्रयोगकर्तालाई आबद्ध गराउँदा ग्राहकले विदेशबाट सेवा प्रयोग गर्ने/नगर्ने व्यहोरा अनिवार्यरुपमा खुलाउने व्यवस्था मिलाउनुपर्नेछ । साथै, ग्राहकले मोबाइल बैंकिङ्ग वा इन्टरनेट बैंकिङ्ग सुविधा विदेशबाट प्रयोग गर्ने भएमा विदेश जानुअघि अनिवार्यरुपमा बैंकलाई पूर्व जानकारी गराउनुपर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(२) उपकरण प्रयोग गर्ने प्रयोगकर्ताको हकमा यस बैंकबाट तोकिएको कारोबार रकमको सीमासम्बन्धी निर्देशनको अधीनमा रही कारोबारमा हुन सक्ने जोखिम विश्लेषण गरी कारोबार सीमा निर्धारण सक्नेछन । कारोबार रकमको सीमा थपघट गर्न सक्ने व्यवस्था ग्राहकसँग गरिने सम्झौतामा उल्लेख गर्नुपर्ने छ ।

(३) संस्थाले कारोबारको Audit Trail को उचित व्यवस्था मिलाउनुपर्नेछ । Audit trail tracking को प्रयोगमार्फत संस्थाले स्वदेश तथा विदेशबाट Login गरी भएका कारोबारहरूको छुट्टाछुट्टै Report तयार गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) भुक्तानी कारोबारलाई भरपर्दो, सुरक्षित तथा विश्वसनीय बनाउनका लागि प्रणालीमा Login गर्दा र Electronic Payment Transaction Authentication गर्दा कम्तीमा दुई तहको प्रमाणीकरण (Two Factor Authentication) सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्ने छ ।

(५) संस्थाले इन्टरनेट बैंकिङ्ग, मोबाइल बैंकिङ्ग, वालेट लगायतका उपकरणहरूमार्फत भएका शंकास्पद कारोबारहरूको विवरण समेत वित्तीय जानकारी इकाईमा अविलम्ब उपलब्ध गराउनुपर्ने छ ।

६. प्रत्येक कारोबार सम्पन्न भएपछि अनिवार्य रूपमा सम्बन्धित ग्राहकलाई तत्काल SMS मार्फत सन्देश दिनुपर्ने छ । साथै, ग्राहकले अन्य विद्युतीय माध्यमबाट सन्देश माग गरेमा सो समेत उपलब्ध गराउनुपर्ने छ ।

७. इन्टरनेट बैंकिङ्गमार्फत भुक्तानी कारोबार गर्ने संस्थाले इन्टरनेट बैंकिङ्ग सेवा आफ्ना खातावालालाई मात्र उपलब्ध गराउनुपर्ने छ ।

८. दूरसञ्चार सञ्जालमार्फत मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, SMS बैंकिङ्ग, इ-मनी (विद्युतीय) वालेट, Interactive Voice Response System (IVRS), Unstructured Supplementary Service Data (USSD) लगायतका सेवाबाट कारोबार सम्पन्न नभई खाताबाट मौज्दात घटेको अवस्थामा देहायबमोजिमको समयमा कारोबार रकमको Force Settlement गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(क) Issuer र Acquirer एउटै संस्था भएमा मनासिब कारण बाहेक कारोबार भएको अर्को दिन (T+1) सम्म

(ख) Issuer र Acquirer फरक फरक संस्था भई दुवै नेपाली संस्था भएमा बढीमा (T+3) भित्र

(ग) Issuer र Acquirer फरक फरक संस्था भई कुनै एक विदेशी संस्था भएमा बढीमा (T+30) भित्र

उपर्युक्त समयसीमाभित्र सेटलमेन्ट गर्ने/गराउने दायित्व उपकरण Issue गर्ने र Acquire गर्ने दुवै संस्थाको हुनेछ ।

**स्पष्टिकरणः**

**Force Settlement भन्नाले Authorization भएका तर प्राविधिक वा अन्य कारणले स्वतः फर्स्यौट हुन नसकेका कारोबारहरुको अन्तिम फर्स्यौट सुनिश्चित गर्न अपनाइने Manual फर्स्यौट प्रक्रिया बुझ्नु पर्छ ।**

## ९. खारेजी र बचाऊ

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को दूरसञ्चार सञ्जालमार्फत स्वदेशी मुद्रामा भुक्तानी सेवा सञ्चालनसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. २/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा. निर्देशन नं. ३/०८१**

## विद्युतीय भुक्तानी प्रणालीको सञ्चालन तथा सुरक्षासम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई विद्युतीय भुक्तानी प्रणालीको सञ्चालन तथा सुरक्षा व्यवस्थासम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ।

१. **सूचना प्रविधिको सुशासनसम्बन्धमा**

(१) संस्थामा विद्युतीय भुक्तानीको व्यवस्थापनका लागि उचित संस्थागत संरचना तयार गर्नुपर्ने छ । संस्थाको सञ्चालक समिति र उच्च व्यवस्थापनले सूचना प्रविधि तथा विद्युतीय भुक्तानीसम्बन्धी नीति, कार्ययोजना तथा जोखिम आदिको नियमित अनुगमन गर्नुपर्ने छ।

(२) विद्युतीय भुक्तानी प्रणालीको सुरक्षा तथा जोखिम व्यवस्थापनसम्बन्धमा आवश्यक नीति तर्जुमा गरी कम्तीमा देहायका नीतिगत एवम् प्रक्रियागत व्यवस्था गर्नुपर्ने छ :

(क) Physical and Environmental Security

(ख) Hardware and Network Security

(ग) Logical Access Control

(घ) Computer Virus and Malware Protection

(ङ) Audit trails and System Access Management

(च) Authentication of System Access by Customers

(छ) Exception Handling

(ज) Patch Management

(झ) System Audit

(ञ) Backup and Archival

(ट) Outsourcing Risk Management

(ठ) Customer Data Privacy, Confidentiality and Grievance Management

(ड) Incident Response and Management

(ढ) Cyber Security and cyber resilience

(ण) IT Operations related Provisions

(त) Information Classification and Access Management

(थ) Information Security related awareness programmes for customers and other stakeholders

(द) Status of Electronic Payments related Workplan

(३) संस्थाको सञ्चालक समितिले विद्युतीय भुक्तानी प्रणालीको सुरक्षा तथा जोखिम व्यवस्थापनसम्बन्धी नीतिलाई वार्षिक रुपमा समीक्षा गरी आवश्यकतानुसार परिमार्जन गर्नुपर्ने छ ।

(४) भुक्तानी कारोबारको सुरक्षा एवम् रेखदेखका लागि संस्थाले Information Security Officer को रुपमा छुट्टै कर्मचारी तोक्नुपर्नेछ । उक्त कर्मचारीको काम, कर्तव्य, दायित्व र अधिकार स्पष्ट रूपमा तोकिएको हुनुपर्ने छ ।

## २. कारोबार तथा उपकरणको सुरक्षासम्बन्धमा

(१) भुक्तानी प्रणालीको सुरक्षाका लागि कम्तीमा पनि Firewall, Antivirus/Malware Detection Software, Intrustion Detection/Prevention System, Monitoring /Log Analysis Tools/Techniques, Cryptograhic System को व्यवस्था मिलाउनुपर्ने छ ।

(२) संस्थाले भुक्तानी कारोबारको कार्यमा प्रयोग हुने सम्पूर्ण कम्प्यूटर तथा उपकरणहरूमा Audit Trail को उचित व्यवस्था मिलाउनुपर्ने छ ।

(३) भुक्तानी कारोबारलाई भरपर्दो, सुरक्षित तथा विश्वसनीय बनाउनका लागि Electronic Payment Transaction Authentication गर्दा कम्तीमा दुई तहको प्रमाणीकरण (Two Factor Authentication) सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्ने छ । दुई तहको प्रमाणीकरणको व्यवस्था उपकरणमा Login गर्दा र Password परिवर्तनको लागि समेत गर्नुपर्ने छ ।

(४) संस्थाले प्रणालीको Database लाई Update गर्न Back-End लाई सिधै Access नगरी आधिकारिक (Authorized) कर्मचारीको सुक्ष्म निगरानीमा मात्र गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(५) कार्डमार्फत भुक्तानी कारोबार सञ्चालन गर्न अनुमतिपत्रप्राप्त संस्थाले कारोबार तथा कार्डसँग सम्बन्धित संवेदनशील सूचनाको सुरक्षाको प्रत्याभूति गर्न कार्डको प्रकृति अनुसार Payment Card Industry-Data Security Standards (PCI-DSS), EMV Standard, EMV Contactless Standard जस्ता अन्तर्राष्ट्रिय रुपमा प्रचलित मापदण्डहरू पालना गरेको हुनुपर्ने छ ।

(६) Card Not Present (CNP) कारोबारको हकमा स्वदेशमा जारी भएका क्रेडिट/डेबिट/प्रिपेड कार्डमा नभएका अतिरिक्त सूचनाका साथै 3D (three-domain) Security प्रयोग गरी Authentication गर्नुपर्ने छ ।

(७) कार्डमार्फत भुक्तानी सेवा सञ्चालन गर्ने संस्थाले Card Personalization and Dispatch, PIN Generation and Dispatch, Card तथा PIN Delivery लगायतका कार्यहरूमा उचित सुरक्षा व्यवस्था अपनाउनुपर्ने छ ।

(८) भुक्तानीसम्बन्धी कारोबार गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूले ISO 27000 series अन्तर्गतको कम्तीमा ISO 27001 मापदण्ड पूरा गर्नुपर्ने छ ।

(९) हरेक संस्थाले सूचना प्रविधिसम्बन्धमा आकस्मिक सहायता समूह (Information Technology Incident Response Team) गठन गर्नुपर्ने छ ।

(१०) संस्थाको प्रणालीमा कुनै किसिमको साइबर आक्रमण र अनधिकृत पहुँच भएमा अविलम्ब सोको यथार्थ विवरण र निराकरणको लागि संस्थाले चालेका कदमका विषयमा लिखित जानकारी यस बैंकमा गराउनुपर्ने छ ।

(११) कम्प्युटर सफ्टवेयरको प्रयोग/खरिद गर्नेसम्बन्धमा:

(क) यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाहरूले आधिकारिक (genuine) कम्प्युटर सफ्टवेयर र हार्डवेयर मात्र प्रयोग/खरिद गर्नुपर्ने छ ।

(ख) भुक्तानी सेवा प्रदायक संस्थाहरूले आफ्नो सफ्टवेयर Android, IOS तथा Web Platform मा तयार गर्नुपर्ने छ । साथै, उक्त सफ्टवेयरहरू Operating System Update भएसँगै आवश्यकता अनुसार Update Release गर्नुपर्ने छ ।

(१२) भुक्तानी कारोबार र उपकरणको सुरक्षा सुनिश्चित गर्न सम्बद्ध कर्मचारीलाई आवधिक रुपमा यस विषयमा नियमित तालिमको व्यवस्था मिलाउनुपर्ने छ ।

(१३) **ग्राहकले मोबाइल बैंकिङ्ग तथा इन्टरनेट बैंकिङ्ग प्रणाली सञ्चालन वा कारोबार गर्दा VPN को प्रयोग गरे/नगरेको पहिचान गरी आधिकारिक VPN को प्रयोग नभएमा एपमा Login गर्न नमिल्ने व्यवस्था मिलाउनुपर्ने छ ।**

## ३. कारोबार सञ्चालनसम्बन्धमा

(१) भुक्तानी कारोबारको सुरक्षा तथा जोखिम व्यवस्थापनका लागि Disaster Recovery Plan (DRP) तयार गरी कार्यान्वयन गर्नुपर्ने छ । DRP मा कम्तीमा देहायका विषयहरू समावेश भएको हुनुपर्ने छ :

(क) Data Center (DC) तथा Standby Site/Disaster Recovery Site (DRS),

(ख) Data, Power तथा System Back Up,

(ग) Recovery Time Objective (RTO) र Recovery Point Objective (RPO),

(घ) योजना कार्यान्वयन तथा Incident Handling,

(ङ) DC र DRS मा भएको Data को Transaction तथा Data Integrity,

(च) सूचनाको सुरक्षा, र

(छ) योजनाको आवधिक तथा आकस्मिक परीक्षण ।

(२) संस्थाले नियमित रुपमा कारोबारसम्बन्धी विवरणको Backup तथा Archival का साथै आवश्यकतानुसार विवरणको पुनर्स्थापना (Restoration) गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(३) संस्थाले सुरक्षाको प्रत्याभूतिको लागि भुक्तानी कारोबारको नियमित अनुगमन तथा आवश्यकता अनुसार System Upgrade गर्नुपर्ने छ र सोको आवश्यक जानकारी ग्राहकलाई दिनुपर्ने छ ।

(४) भुक्तानी प्रणाली कारोबारको System उपलब्ध गराउने संस्थाले System Upgrade गरे अनुरूप सम्बन्धित संस्थाले पनि भुक्तानी कारोबारमा आउनसक्ने सम्भावित जोखिमलाई दृष्टिगत गरी आफ्नो प्रणालीको स्तरोन्नति गर्नुपर्ने छ ।

(५) **अनुमतिपत्र प्राप्त संस्था (बैंक तथा वित्तीय संस्था समेत) ले भुक्तानीसम्बन्धी कार्यका लागि प्रयोग हुने विभिन्न प्रणालीहरुको नियमित रुपमा DC-DR Drill गर्नुपर्नेछ ।**

(६) **कुनै पनि प्रणालीको DC-DR Drill कम्तीमा २ वर्षमा एक पटक गर्नुपर्नेछ । DC-DR Drill सम्पन्न भएको १५ दिनभित्र उक्त Drill को प्रतिवेदन यस बैंकमा पेश गर्नुपर्ने छ ।**

(७) **संस्थाले नेपाल सरकारको सूचना प्रविधि विभागले डाटा सेन्टरको रुपमा कार्य गर्न सूचिकृत गरेको संस्थासंग मात्र आफ्नो डाटा सेन्टर राख्न सक्नेछन् । अनुमतिपत्रप्राप्त संस्थाहरुले हाल कायम रहेको डाटा सेन्टर 'डाटा सेन्टर तथा क्लाउड सेवा (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१' मा तोकिएको समयमा सूचिकृत भए/नभएको एकीन गर्नुपर्ने छ ।**

४. **भुक्तानी प्रणाली परिक्षण (System Audit)**

(१) अनुमतिपत्रप्राप्त संस्था (बैंक तथा वित्तीय संस्था बाहेक) ले सेवा सञ्चालन गरेको १ वर्ष पुरा भएपछि भुक्तानी प्रणालीको परीक्षण (System Audit) गराई यस बैंकमा सोको प्रतिवेदन पेश गर्नुपर्ने छ । साथै, साविक System प्रतिस्थापन वा System Upgrade नभएको अवस्थामा प्रत्येक २ आर्थिक वर्षमा System Audit गराई आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र यस बैंकमा प्रतिवेदन पेश गर्नुपर्ने छ । त्यस्तो परीक्षण गर्दा कम्तीमा निम्नानुसारको विषयवस्तुहरू समेटिएको हुनुपर्ने छ :

**(क) जोखिम व्यवस्थापनका मापदण्ड तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण,**

**(ख) System Design तथा सूचना प्रणालीसम्बन्धी पूर्वाधारको विश्लेषण,**

**(ग) प्रणाली तथा फर्स्यौट प्रक्रियाको विश्लेषण, Transaction Integrity, तेस्रो पक्ष सेवाहरुबाट हुन सक्ने जोखिम लगायतका Payment System तथा Processing का प्रावधानहरुको विश्लेषण,**

(ग) User Authentication,

(घ) आन्तरिक तथा वाह्य पक्षबाट प्रणालीमा पुग्न सक्ने सम्भावित जोखिम,

(ङ) सूचनाको सुरक्षा, प्रणाली (System) मा भएका Vulnerabilities,

(च) Database and Transaction Security,

(छ) Network and Hardware Security,

(ज) Disaster Recovery तथा Business Continuity सम्बन्धी व्यवस्था तथा कार्यान्वयनको अवस्था,

(झ) प्रणाली (System) मा प्रत्यक्ष पहुँच रोक्न सक्ने उपाय तथा आधारहरू,

(ञ) Unauthorized Attempts का विवरणहरू,

**(ट) Security Policy, Incident Management तथा Encryption Standards लगायतका अन्य साइबर सुरक्षासम्बन्धी प्रावधानहरुको विश्लेषण,**

**(ठ) Regulatory Compliance सम्बन्धी विश्लेषण,**

५. विद्युतीय कारोबारमा आउने जोखिमको पहिचान, विश्लेषण र व्यवस्थापनलाई प्रभावकारी र व्यवस्थित बनाउनका लागि नीति तथा कार्यविधि तर्जुमा गर्दा यस बैंकले जारी गरेको Cyber Resilience Guidelines लाई मार्गदर्शनको रुपमा लिनुपर्ने छ ।

६. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को विद्युतीय भुक्तानी प्रणालीको सञ्चालन तथा सुरक्षासम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ३/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा. निर्देशन नं. ४/०८१**

## इ-मनी (वालेट) सेटलमेन्ट (Settlement) सम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई विद्युतीय वालेट तथा सेटलमेन्टसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाहरूले ग्राहकको वालेटमा सृजना भएको इ-मनी (eMoney) को कारोबारको फछ्र्यौट गर्ने प्रयोजनका लागि सेटलमेन्ट बैंकको रुपमा गर्ने काम गर्ने गरी यस बैंकबाट इजाजतपत्रप्राप्त 'क' वर्गको बैंकमा छुट्टै सेटलमेन्ट खाता खोल्नु पर्नेछ ।

२. देहायका व्यवस्था पुरा गरेको 'क' वर्गको बैंकसँग मात्र सेटलमेन्ट बैंकको रुपमा सम्झौता गर्नुपर्ने छ ।

   (१) यस बैंकको नीतिगत व्यवस्था वा निर्देशनबमोजिम तोकिएको न्यूनतम चुक्ता पूँजी तथा पूँजीकोष कायम भएको,

   (२) बैंक सञ्चित नोक्सानीमा नरहेको,

   (३) निष्क्रिय कर्जा यस बैंकले तोकेको सीमाभित्र रहेको, र

   (४) विगत ३ वर्षभित्र यस बैंकबाट जारी "बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी" विनियमावलीबमोजिमको कारबाही नभएको ।

३. सेटलमेन्ट बैंक र भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाबीचमा सेटलमेन्ट खाता सञ्चालन गर्न भएको लिखित सम्झौता यस बैंकमा पेश गर्नुपर्ने छ । सेटलमेन्ट बैंक र भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाबीचमा सेटलमेन्ट खाता सञ्चालन गर्नका लागि लिखित सम्झौता यस बैंकमा पेश गर्नुपर्ने छ । उक्त सम्झौतामा न्युनतम रुपमा देहायका विषयहरू उल्लेख भएको हुनुपर्ने छ :

- सेवासम्बन्धी विवरण
- सम्झौताको अवधि
- वित्तीय कारोवार तथा फछर्यौट
- सञ्चालन विधि तथा नियमन
- Systems, Data, Process, Security and Customer Data Privacy
- Custodian and Management of Wallet Fund
- शुल्कसम्बन्धी व्यवस्था
- बौद्धिक सम्पत्ति अधिकार
- सम्झौता अन्त्यसम्बन्धी व्यवस्था
- छुटसम्बन्धी व्यवस्था
- काबु बाहिरको परिस्थिति

- क्षतिपूर्ति/हर्जाना
- विवाद समाधान
- सम्झौतामा आवश्यक संशोधन

४. **अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाले आफ्नो प्रणालीमार्फत हुने सम्पूर्ण कारोबारको अन्तिम फर्स्यौट यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालकले सञ्चालन गरेको प्रणालीमार्फत सेटलमेन्ट बैंकमा रहेको सेटलमेन्ट खातामा गर्नुपर्ने छ।**

५. विद्युतीय वालेट सञ्चालन गरिरहेका बैंक तथा वित्तीय संस्थाहरूले वालेटमा जम्मा रहेको इ-मनी बराबरको रकम आफ्नै संस्थामा एउटा छुट्टै खाता खोली जम्मा गर्नुपर्ने र सोही खाताबाट भुक्तानी कारोबारको फछ्र्यौट गर्नुपर्ने छ ।

६. इ-मनी (विद्युतीय वालेट) जारी गर्ने संस्थाले सेटलमेन्ट खातामा रहेको मौज्दात रकम भन्दा अधिक नहुने गरी इ-मनी जारी गर्नुपर्ने छ ।

७. ग्राहकले गरेको कुनै पनि कारोबार समयमै फर्स्यौट हुन नसकेमा उक्त कारोबारको रकमसम्बन्धी दायित्व सम्बन्धित भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको हुनेछ ।

८. बैंक तथा वित्तीय संस्थाले सञ्चालन गरेका विद्युतीय वालेट बाहेक अन्य संस्थाको हकमा इ-मनी वापत वालेटमा सृजना भएको रकम भुक्तानीको दायित्व सम्बन्धित विद्युतीय वालेट सञ्चालक संस्थाको हुनेछ । उक्त रकम सम्बन्धित संस्थाले भुक्तानी गर्न नसकेमा भुक्तानीको अन्तिम दायित्व सेटलमेन्ट बैंकको हुनेछ ।

९. सेटलमेन्ट बैंकमा रहेको इ-मनी वापत सृजित दायित्व रकम मध्ये भुक्तानी/फछ्र्यौटको लागि आवश्यक पर्ने तरलता व्यवस्थापन गरी बाँकी रकम ब्याज आर्जन हुन सक्ने गरी सोही बैंकमा मागेको बखत तुरुन्त प्राप्त हुने खाता (Call Account) मा राख्न सक्नेछन् ।

१०. संस्थाले सेटलमेन्ट खातालाई ग्राहकले गरेको कारोबारको फछ्र्यौट बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाउने छैन ।

११. विद्युतीय वालेट सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले विद्युतीय वालेट (इ-मनी) र सेटलमेन्ट खाता दुवैको रिपोर्टिङ्ग तोकिएको ढाँचामा गर्नुपर्ने छ ।

१२. यस बैंकको समेत स्वामित्वमा गठन भएको संस्थामार्फत गरिने राफसाफ कारोबारको अन्तिम सेटलमेन्ट कार्य यस बैंकमार्फत हुनेछ ।

१३. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को इ-मनी (वालेट) सेलमेन्ट (Settlement) सम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ४/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### अ.प्रा. निर्देशन नं. ५/०८१

### विद्युतीय माध्यमबाट गरिने कारोबार सीमा तथा शुल्कसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई विद्युतीय माध्यमबाट गरिने कारोबार सीमा तथा शुल्कसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. **कार्डको माध्यमबाट गरिने कारोबारसम्बन्धमा**

(१) भुक्तानी कार्डबाट नगद झिक्ने अधिकतम सीमा देहाय बमोजिम हुनेछ :

| जारी गर्ने संस्था | उपकरण | प्रतिकारोबार रकम (रू.) | प्रतिदिन रकम (रू.) | प्रतिमहिना रकम (रू.) |
|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्थाहरू | प्रिपेड कार्ड | १० हजार | २० हजार | २ लाख |
| | डेबिट कार्ड | २५ हजार | १ लाख | ४ लाख |
| | क्रेडिट कार्ड | स्वीकृत सीमाको १० प्रतिशतसम्म | | |
| बैंक तथा वित्तीय संस्था बाहेकका सेवा प्रदायक संस्थाहरू | प्रिपेड कार्ड | - | ५ हजार | २५ हजार |

**संस्थाले Domestic Card Scheme अन्तर्गत अतिरिक्त कार्ड जारी गरेमा समेत ग्राहकको खातामा उपर्युक्त अनुसार कुल सीमा लागू गर्नुपर्ने छ ।**

(२) ग्राहकले वस्तु तथा सेवा खरिद गर्ने क्रममा बिलबमोजिमको रकम कार्डमार्फत सम्बन्धित व्यावसायिक फर्मको खातामा भुक्तानी गर्दा उपर्युक्त अधिकतम सीमाले बाधा पुगेको मानिने छैन ।

(३) बैंक तथा वित्तीय संस्थाहरूले प्रिपेड कार्ड जारी गर्दा प्रति ग्राहक अधिकतम रू.१ लाख र कार्ड जारी गर्न अनुमतिपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू बाहेकका भुक्तानी सेवा प्रदायक संस्थाहरूले अधिकतम रू. २५ हजारसम्मको प्रिपेड कार्ड जारी गर्न सक्नेछन् ।

(४) भुक्तानी कार्डमार्फत Contactless कारोबार गर्दा प्रति कारोबार अधिकतम रू.५ हजार सम्मको कारोबार गर्न सकिनेछ । सोका लागि कारोबार संख्या र जोखिम न्यूनीकरण गर्ने व्यवस्था संस्था स्वयम्ले निर्धारण गर्नुपर्ने छ ।

(५) क्रेडिट कार्डमार्फत वालेटमा लोड गरिएको रकम वस्तु तथा सेवाको भुक्तानीको लागि मात्र प्रयोग गर्नुपर्ने छ । यसरी वालेटमा लोड गरिएको रकम बैंक खातामा ट्रान्सफर गर्न र नगद झिक्न नमिल्ने व्यवस्था सम्बन्धित भुक्तानी सेवा प्रदायक संस्थाले गर्नुपर्ने छ ।

(६) बैंक तथा वित्तीय संस्थाहरूले नगद व्यवस्थापन, भौगोलिक अवस्था, सुरक्षा व्यवस्था र विशेष परिस्थिति समेतलाई ध्यानमा राखी ATM मार्फत हुने नगद कारोबारको सीमा घटाउन उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

## २. मोबाइल बैंकिङ्ग तथा वेब एप्लिकेशनमार्फत हुने कारोबारसम्बन्धमा

मोबाईल एप्लिकेशन (App) तथा **वेब एप्लिकेशनमार्फत** गरिने कारोबारको अधिकतम सीमा देहायबमोजिम हुनेछ :

| **उपकरण** | **प्रतिदिन (रु)** |
|---|---|
| मोबाइल एप्लिकेशन (App) (QR Code समेत) | ३ लाख |
| **वेब एप्लिकेशन** | २० लाख |

तर, देहायको अवस्थामा उपर्युक्त अधिकतम सीमासम्बन्धी व्यवस्थाले बाधा पुगेको मानिने छैन :

(१) कुनै व्यक्तिको नाममा बैंक तथा वित्तीय संस्थामा रहेको एउटा खाताबाट सोही व्यक्तिको नाममा सोही संस्थामा रहेको अर्को खातामा रकमान्तर गर्न,

(२) नेपाल सरकारको सम्बन्धित कार्यालयमा भुक्तानी गर्नुपर्ने कर, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेशन तथा सेवा शुल्क जस्ता विविध शुल्कहरू भुक्तानी गर्न,

(३) विद्युत, दूरसञ्चार, तथा खानेपानीको **महशुल**, बीमा प्रिमियम, **योगदानमा आधारित** सामाजिक सुरक्षा **कोषको रकम भुक्तानी र विद्यालयको शुल्क बराबरको रकम भुक्तानी गर्न**,

(४) धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त धितोपत्र दलालहरूसँग धितोपत्रको कारोबार गरे वापत तोकिएको बैंक खातामा रकम भुक्तानी गर्न र

(५) यस बैंकबाट अनुमतिप्राप्त तोकिएबमोजिमका विशेष भुक्तानी सेवा ।

## ३. ई-मनीको (e-money) को माध्यमबाट गरिने कारोबारसम्बन्धमा

(१) विद्युतीय वालेटको माध्यमद्वारा गरिने कारोबारको अधिकतम सीमा देहायबमोजिम हुनेछ :

| **जम्मा/भुक्तानी** | **प्रतिदिन रकम (रु.)** | **प्रतिमहिना (रु.)** |
|---|---|---|
| बैंक खाताबाट वालेटमा | २ लाख | १० लाख |
| वालेटबाट अन्य बैंक खातामा (**QR Code समेत**) | २ लाख | १० लाख |
| एक वालेटबाट अर्को वालेटमा | ५० हजार | ५ लाख |

विद्युतीय वालेटमा जुनसुकै माध्यम (**एक भन्दा बढी बैंक वा एक भन्दा बढी वालेट समेत**) बाट रकम जम्मा भएतापनि उपर्युक्त सीमा भन्दा अधिक हुन पाउने छैन ।

**तर, देहायको अवस्थामा एक वालेटबाट अर्को वालेटमा जम्मा/भुक्तानी गर्ने उपर्युक्त अधिकतम सीमासम्बन्धी व्यवस्थाले बाधा पुगेको मानिने छैन :**

(१) **नेपाल सरकारको सम्बन्धित कार्यालयमा भुक्तानी गर्नुपर्ने कर, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेशन तथा सेवा शुल्क जस्ता शुल्कहरू भुक्तानी गर्न,**

(२) **विद्युत, दूरसञ्चार, तथा खानेपानी महशुल, बीमा प्रिमियम, योगदानमा आधारित सामाजिक सुरक्षा कोषको रकम भुक्तानी, र विद्यालयको शुल्क बराबरको रकमको भुक्तानी गर्न ।**

(२) प्राकृतिक व्यक्तिको वालेटमा एक दिनमा बढीमा १० पटकसम्म मात्र रकम जम्मा गर्न सकिनेछ ।

(३) वालेटमा अधिकतम रु.५० हजारभन्दा बढी मौज्दात Overnight Balance राख्न पाइने छैन । सो सीमा भन्दा बढी रहेको रकम अनिवार्य रुपमा ग्राहकको सम्बन्धित बैंक खातामा जम्मा हुने व्यवस्था मिलाउनुपर्ने छ ।

(४) भुक्तानी सेवा प्रदायक संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीसँग सम्झौता गरी विदेशबाट आप्रवाह हुने रकम नेपालमा सञ्चालित विद्युतीय वालेटमा जम्मा हुने गरी रेमिटेन्स भित्र्याउन सक्नेछन् । यसरी रेमिटेन्स प्राप्त गर्दा वालेटमा रकम जम्मा गर्न तोकिएको सीमाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) विदेशबाट वालेटमा प्राप्त रेमिटेन्स रकम वालेटको Overnight Balance को सीमाभन्दा बढी भएको अवस्थामा प्रापकले उपलब्ध गराएको बैंक खातामा स्थानान्तरण हुने व्यवस्था सम्बन्धित भुक्तानी सेवा प्रदायक संस्थाले मिलाउनु पर्नेछ ।

(६) वालेटबाट वालेट प्रयोगकर्ताको आफ्नै बैंक खाता (वालेटमा link गरिएको) मा रकमान्तर गर्दा कुनै सीमा लाग्ने छैन ।

(७) **USSD प्रणालीमा आधारित भुक्तानी कारोबारको अधिकतम सीमा दैनिक रु.१०,०००।- र प्रति कारोबार रु.५,०००।- हुनुपर्ने छ ।**

### ४. एजेन्टमार्फत गरिने वालेट कारोबारसम्बन्धमा

(१) भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेटमा ग्राहकले सम्बन्धित भुक्तानी सेवा प्रदायकबाट नियुक्त आधिकारिक **प्रतिनिधि**मार्फत प्रतिदिन अधिकतम रु.२५ हजारसम्म र प्रतिमहिना अधिकतम रु.१ लाखसम्म नगद जम्मा गर्न सक्नेछन् ।

(२) ग्राहकले माग गरेको अवस्थामा **आधिकारिक प्रतिनिधि**मार्फत प्रति महिना रु.२५ हजारभन्दा बढी नहुने गरी प्रति दिन रु.५ हजारसम्म नगद प्राप्त गर्न सक्नेछन् । यसप्रकारको कारोबार बैंक तथा वित्तीय संस्थाको ATM मार्फत समेत गर्न सकिनेछ ।

(३) **भुक्तानी सेवा प्रदायक संस्थाहरुले उपबुँदा (१) र (२) बमोजिमको कारोबारको लागि सो उपबुँदामा तोकिएको अधिकतम सीमा भित्र रही कारोबारको सीमा निर्धारण गर्न सक्नेछन् ।**

**(४) आधिकारिक प्रतिनिधिले गर्ने कुल दैनिक कारोबारको सीमा सम्बन्धित भुक्तानी सेवा प्रदायक संस्थाले निर्धारण गर्न सक्नेछन् ।**

**(५) आधिकारिक प्रतिनिधिको सम्पूर्ण कारोबारको विवरण सम्बन्धित भुक्तानी सेवा प्रदायकले विद्युतीय माध्यमबाट प्राप्त गरी अभिलेख राख्नुपर्ने छ ।**

**(६) भुक्तानी सेवा प्रदायक संस्थाले आधिकारिक प्रतिनिधिहरुले गर्ने कारोबारको निगरानीको लागि कारोबारको संख्या, रकम, स्थान, प्रवृति, वृद्धि आदिलाई विश्लेषण गरी त्रैमासिक प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्नुपर्ने छ । साथै, अर्धवार्षिकरुपमा यस्तो प्रतिवेदन यस विभागमा समेत पेश गर्नुपर्ने छ ।**

५. **स्थायी लेखा नम्बर (PAN) नलिएका दैनिक रु.५ हजारसम्मको व्यापारिक कारोबार गर्ने प्राकृतिक व्यक्तिको हकमा आधिकारिक परिचयपत्रको आधारमा समेत निजको नाममा मर्चेन्टको रुपमा QR Code उपलब्ध गराउन सकिनेछ ।**

६. **शुल्कसम्बन्धी व्यवस्था**

(१) बैंक तथा वित्तीय संस्थाले जारी गरेका भुक्तानी कार्ड स्वदेश भित्रै अर्को बैंक तथा वित्तीय संस्थाको ATM मा प्रयोग हुँदा प्रति कारोबार बढीमा रु.१५।- सम्म शुल्क लिन सक्नेछन् ।

(२) ग्राहकले Mobile App /Internet /SMS Banking/Electronic Wallet को Username र Password **वा Transaction PIN** हराएमा/बिर्सिएमा कुनै शुल्क नलाग्ने गरी सम्बन्धित व्यक्तिले आफैँ Retrieve गरी सेवा पुनः सुचारु गर्नसक्ने व्यवस्था गर्नुपर्ने छ ।

(३) अनुमतिपत्रप्राप्त संस्थाले डिपार्टमेन्टल स्टोर, मार्ट, होटल, पसल लगायतका मर्चेन्टबाट Point of Sale (POS)/Point of Transaction (POT) मेसिन मार्फत गरिएको कारोबारमा ग्राहकसँग कुनै पनि प्रकारको अतिरिक्त शुल्क लिन नपाउने व्यवस्था मिलाउनुपर्ने छ ।

(४) नेपाल सरकार, राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मा आबद्ध भएका भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेट मार्फत गरिने राजस्व भुक्तानीसम्बन्धी कारोबारमा सम्बन्धित सेवा प्रदायकले अधिकतम देहायबमोजिमको शुल्क लिन सक्नेछन् ।

| क्र.सं. | कारोबार रकम | प्रति कारोबार अधिकतम सेवा शुल्क |
|---|---|---|
| १. | रु.५,००० सम्म | रु.५ |
| २. | रु.५,००१ देखि रु.१०,००० सम्म | रु.८ |
| ३. | रु.१०,००१ देखि माथि | रु.१० |

(५) बैंक तथा वित्तीय संस्थाका ग्राहकहरूले मोवाइल एप्लिकेशन (App) वा इन्टरनेट बैंकिङ्ग मार्फत विद्युतीय रकमान्तर Inter Bank Fund Transfer (IBFT) गर्दा सेवा प्रदायकहरूले प्रति कारोबार अधिकतम रु.१० सम्म सेवा शुल्क लिन सक्नेछन् ।

(६) **विद्युतीय वालेटमार्फत कारोबार गर्दा सम्बन्धित सेवा प्रदायकले ग्राहकसँग प्रति कारोबार अधिकतम देहायबमोजिम शुल्क लिन सक्नेछन् :**

| **क्र.सं.** | **कारोबारको विवरण** | **रकम** | **शुल्क** |
|---|---|---|---|
| १. | **आधिकारिक प्रतिनिधि**मार्फत वालेटमा रकम लोड गर्न र झिक्न | रु.५,०००।- सम्म | रु.५ |
| | | रु.५,००१ देखि १५,०००।- सम्म | रु.१५ |
| | | रु.१५,००१ देखि २५,०००।- सम्म | रु.२५ |
| २. | वालेटबाट बैंकमा रकमान्तर गर्न | | रु.१० |

(७) Real Time Gross Settlement (RTGS) मार्फत कारोबार गर्दा देहायबमोजिम शुल्क लाग्नेछ ।

| **क्र.सं.** | **कारोबार समय** | **शुल्क** |
|---|---|---|
| १. | Morning Exchange period | रु.१० |
| २. | Afternoon Exchange period | रु.२० |
| ३. | Evening Exchange Period | रु.१०० |

## ७. खारेजी र बचाऊ

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को विद्युतीय माध्यमबाट गरिने कारोबार सीमा तथा शुल्कसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ५/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा. निर्देशन नं. ६/०८१**

**वार्षिक वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपुर्व स्वीकृति लिनेसम्बन्धी व्यवस्था**

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने (बैंक तथा वित्तीय संस्था बाहेक) संस्थाहरूलाई वार्षिक वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपूर्व स्वीकृति लिनेसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाहरूले वार्षिक वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपूर्व अपनाउनुपर्ने प्रक्रियागत व्यवस्था

(१) संस्थाको सञ्चालक समितिबाट प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी सोको विवरण यस बैंकको Supervisory Information System (SIS) मा अद्यावधिक गर्नुपर्ने छ ।

(२) संस्थाको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण फरक-फरक व्यक्ति, फर्म, कम्पनी वा साझेदार मार्फत गर्नुपर्नेछ । साथै, एउटै व्यक्ति, फर्म, कम्पनी वा साझेदारलाई तीन (३) पटक भन्दा बढीको लागि लेखापरीक्षकमा नियुक्त गर्न पाइने छैन ।

(३) अनुमतिपत्रप्राप्त संस्थाहरूले साउन १ देखि अर्को वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रूपमा मान्नुपर्नेछ । तर, संस्था स्थापना भएको पहिलो वर्ष स्थापना मितिदेखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रूपमा मान्नुपर्ने छ ।

(४) अनुमतिपत्रप्राप्त संस्थाहरूले प्रचलित लेखामान/लेखापरीक्षणमानहरूको प्रयोग गरी लेखापरीक्षण गराउनुपर्ने छ ।

(५) अनुमतिपत्रप्राप्त संस्थाहरूले आर्थिक वर्ष समाप्त भएको चार (४) महिना भित्रमा लेखापरीक्षण सम्पन्न गर्नुपर्ने छ । उक्त लेखापरीक्षण प्रतिवेदन संस्थाको सञ्चालक समितिमार्फत निर्णय गरी १ महिना भित्र यस बैंकमा पेश गर्नुपर्ने छ ।

(६) संस्थाले लेखापरीक्षण गर्दा आर्थिक विवरणको अतिरिक्त विद्यमान नीतिगत व्यवस्था र यस बैंकबाट दिइएका निर्देशन पालनाको अवस्था, संस्थागत सुशासनसम्बन्धी नीतिगत व्यवस्थाहरू, प्रमुख जोखिम पहिचान तथा सोको न्यूनीकरण गर्न गरिएका व्यवस्थाहरू, **सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण/न्यूनीकरण गर्न गरिएका व्यवस्थाहरु** र लेखा नीतिहरूको समेत प्रचलित मान्यता अनुसार विश्लेषण गरी पेश गर्नुपर्ने छ । साथै, यस बैंकको निर्देशनबमोजिम गरिएको System Audit मा देखिएका कैफियतसम्बन्धमा समेत लेखापरीक्षकले परीक्षण गर्नुपर्ने छ ।

२. यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाहरूले वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपूर्व प्रचलित लेखामानमा तोकिएका लगायत देहायबमोजिमको विवरणहरू यस बैंकमा पेश गरी स्वीकृति लिनुपर्ने छ :

(१) संस्थाको नाफा नोक्सान विवरण, वासलात, नगद प्रवाह विवरण, इक्विटिमा परिवर्तनको विवरण तथा वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरू,

(२) लेखापरीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिक्रिया (Management Letter), लेखापरीक्षण प्रतिवेदन स्वीकृतिका लागि यस बैंकमा पेश गर्न संस्थाको सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(३) भुक्तानी सेवा प्रदायकको हकमा असार मसान्तको दिन संस्थाको वालेटमा देखिएको इ-मनी मौज्दात तथा सेटलमेन्ट खातामा रहेको मौज्दात र हिसाबमिलान विवरण,

(४) भुक्तानी तथा फर्स्यौट ऐन तथा विनियमावलीमा उल्लिखित विवरणहरूका अतिरिक्त देहायबमोजिमको विवरण समावेश भएको संस्थाको वार्षिक आर्थिक कारोबार/गतिविधिको संक्षिप्त प्रतिवेदन :

(क) संस्थाबाट उपलब्ध गराइएका सेवाहरू,

(ख) सञ्चालक समितिको विवरण, र

(ग) प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापकीय समूहको विवरण

(५) वित्तीय विवरण प्रकाशनको स्वीकृति माग गर्दा लाभांश (नगद तथा बोनस) वितरण गर्ने भए सोको प्रस्ताव समेत खुलाई संचालक समितिको निर्णय समेत समावेश गरी पेश गर्नुपर्ने छ ।

## ३. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को वार्षिक वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपुर्व स्वीकृति लिनेसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ६/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### अ.प्रा. निर्देशन नं. ७/०८१

## RTGS System सञ्चालनसम्बन्धी व्यवस्था

यस बैंकबाट सञ्चालित Real Time Gross Settlement (RTGS) System बाट भुक्तानी कारोबार फर्स्यौट गर्नेसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. Direct Participant भएका बैंक तथा वित्तीय संस्थाले Straight Through Processing (STP) मार्फत कारोबार सञ्चालन गर्नुपर्ने छ ।

२. RTGS System द्वारा कारोबार फर्स्यौट हुने क्रममा RTGS Settlement Account मा मौज्दात नपुग भई तत्काल भुक्तानी हुन नसक्ने अवस्था आएमा सदस्य बैंक वा वित्तीय संस्थालाई तत्काल आवश्यक पर्ने तरलता (ऋण) सम्बन्धी व्यवस्था तोकिएको कार्यविधिबमोजिम हुनेछ ।

३. **RTGS प्रणाली मार्फत हुने कारोबारको न्यूनतम सीमा र अनिवार्य रुपमा RTGS प्रयोग गर्नुपर्ने कारोबारको प्रकार तथा सीमा RTGS System Rules, 2019 ले तोकेबमोजिम हुनेछ । तर, RTGS System Rules, 2019 ले तोकेबमोजिमको कारोबारको सीमा वा सोभन्दा बढी रकमका चेकहरूको भुक्तानी अर्को सूचना जारी नभए सम्मको लागि साविकबमोजिम हुनेछ ।**

४. RTGS प्रणालीमा आबद्ध Direct Participant ले प्रणाली र कारोबारको सुरक्षासम्बन्धमा यस बैंकबाट जारी सूचना प्रविधि नीति, सुचना प्रविधि मार्गदर्शन, निर्देशनका अतिरिक्त देहायबमोजिमको व्यवस्था गर्नुपर्ने छ :

(१) RTGS प्रणाली सम्बद्ध Server, Network Connectivity, RTGS Middleware/Interface Application & Platforms, eTokens, Digital Signature तथा Username/Password को स्वामित्व लगायतका भौतिक तथा प्राविधिक संरचनाको सुरक्षा व्यवस्था मिलाउनुपर्ने छ ।

(२) सहभागी संस्थाले कारोबार Digital Signature लगायतको मापदण्ड पालना गरी पठाउने तथा संस्थामा प्राप्त हुने कारोबार समेत Digital Signature Verification गरेर मात्र स्वीकार हुने व्यवस्था मिलाउनुपर्ने छ ।

५. RTGS प्रणालीमा आबद्ध Direct Participant ले प्रणाली मार्फत हुने कारोबारका सम्बन्धमा देहायबमोजिमको व्यवस्था गर्नुपर्ने छ :

(१) सहभागी संस्थाले कुनै प्राविधिक कारणबस RTGS सम्बद्ध प्रणालीमा समस्या आई कारोबार फछ्र्यौट नहुने अवस्था आएमा सोको बारेमा प्रणाली पुनः सञ्चालन हुन लाग्ने अनुमानित समय सहित उपयुक्त माध्यमबाट यस बैंक तथा सहभागी संस्थालाई जानकारी

उपलब्ध गराउनुपर्ने छ । साथै, प्रणाली पुनः सञ्चालनमा आएपश्चात् सोको जानकारी समेत उपलब्ध गराउनुपर्ने छ ।

(२) RTGS प्रणालीमार्फत हुने आफ्नो संस्था सम्बद्ध डेबिट, क्रेडिट लगायतका सबै कारोबारको नियमित अनुगमनको व्यवस्था मिलाउनुपर्ने छ ।

(३) Direct Participant का रुपमा RTGS प्रणालीमा आबद्ध नभएका संस्थालाई Single Customer Transfer Payments (pacs.008), तथा नेपाल राष्ट्र बैंकलाई Interbank Payments (pacs.009) सँग सम्बन्धित कारोबार नगर्ने व्यवस्था गर्नुपर्ने छ ।

(४) हालसम्म सोझै RTGS कारोबार Initiate गर्ने सुविधा नरहेका शाखामा ग्राहकको माग, सुरक्षा व्यवस्था र आवश्यकताका आधारमा यथासम्भव शाखाले नै सोझै कारोबार प्रविष्टि गर्ने व्यवस्था गर्नुपर्ने छ । बैंक तथा वित्तीय संस्थाहरूले RTGS मार्फत Customer Transfer (Pacs.008) Payments सँग सम्बन्धित कारोबारहरू गर्दा सो कारोबार गर्ने ग्राहकको नाम र Transaction ID/Reference No. रकम प्राप्त गर्ने ग्राहकले जानकारी प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(५) Direct Participant Member रहेका संस्थाले Indirect participant अर्थात Participant Member नरहेका संस्थासँग RTGS मार्फत कारोबार गरेमा उक्त कारोबारको यथाशीघ्र उपयुक्त माध्यमबाट सम्बन्धित संस्थालाई जानकारी गराउनुपर्ने छ ।

(६) **RTGS प्रणालीमा आवद्ध भएका बैंक तथा वित्तीय संस्थाहरुले कारोबार फर्स्यौटको लागि सन्देश पठाउँदा RTGS प्रणालीको तोकिएको Field मा कारोबारको प्रयोजन अनिवार्य रुपमा प्रविष्ट हुने व्यवस्था मिलाउनु पर्नेछ ।**

६. बैंक तथा वित्तीय संस्थाहरूले मोबाइल बैंकिङ्ग तथा इन्टरनेट बैंकिङ्गमा पर्याप्त सुरक्षाको प्रत्याभुति गर्दै कम्तीमा पनि Three-Factor Authentication को व्यवस्था गरी उक्त सेवामार्फत ग्राहकबाट RTGS कारोबारको Instruction प्राप्त गर्ने र RTGS प्रणालीमा कारोबार Forward गर्ने व्यवस्था मिलाउन सक्नेछन् ।

७. RTGS System मा हालसम्म Participant नभएका इजाजतपत्रप्राप्त “ख” र “ग” वर्गका वित्तीय संस्थाहरूको लागि देहायबमोजिमको व्यवस्था गरिएको छ ।

(१) Nepal Clearing House मार्फत हुने Deferred Net Settlement (DNS) Files लाई RTGS System मा Settlement गर्ने व्यवस्था गरिएको हुँदा वित्तीय संस्थाहरूले RTGS System Rules, 2019 को Appendix-3 अनुसारको निवेदन यस बैंकको भुक्तानी प्रणाली विभागमा पेश गर्नुपर्ने छ । सोको जानकारी नेपाल क्लियरिङ हाउस लि.लाई समेत दिनुपर्ने छ ।

(२) वित्तीय संस्थाहरूले Direct Participant हुनको लागि RTGS System Rules मा भएको व्यवस्था अनुसार आवेदन दिनुपर्ने छ ।

(३) RTGS Participant Member नभएसम्मका लागि High Value Threshold भन्दा बढीको कारोबार RTGS बाहेकका अन्य माध्यमबाट गर्न सक्नेछन् ।

(४) वित्तीय संस्थाको यस बैंकमा रहेको खातामा Direct Participant को तर्फबाट RTGS System द्वारा भएको दैनिक कारोबारको Report वित्तीय संस्थाले माग गरेमा यस बैंकबाट उपलब्ध गराईनेछ ।

## ८. खारेजी र बचाऊ

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को RTGS System सञ्चालनसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ७/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### अ.प्रा. निर्देशन नं. ८/०८१

### शाखारहित बैंकिङ्ग सेवा तथा आधिकारिक प्रतिनिधिसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाहरूलाई शाखारहित बैंकिङ्ग सेवा तथा आधिकारिक प्रतिनिधिसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

**(क) शाखारहित बैंकिङ्ग सेवा (Branchless Banking)**

**१. शाखारहित बैंकिङ्ग सेवा सञ्चालनसम्बन्धी व्यवस्था**

(१) बैंक तथा वित्तीय संस्थाले संस्था स्वयम् वा संस्थाद्वारा नियुक्त व्यावसायिक आधिकारिक प्रतिनिधि (एजेन्ट) मार्फत समेत शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्न सक्नेछन् ।

(२) बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा खाता भएका ग्राहकहरूलाई संस्था स्वयम् वा संस्थाद्वारा नियुक्त व्यावसायिक आधिकारिक प्रतिनिधि (एजेन्ट) को सहायताले Point of Transaction मेसिनको माध्यमबाट कार्ड प्रयोग गरी महानगरपालिका/उपमहानगरपालिका बाहेकका क्षेत्रमा देहायबमोजिमको शाखारहित बैंकिङ्ग सेवाहरू प्रदान गर्न सक्नेछन् :

(क) खातामा नगद जम्मा गर्ने, भुक्तानी प्रदान गर्ने र रकमान्तर गर्ने,

(ख) ग्राहकको खाताको मौज्दात वा कारोबार विवरण (स्टेटमेन्ट) प्रदान गर्ने र

(ग) स्वीकृत कर्जा रकम भुक्तानी दिने तथा किस्ता रकम जम्मा गर्ने ।

(३) शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्न सञ्चालक समितिबाट सोसम्बन्धी नीतिगत व्यवस्था पारित गर्नुपर्ने छ र सोसम्बन्धी प्रक्रियागत व्यवस्था संस्थाले गरेको हुनुपर्ने छ ।

(४) बैंक तथा वित्तीय संस्थाले शाखारहित बैंकिङ सेवा सञ्चालन गर्दा देहायका कागजात ठीक दुरुस्त रुपमा राखी अभिलेख गरेको विवरणसहित भुक्तानी प्रणाली विभागलाई जानकारी गराउनुपर्ने छ :

(क) प्राविधिक पूर्वाधार (Hardware, Software, Data Communication/Transmission Mechanism) सम्बन्धी विवरण,

(ख) प्रतिनिधिमार्फत सञ्चालन गर्ने भएमा त्यस्तो प्रतिनिधि छनौटका आधारहरू, छनौट गरिएको प्रतिनिधिसँग हुने सम्झौतापत्र तथा उक्त प्रतिनिधिलाई दिइने तालिम आदिसम्बन्धमा भएको व्यवस्था,

(ग) शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्ने स्थानको सुरक्षा र नगदको बीमासम्बन्धमा भएका व्यवस्था,

(घ) विद्यमान सञ्चार साधन (PSTN, Cellular Communications) का Industry Standard Security Features,

(ङ) शाखारहित बैंकिङ्ग सेवा सञ्चालनको कार्यक्षेत्र र सम्बन्धित शाखाको विवरण,

(च) भुक्तानीसम्बन्धी उत्पन्न विवाद समाधान गर्नेसम्बन्धी प्रावधान, जिम्मेवारी तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्थाहरू र

(छ) सम्पत्ति शुद्धीकरण तथा आतंककारी गतिविधिमा वित्तीय लगानी नियन्त्रणको लागि अपनाइने व्यवस्था ।

(५) बैंक तथा वित्तीय संस्थाले आफ्नो Website मा शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्न नियुक्त गरेको व्यावसायिक आधिकारिक प्रतिनिधि (एजेन्ट) को सूची राख्नुपर्ने छ र त्यस्तो सूची मासिक रुपमा अद्यावधिक गर्नुपर्ने छ ।

(६) इजाजतपत्रप्राप्त संस्थाहरूले शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्दा देहायबमोजिमका व्यवस्था मिलाउनुपर्ने छ ।

(क) शाखारहित बैंकिङ्ग सेवा उपभोग गर्न इच्छुक ग्राहकसँग बैंक तथा वित्तीय संस्थाले लिखित आवेदन लिनुपर्ने छ ।

(ख) ग्राहकले गरेको प्रत्येक कारोबारको प्रभाव यथाशीघ्र ग्राहकको खातामा देखिने गरी अभिलेख सुरक्षित गरी राख्ने र कारोबारको गोपनीयता कायम हुने व्यवस्था गर्नुपर्ने छ ।

(ग) शाखारहित बैंकिङ्ग सेवासम्बन्धी कारोबार नेपाली रूपैयाँमा मात्र गर्नुपर्ने छ ।

(घ) ग्राहकलाई स्पष्ट र सरल नेपाली भाषामा सेवासम्बन्धी आवश्यक जानकारी प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।

(ङ) कारोबार सम्पन्न गरेपछि ग्राहकले स्पष्ट बुझ्ने गरी सोको जानकारी प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(च) यस्तो कारोबारसम्बन्धी जोखिमको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित बैंक तथा वित्तीय संस्थाको हुनेछ ।

(छ) प्रचलित कानुन, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण तथा यस बैंकबाट जारी निर्देशनको अधीनमा रही शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्नुपर्ने छ ।

## २. बैंक/वित्तीय संस्था र ग्राहकबीचको सम्झौता

यस निर्देशनमा उल्लिखित शाखारहित बैंकिङ्ग कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाले कम्तीमा देहायका बिषयहरू स्पष्ट गरी ग्राहकसँग लिखित सम्झौता गर्नुपर्ने छ ।

(१) सम्झौता सजिलै बुझिने गरी स्पष्ट र दोहोरो अर्थ नलाग्ने गरी नेपाली भाषामा लेखिएको हुनुपर्नेछ । कुनै ग्राहकले यस्तो सम्झौता अंग्रेजी भाषामा गर्न चाहेमा सो गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) शाखारहित बैंकिङ्ग सेवा प्रदायक बैंक तथा वित्तीय संस्था र सेवा प्रदान गर्ने अख्तियार प्राप्त अभिकर्ताबीच तथा सेवा प्रदायक र ग्राहकबीचको कारोबारवापत् लाग्ने शुल्कसम्बन्धी जानकारी ग्राहकलाई गराउनुपर्ने छ ।

(३) ग्राहकलाई के कति समय यी सेवाहरू उपलब्ध हुन सक्छन् भन्ने व्यहोराको साथै कुनै परिस्थितिवश सेवा प्रदान गर्न नसकिने अवस्थामा सोको जानकारी प्रदान गर्नुपर्ने छ ।

(४) सेवा प्रदायक बैंक वा वित्तीय संस्थाको कमीकमजोरी वा गल्तीका कारण ग्राहकलाई हुने नोक्सानी र ग्राहकको कमीकमजोरीबाट बैंक तथा वित्तीय संस्थालाई हुन जाने नोक्सानीको क्षतिपूर्तिसम्बन्धमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

(५) कारोबारमा निहित जोखिमलाई कम गर्न आवश्यक उपायहरू जस्तैः वेबसाईटको प्रयोग, PoS/PoT मेसिन, ID, पासवर्ड, पासवर्ड परिवर्तन लगायतका विशेषता र सुरक्षाका लागि अवलम्बन गर्नुपर्ने विशेष व्यवस्थाहरू उल्लेख हुनुपर्ने छ ।

(६) ग्राहकको कारोबारसम्बन्धी गोपनीयता र सार्वजनिक गर्न सकिने जानकारीहरू उल्लेख हुनुपर्ने छ ।

(७) ग्राहकसँग गरिएको कारोबारको जानकारी वा सूचना प्रचलित कानूनबमोजिम बाहेक अन्य तेस्रो पक्षलाई सार्वजनिक नगरिने प्रतिबद्धता व्यक्त भएको हुनुपर्ने छ ।

(८) ग्राहकबाट सेवासम्बन्धमा आएका गुनासा तथा समस्याहरूलाई समाधान गर्ने प्रक्रिया र सम्बन्धित अधिकारीको व्यवस्था हुनुपर्ने छ ।

(९) लामो समयसम्म सेवा नलिएका ग्राहकहरूको सेवा निष्क्रिय हुने वा नहुनेसम्बन्धमा उल्लेख हुनुपर्ने छ ।

(१०) ग्राहकले सार्वजनिक कम्प्युटर वा अन्तर्राष्ट्रिय नेटवर्क प्रयोग गरी कारोबार गर्दा उत्पन्न हुने जोखिमसम्बन्धी कुरा स्पष्ट रूपमा उल्लेख हुनुपर्ने छ ।

(११) बैंक तथा वित्तीय संस्था वा ग्राहकको तर्फबाट कुनै पनि शर्त वा सम्झौताको उल्लङ्घन हुन गएमा बहन गर्नुपर्ने दायित्व वा कारबाहीसम्बन्धी व्यवस्था स्पष्ट रूपमा उल्लेख हुनुपर्ने छ ।

**३. आधिकारिक व्यावसायिक प्रतिनिधिसँगको सम्झौतासम्बन्धमा**

यस निर्देशनमा उल्लिखित शाखारहित बैंकिङ्ग सेवा स्वयम् संस्थाद्वारा नियुक्त आधिकारिक व्यावसायिक प्रतिनिधिमार्फत सञ्चालन गर्ने प्रयोजनको लागि गरिने दुई पक्षबीचको सम्झौतामा अन्य विषयहरूका अतिरिक्त देहायका विषयहरूमा स्पष्ट उल्लेख हुनुपर्ने छ ।

(१) सेवा प्रदायक बैंक तथा वित्तीय संस्था, आधिकारिक व्यावसायिक प्रतिनिधि र ग्राहकको क्षेत्राधिकार, काम, कर्तव्य र उत्तरदायित्व, ग्राहकबाट प्राप्त शुल्क तथा आयको बाँडफाँड ।

(२) बैंक वा वित्तीय संस्थाले आफू र एजेन्टबीच कुनै पनि अवरोध सिर्जना भई अधिक जोखिम उत्पन्न हुने अवस्थाबाट सतर्क रहन तयार गरिएको आकस्मिक योजना ।

(३) गुनासो सुनुवाई, विवाद समाधान र भुक्तानीसम्बन्धी समस्या समाधानको अन्तिम जिम्मेवारी ।

(४) कारोबारलाई सुरक्षित र भरपर्दो बनाउने विषय जस्तै सफ्टवेयर, वेबसाईटको सुरक्षा, ग्राहकको ID र पासवर्ड तथा सोको परिवर्तन आदि ।

(५) नियमनकारी निकाय वा तोकिएको अधिकारीबाट गरिने निरीक्षण तथा सुपरिवेक्षण अन्तर्गत आवश्यक तथ्याङ्क, विवरण, सूचना तथा कागजात उपलब्ध गराउने विषय ।

(६) सम्झौताको अवधि, सम्झौता नवीकरण तथा सम्झौता संशोधनको व्यवस्था ।

(७) बैंक वा वित्तीय संस्थाले आधिकारिक प्रतिनिधिमार्फत सेवा प्रवाह गर्न सम्झौता गर्दा अन्य बैंक वा वित्तीय संस्थाको आधिकारिक प्रतिनिधि भई काम गर्न प्रतिवन्ध लगाउने गरी - Exclusivity सम्बन्धी) शर्त राखेर सम्झौता गर्न पाइने छैन ।

४. **प्रतिनिधि छनौटसम्बन्धी व्यवस्था**

बैंक तथा वित्तीय संस्थाले यस निर्देशनमा उल्लेख भएबमोजिमका कार्यहरू स्वयम् संस्थाद्वारा नियुक्त प्रतिनिधिमार्फत गराउने भएमा त्यस्तो प्रतिनिधि छनौट गर्दा देहायबमोजिम सक्षमता परीक्षण गर्नुपर्ने छ :

(१) शाखारहित बैंकिङ्ग कारोबारसम्बन्धी सेवा सञ्चालन गर्दा उत्पन्न हुन सक्ने विभिन्न प्रकारका जोखिमलाई पूर्ण व्यवस्थापन गर्न सक्षम प्रतिनिधिको पहिचान गर्ने संयन्त्रको विकास गर्नुपर्ने छ । सम्भावित जोखिमलाई कम गर्नका लागि प्रभावकारी र प्रमाणयोग्य प्रक्रिया संस्था आफैँले अवलम्बन गर्नुपर्ने छ ।

(२) कुनै पनि नयाँ प्रतिनिधि चयन गर्नुअघि न्यूनतम आधारभूत मापदण्ड तथा चयन प्रक्रिया तय गर्नुपर्ने छ ।

(३) प्रतिनिधिको प्रभावकारी व्यवस्थापनका लागि सम्बन्धित बैंक वा वित्तीय संस्थाद्वारा निश्चित समयको अन्तरालमा प्रतिनिधिको कार्यसम्पादनको परीक्षण गर्ने व्यवस्था गर्नुपर्ने छ । यसका लागि अग्रिम रूपमा चेतावनीको पूर्व संकेत (Early Warning Signal) तय गरी सुधारका उपायहरू अवलम्बन गर्नुपर्ने छ ।

(४) प्रतिनिधि चयन गर्दा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थासँगको कारोबारमा कालोसूचीमा नपरेको वा परेको भए फुकुवा भएको कम्तीमा ३ वर्ष पूरा भएको स्व:घोषणा लिनु पर्नेछ ।

५. **तेस्रो पक्ष सेवा प्रदायकको प्रयोग**

शाखारहित बैंकिङ्ग कारोबारका लागि आवश्यक प्राविधिक सेवा उपयोग गर्न यस्तो सेवा प्रदान गर्ने तेस्रो पक्षसँग अलग्गै सम्झौता गर्नुपर्ने छ । यस्तो सेवा प्रदान गर्ने सिलसिलामा Operator लगायत यस बैंकले इजाजतपत्र/अनुमतिपत्र नदिएका अन्य पक्षहरूको समेत यस बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्ने व्यवस्था त्यस्तो सम्झौतामा खुलाउनु पर्नेछ । तेस्रो पक्ष चयन गर्नुअघि न्यूनतम आधारभूत मापदण्ड तथा चयन प्रक्रिया तय गर्नुपर्ने छ । प्राविधिक सेवा प्रदायकसँग सम्झौता गर्दा प्रविधिमा आएको समस्याबाट बैंक/वित्तीय संस्था तथा ग्राहकलाई पुग्न जाने क्षति र सोको क्षतिपूर्ति गर्ने व्यवस्थालगायत त्यस्तो कम्पनीको काम, कर्तव्य र अधिकारसमेत स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

६. शाखारहित बैंकिङ्ग सेवा बन्द गर्न यस बैंकको स्वीकृति लिनुपर्ने छ । उक्त सेवा बन्द गर्न न्यूनतम देहायको अवस्था पूरा भएको हुनुपर्ने छ :

(१) कम्तीमा ६ महिनादेखि सेवा सञ्चालन नभएको, र

(२) **शाखारहित बैंकिङ्ग सेवा बन्द गर्न प्रस्ताव गरिएको क्षेत्रमा करिब ५ कि. मि. वरिपरि क, ख तथा ग वर्गका** बैंक तथा वित्तीय संस्था वा अन्य शाखारहित बैंकिङ्ग सेवा सञ्चालन भई वित्तीय पहुँचको वैकल्पिक व्यवस्था भएको ।

तर तत्काल सेवा बन्द नगर्दा ग्राहकहितमा नकारात्मक असर पर्न सक्ने स्थिति सृजना भएमा सोको कारण खोली जुनसुकै शाखारहित बैंकिङ्ग सेवा बन्द गर्ने स्वीकृतिका लागि निवेदन पेश गर्न सकिनेछ ।

**(ख) आधिकारिक प्रतिनिधिसम्बन्धी व्यवस्था**

**यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था बाहेकका भुक्तानी सेवा प्रदायक संस्थाको आधिकारिक प्रतिनिधि (Authorized Representative) सम्बन्धी व्यवस्था :**

१. **आधिकारिक प्रतिनिधिमार्फत भुक्तानीसम्बन्धी सेवा सञ्चालन गर्नेसम्बन्धमा भुक्तानी सेवा प्रदायक संस्थाको सञ्चालक समितिबाट नीतिगत व्यवस्था गरी भुक्तानी सेवा प्रदायक संस्थाले आधिकारिक प्रतिनिधि नियुक्त गरी भुक्तानीसम्बन्धी सेवा प्रदान गर्न सक्नेछन् ।**

**यस निर्देशनको प्रयोजनको लागि**

**'आधिकारिक प्रतिनिधि' भन्नाले यस निर्देशनको बुँदा (ख) को उपबुँदा १ बमोजिम यस बैंकबाट भुक्तानी सेवा प्रदायकको अनुमतिपत्रप्राप्त संस्थाले नियुक्त गरेको आधिकारिक प्रतिनिधि सम्झनु पर्दछ । यसले भुक्तानी तथा फछ्र्यौट विनियमावली (पहिलो संशोधन, २०८०), २०७७ को विनियम ४० मा उल्लेख गरिएको एजेन्ट समेतलाई बुझाउँछ ।**

२. **आधिकारिक प्रतिनिधिको कागजात तथा विवरणसम्बन्धी व्यवस्था**

**उपबुदाँ १ मा भएको व्यवस्था बमोजिम नियुक्त हुने आधिकारिक प्रतिनिधिसँग सम्झौता गर्दा कम्तीमा देहायका कागजात तथा विवरण लिनुपर्ने छ :-**

क) नाम, ठेगाना, व्यवसायको प्रकृति, कारोबार गर्ने भौगोलिक क्षेत्रलगायतका विस्तृत व्यावसयिक तथा व्यक्तिगत विवरण ।

ख) कम्पनी दर्ता/व्यवसाय दर्ताको अद्यावधिक प्रमाण ।

ग) स्थायी लेखा नम्बरको प्रमाण ।

घ) संस्थापक/सञ्चालकको नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि ।

ङ) सम्पर्क ठेगाना (मोबाइल नं र इमेल ठेगाना समेत) ।

च) बैंक वा वित्तीय संस्थासँगको कारोबारमा कालोसूचीमा नपरेको प्रमाण वा परेको भए फुकुवा भएको कम्तीमा ३ वर्ष पूरा भएको स्वःघोषणा ।

छ) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (**Criminal Record**) नदेखिएको वा देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतित भएको विवरण ।

ज) सम्पत्ति शुद्धीकरण र आतङ्कवादी कार्यमा वित्तीय लगानीको क्रियाकलापमा संलग्न नरहेको स्वःघोषणा ।

३. भुक्तानी सेवा प्रदायक संस्थाले आधिकारिक प्रतिनिधिमार्फत भुक्तानीसम्बन्धी सेवा प्रवाह गर्दा आधिकारिक प्रतिनिधि छनौटको लागि सक्षमता परीक्षण गरी दुई पक्षबीच सम्झौता गरेको हुनुपर्ने छ । यसरी सम्झौता गर्दा अन्य भुक्तानी सेवा प्रदायक संस्थाको आधिकारिक प्रतिनिधि भई काम गर्न प्रतिबन्ध लगाउने गरी (**Exclusivity** सम्बन्धी) शर्त राखेर सम्झौता गर्न पाइने छैन ।

४. भुक्तानीसम्बन्धी सेवा प्रवाह गर्न नियुक्त गरिएका आधिकारिक प्रतिनिधिको निगरानी गर्ने जिम्मेवारी भुक्तानी सेवा प्रदायक संस्थाको हुनेछ । आधिकारिक प्रतिनिधिद्वारा ग्राहकलाई प्रदान गरिने सम्पूर्ण भुक्तानीसम्बन्धी सेवाको अन्तिम जिम्मेवारी भुक्तानी सेवा प्रदायक संस्था स्वयंको हुनेछ । आधिकारिक प्रतिनिधिले सब-एजेन्ट वा कुनै प्रतिनिधि नियुक्त गर्न पाउने छैन ।

यो निर्देशन जारी (मिति २०८१/०८/१८) हुनु अघि भुक्तानी सेवा प्रदायकका आधिकारिक प्रतिनिधिसंग आबद्ध सबएजेन्ट/प्रतिनिधिलाई यो व्यवस्था लागु भएको ३ महिनाभित्र भुक्तानी सेवा प्रदायकका आधिकारिक प्रतिनिधिको रुपमा परिणत गरिसक्नु पर्ने वा सम्झौता रद्द गरी यस्तो सेवा बन्द गर्नुपर्ने छ । यसरी आधिकारिक प्रतिनिधिमा परिणत भएका वा सेवा बन्द भएका सब एजेन्ट/प्रतिनिधिको विवरण विभागमा पेश गर्नुपर्ने छ ।

५. भुक्तानी सेवा प्रदायक संस्थाले नियुक्त गरेको आधिकारिक प्रतिनिधिले देहायबमोजिमको भुक्तानीसम्बन्धी सेवा प्रदान गर्न सक्नेछ :

(१) ग्राहकका वालेट वा प्रि-पेड कार्ड जस्ता भुक्तानी उपकरणमा नगद जम्मा गर्ने वा भुक्तानी गर्ने ।

तर, आफ्नो बैंक खातामा वा भुक्तानी सेवा प्रदायकको बैंक खातामा नगद जम्मा गराई आफ्नो वालेट खर्च गरी बैंक खातामा वा ग्राहक बाहेक अन्य व्यक्तिको वालेट खातामा रकम जम्मा गर्न पाइने छैन ।

(२) ग्राहकको तर्फबाट खानेपानी, बिजुली, इन्टरनेट, मोबाइल रिचार्ज जस्ता सेवा वापतको बिल भुक्तानी एवं सरकारी सेवा वापतको शुल्क वा कर भुक्तानीको लागि सहजीकरण गर्ने ।

(३) ग्राहकको वालेटको मौज्दात तथा कारोबारको विवरण प्रदान गर्ने ।

(४) प्रचलित कानूनको पालना गरी सुरक्षित तवरले विद्युतीय ग्राहक विवरण (e-KYC) लिने तथा उक्त विवरण अद्यावधिक गर्ने र रिमोट अनबोर्डिङ गरी ग्राहकको वालेट खाता खोलिदिने ।

(५) यस बैंकले समय समयमा निर्देशन दिएका अन्य सेवाहरू प्रदान गर्ने ।

यस्तो सेवा प्रदान गर्दा अनिवार्यरुपमा वालेट खाताको प्रयोग गर्नुपर्ने छ । आधिकारिक प्रतिनिधिले आफ्नो वालेटमा रकम जम्मा गर्दा अनिवार्य रुपमा बैंक खाताको प्रयोग गर्नुपर्ने छ ।

<u>यस निर्देशनको प्रयोजनको लागि</u>

'ग्राहक' भन्नाले भुक्तानी सेवा प्रदायक संस्थाले जारी गरेका वालेट तथा प्रिपेड कार्ड प्रयोग गर्ने व्यक्ति तथा संस्था सम्झनु पर्दछ ।

६. बुँदा नं. ५ मा उल्लिखित सेवा प्रदान गर्दा सेवाग्राहीबाट कुनै पनि अतिरिक्त शुल्क लिन पाइने छैन ।

७. आधिकारिक प्रतिनिधिको लागि भुक्तानी सेवा प्रदायक संस्थाले तालिम तथा सचेतना अभिवृद्धिका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

८. भुक्तानी सेवा प्रदायक संस्थाले नियुक्त गरेको आधिकारिक प्रतिनिधिले सेवा बन्द गर्न सक्ने अवस्थालाई ध्यानमा राखी सेवाको निरन्तरताको लागि व्यावसायिक निरन्तरता योजना (Business Continuity Plan) तयार गर्नुपर्ने छ ।

९. भुक्तानी सेवा प्रदायक संस्थाले आधिकारिक प्रतिनिधि नियुक्त गर्दा वित्तीय पहुँच कम भएका स्थानलाई प्राथमिकता दिनुपर्ने छ ।

१०. भुक्तानी सेवा प्रदायक संस्थाले आफ्नो वेबसाइटमा आधिकारिक प्रतिनिधिको सूची मासिक रुपमा अद्यावधिक हुनेगरी राख्नुपर्ने छ ।

११. भुक्तानी सेवा प्रदायक संस्थाले मासिक रुपमा बढी कारोबार गर्ने १०० वटा आधिकारिक प्रतिनिधिको वालेट मौज्दात तथा कारोबारको विवरण अनुसूची १०.१.९ को ढाँचामा यस विभागमा पेश गर्नुपर्ने छ ।

१२. भुक्तानी सेवा प्रदायक संस्थाले मर्चेन्ट तथा आधिकारिक प्रतिनिधिमार्फत भएका कारोबारको विवरण छुट्टाछुट्टै राख्नुपर्ने छ ।

**<u>यस निर्देशनको प्रयोजनको लागि</u>**

**'मर्चेन्ट' भन्नाले विभिन्न वस्तु तथा सेवा खरिदबिक्रि गरी भुक्तानी सेवा प्रदायकले उपलब्ध गराउने भुक्तानी उपकरणमार्फत भुक्तानी स्वीकार गर्ने फर्म/कम्पनी/संस्था सम्झनु पर्दछ।**

१३. **आधिकारिक प्रतिनिधि नियुक्त गर्दा संस्थाले सम्बन्धित पक्षको स्थलगत निरीक्षण गर्नुपर्ने छ।**

## (ग) खारेजी र बचाऊ

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को शाखारहित बैंकिङ्ग सेवा तथा आधिकारिक प्रतिनिधिसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ८/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### अ.प्रा. निर्देशन नं. ९/०८१

## Electronic Cheque Clearing सम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई Electronic Cheque Clearing सम्बन्धमा भुक्तानी तथा फर्स्योट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. **ECC को कारोबार सकिएपश्चात् सेटलमेन्टका लागि नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले इलेक्ट्रोनिक माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरूको खर्च वा जम्मा गर्ने रकमको अन्तिम सारांश (Net Clearing Position) यस बैंकको RTGS प्रणालीमा सेटलमेन्टको लागि पठाउनका लागि Electronic Cheque Clearing Operating Rules मा तोकिएबमोजिमको सत्रहरू सञ्चालन गरिने छ ।**

२. बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई चेक जारी गर्दा MICR चेक जारी गर्नुपर्ने छ । MICR चेकको MICR Code Line मा अनिवार्य Cheque Serial Number, Bank Code, Branch Code/Account Number Field हुनुपर्ने छ । Fully Compliant MICR चेक अवलम्बन गरेको बैंक तथा वित्तीय संस्थालाई सम्बन्धित प्रणाली सञ्चालकले तोकिएको शुल्कमा छुट प्रदान गर्न सक्नेछन् ।

३. बैंक तथा वित्तीय संस्थाले कार्यालय समयभित्र पेश हुन आएका क्लियरिङ्ग चेकहरूका हकमा सोही दिनमा नै ECC प्रणालीमा क्लियरिङ्गको लागि अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

४. ECC सेवा सञ्चालन Nepal ECC Rule Book, Nepal ECC Operating Manual/Cheque Standard & Specification मा उल्लेख भएका व्यवस्थाहरूको अधिनमा रही गर्नुपर्ने छ ।

५. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को Electronic Cheque Clearing सम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ९/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### अ.प्रा.निर्देशन नं.१०/०८१

### तथ्याङ्क विवरणसम्बन्धी व्यवस्था

विद्युतीय भुक्तानीको माध्यमबाट हुने कारोबारको मूल्याङ्कन तथा विश्लेषण गर्नुका साथै समयमै यथार्थपरक तथ्याङ्क विवरण उपलब्ध गराउनेसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. अनुमतिपत्रप्राप्त संस्थाले यस निर्देशनको अनुसूची १०.१ मा उल्लिखित विवरणहरू सोही अनुसूचीमा तोकिएको अवधिभित्र यस बैंकको Supervisory Information System (SIS) र साविक Reporting Portal मा Upload/Update गर्नुपर्ने छ ।

२. सेटलमेन्ट बैंकले भुक्तानी सेवा प्रदायकको सेटलमेन्ट खातामा भएको दैनिक मौज्दात रकम र भुक्तानी सेवा प्रदायकले आफ्नो खातामा भएको दैनिक इ-मनि मौज्दात रकम यस बैंकको SIS मार्फत दैनिक रूपमा पेश गर्नुपर्ने छ । यसरी रिपोर्टिङ्ग गर्दा उक्त दिनको Value Date अनुसार अन्तिम कारोबारसम्मको मौज्दात (EOD पछि कारोबार भएमा सो समेत समावेश हुने गरी) रिर्पोटिङ्ग गर्नुपर्ने छ ।

३. विद्युतीय वालेट सञ्चालन गरेका बैंक तथा वित्तीय संस्थाले समेत वालेटसम्बन्धी कारोबारको तथ्याङ्क अनुसूची १०.१.५ मा तोकिएको ढाँचामा पेश गर्नुपर्ने छ ।

४. संस्थाले वित्तीय जानकारी इकाईमा रिपोर्टिङ्ग गरेको सीमा कारोबार, शंकास्पद गतिविधि तथा शंकास्पद कारोबारको संख्या मासिक रुपमा अर्को महिनाको ७ गतेभित्र यस बैंकको Supervisory Information System (SIS) र साविक Reporting Portal मा Upload/Update गर्नुपर्ने छ ।

५. अनुमतिपत्रप्राप्त संस्थाहरूले संस्थागत र सञ्चालक समितिका सदस्यहरूकोसम्बन्धमा न्यूनतम देहायबमोजिम विवरण यस बैंकको SIS र साविक Reporting Portal मा अद्यावधिक (up-to-date) गर्नुपर्ने छ :

(क) संस्थाको नाम
(ख) रजिष्टर्ड ठेगाना
(ग) संस्थको नीति तथा कार्यविधि
(घ) प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन

६. यस बैंकमा तथ्याङ्क पठाउने प्रयोजनका लागि एकजना छुट्टै कर्मचारी तोकी निजको नाम, मोवाइल नम्बर र इमेल ठेगाना सहितको जानकारी SIS र साविक Reporting Portal मा अद्यावधिक गर्नुपर्ने छ ।

## ७. खारेजी र बचाऊ

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को तथ्याङ्क विवरणसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. १०/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १०.१

**अनुमतिपत्रप्राप्त संस्थाले Reporting Portal मार्फत यस बैंकमा पठाउनु पर्ने तथ्याङ्कसम्बन्धी विवरण**

| अनुसूची | विषय | सम्बन्धित संस्था | तथ्याङ्कको समयावधि | पठाउनु पर्ने समय सीमा |
|---|---|---|---|---|
| १०.१.१ | शाखारहित बैंकिङ्ग केन्द्रको विवरण | बैंक तथा वित्तीय संस्था | आवश्यकता अनुसार | सञ्चालन भएको ७ दिन भित्र |
| १०.१.२ | ए.टि.एम मेसिन रहेको स्थानको विवरण | बैंक तथा वित्तीय संस्था | | |
| १०.१.३ | शाखारहित बैंकिङ्ग केन्द्रमा रहेका ग्राहकहरू तथा विद्युतीय कार्डको विवरण | बैंक तथा वित्तीय संस्था | मासिक | अर्को महिनाको ७ गते भित्र |
| १०.१.४ | विद्युतीय कारोबारसम्बन्धी विवरण | बैंक तथा वित्तीय संस्था | | |
| १०.१.५ | भुक्तानी सेवा प्रदायकको कारोबारसम्बन्धी विवरण | भुक्तानी सेवा प्रदायक | | |
| १०.१.६ | भुक्तानी सेवा प्रदायकको सफल र असफल कारोबारसम्बन्धी विवरण | भुक्तानी सेवा प्रदायक | | |
| १०.१.७ | सेटलमेन्ट बैंकमा रहेको खाताको हिसाबमिलान विवरण | भुक्तानी सेवा प्रदायक | | |
| १०.१.८ | भुक्तानी सेवा प्रदायकको ग्राहकसम्बन्धी विवरण | भुक्तानी सेवा प्रदायक | | |
| १०.१.९ | भुक्तानी सेवा प्रदायकको एजेन्टसम्बन्धी कारोबारको विवरण | भुक्तानी सेवा प्रदायक | | |
| १०.१.१० | भुक्तानी प्रणाली सञ्चालकको कारोबारसम्बन्धी विवरण | भुक्तानी प्रणाली सञ्चालक | | |
| १०.१.११ | भुक्तानी प्रणाली सञ्चालकको सफल र असफल कारोबारसम्बन्धी विवरण | भुक्तानी प्रणाली सञ्चालक | | |
| १०.१.१२ | क्लियरिङ्ग हाउसबाट भएका कारोबारका विवरण | नेपाल क्लियरिङ्ग हाउस लिमिटेड | | |
| १०.१.१३ | वित्तीय जानकारी इकाईमा रिपोर्टिङ्ग गरेको सीमा कारोबार, शंकास्पद गतिविधि तथा शंकास्पद कारोबारको संख्या | भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक | | |
| **१०.१.१४** | **Cash-in कारोबारको विवरण** | **भुक्तानी सेवा प्रदायक** | | |

अनुसूची १०.१.१

**Detail of Branchless Banking Centre**

| | | | |
|---|---|---|---|
| Institution Name: * | | Related Branch: * | |
| BLB Agent Name: * | | Agent Citizenship Number: | |
| Agent Citizenship Issued Date: | | Agent Citizenship Issued District: | |
| Agent Citizenship Issued Authority: | | Agent PAN Number: * (BLB PAN Number should be exactly 9 digit) | |
| Province: * | | District: * | |
| Municipality/Rural Municipality: | | Local Body: * | |
| Ward/Tole: | | Local Body Ward No: * | |
| Address: * | | | |
| House Number: | | Nearest Landmark: | |
| Phone 1: | | Phone 2: | |
| Mobile: * | | Email: | |
| BFI's BLB Agent Code (Internally used code): * | | Unique Individual Code: | |
| Status: * | | Operation Date: * | |
| Pos Enabled: | | Mobile Enabled: | |
| Tab Enabled: | | Others Enabled: | |
| Latitude: | | Longitude: | |

* Mandatory Fields

अनुसूची १०.१.२

**Detail of ATM Location Centre**

| | | | |
|---|---|---|---|
| Institution Name: * | | Related Branch: * | |
| BFI ATM Code (Internally used Code): | | Related Branch:* | |
| Institution Name:* | | Province: * | |
| District: * | | | |
| Municipality/Rural Municipality: * | | Local Body Ward No: * | |
| Ward No./Tole: | | Nearest Landmark: | |
| Address:* | | Number of ATM:* | |
| ATM Operation Date:* | | | |
| Latitude: | | Longitude: | |

* Mandatory Fields
Latitude and Longitude are automatically updated from adjustment on map market

**Account Detail - BLB Wise**
**Institution Name:**
**Statement of Account Details BLB wise**

| SN | Branch Code | Branch Name | BLB Code | BLB Located District | BLB Located Rural Municipality/ Municipality | BLB Located Ward | BLB Located Street/Tole | Payment Terminal Available at the BLB Point (POS/ Tablet /Mobile /Other) | Last transaction Date (YYYY/ mm/ dd) of the BLB Point | No. of Male Accounts | No. of Female Accounts | No. of Third Gender Accounts | No. of Joint Accounts | No. of Grand Total Accounts | No Of Active Accounts | No. of Total card issued |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

अनुसूची १०.१.४

# Electronic Transaction BFIs

| Channel used | Type of instrument | Form of transaction | No. of transaction | | | Total Amount of transactions within the bracket (within the reporting period) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | >5000 | 5000-10000 | >10000 | >5000 | 5000-10000 | >10000 |
| ATM | Debit Card | Withdrawal on us | | | | | | |
| | | Withdrawal off us | | | | | | |
| | Prepaid Card | Withdrawal on us | | | | | | |
| | | Withdrawal off us | | | | | | |
| | Credit Card | Withdrawal on us | | | | | | |
| | | Withdrawal off us | | | | | | |
| BLB | Debit Card | Deposits - on us | | | | | | |
| | | Deposit off us | | | | | | |
| | | Withdrawal on us | | | | | | |
| | | Withdrawal off us | | | | | | |
| | | Bill payments | | | | | | |
| | | Transfer (A/c to A/c) | | | | | | |
| | | Other Transfer | | | | | | |
| | Customer initiated* | Deposits - on us | | | | | | |
| | | Deposit off us | | | | | | |
| | | Withdrawal on us | | | | | | |
| | | Withdrawal off us | | | | | | |
| | | Bill payments | | | | | | |
| | | Transfer (A/c to A/c) | | | | | | |
| | | Other Transfer | | | | | | |
| Merchant point (POS) | Debit Card | Bill payments | | | | | | |
| | | Transfer (Customer A/c to A/c) | | | | | | |
| | Prepaid Card | Bill payments | | | | | | |
| | | Transfer (Customer A/c to A/c) | | | | | | |
| | Credit Card | Bill payments | | | | | | |
| | | Transfer (Customer A/c to A/c) | | | | | | |
| Online payments | Mobile Banking Transaction | Bill payments | | | | | | |
| | | Transfer (Customer A/c to A/c) | | | | | | |
| | | Other transfer | | | | | | |
| | | QR Payment | | | | | | |
| | Internet Banking Transaction | Bill payments | | | | | | |
| | | Transfer (Customer A/c to A/c) | | | | | | |
| | | Other transfer | | | | | | |
| | Debit Card | Bill payments | | | | | | |
| | Credit Card | Bill payments | | | | | | |
| | Prepaid Card | Bill payments | | | | | | |
| Others | Others | Others | | | | | | |

* Non-BLB Customer doing transaction through BLB point.

अनुसूची १०.१.५

# Transaction Report for Payment Service Providers

| Instruments/ Channel Used for Transaction | Form of Transaction | Upto 100 | | 100-500 | | 500-1000 | | 1000 - 5000 | | 5000 - 10000 | | 10000 -25000 | | 25000 and above | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value |
| Card | Withdrawal On Us | | | | | | | | | | | | | | | - | - |
| Card | Withdrawal Off Us | | | | | | | | | | | | | | | - | - |
| Card | Bill Payments | | | | | | | | | | | | | | | - | - |
| Card | Transfer (A/c to A/c) | | | | | | | | | | | | | | | - | - |
| Card | Others | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Bill Payments | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Transfer (A/c to A/c) | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Cash-In (wallet load) | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Cash-In (Physical Cash) | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Offer/Cashback/Commission/Coupon | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Fees and Charges | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Cash-Out (Bank Transfer) | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Cash-Out (Physical Cash) | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | QR Payment | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Service Refund | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Others | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Bill Payments | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Transfer (A/c to A/c) | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Cash-In (wallet load) | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Offer/Cashback/Commission/Coupon | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Fees and Charges | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Cash-Out (Bank Transfer) | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | QR Payment | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Service Refund | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Others | | | | | | | | | | | | | | | - | - |

*Withdrawal On-Us: Issuer and Acquirer are same.

*Withdrawal Off-Us: Issuer and Acquirer are different; to be reported from issuer side only

*Card: Only relevant to PSP issuing payment cards.

*Bill Payments: includes topups

# Statement of Success and Failed Transaction

| Particulars | Count | |
|---|---|---|
| | Success | Failed |
| Merchant Payment | | |
| Transfer to Wallet (P2P)<br>Same Wallet<br>Different Wallet | | |
| Tranfer to Bank Account (P2P) | | |
| Governement Payment (P2G) | | |
| Wallet Load | | |
| Agent Cash-In | | |
| Agent Cash-Out | | |
| ATM Withdraw | | |

# Name of Payment Service Providers
## Reconciliation Statement of eMoney and Settlement Bank
## At the End of …. Month, …. Year

| S.N | Particulars | Amount | Amount | Remarks |
|---|---|---|---|---|
| 1. | **Emoney Balance as per Wallet** | | - | |
| 2. | **Add :** | | - | |
| 3. | Debited in Wallet but not Debited in Settlement Bank | - | | Table 1 |
| 4. | Credited in Settlement Bank but not Credited in Wallet | - | | Table 2 |
| 6. | **Less :** | | - | |
| 7. | Credited in Wallet but not Credited in Settlement Bank | - | | Table 3 |
| 8. | Debited in Settlement Bank but not Debited in Wallet | - | | Table 4 |
| **10.** | **Balance (1+2-6)** | | | |
| **11.** | **Balance as per Settlement Bank (Statement)** | | | |
| 12. | Difference (10-11) | | - | |

**Table 1: Debited in Wallet but not Debited in Settlement Bank**

| Date | Description | Amount |
|---|---|---|
| | | |
| | | |

**Table 2: Credited in Settlement Bank but not Credited in Wallet**

| Date | Description | Amount |
|---|---|---|
| | | |
| | | |

**Table 3: Credited in Wallet but not Credited in Settlement Bank**

| Date | Description | Amount |
|---|---|---|
| | | |
| | | |

**Table 4: Debited in Settlement Bank but not Debited in Wallet**

| Date | Description | Amount |
|---|---|---|
| | | |
| | | |

अनुसूची १०.१.८

# Customer Details of Payment Service Provider

| | | | |
|---|---|---|---|
| **Active Customer Wallets/Card** | **Male** | **Number** | |
| | | **Value** | |
| | **Female** | **Number** | |
| | | **Value** | |
| | **Other** | **Number** | |
| | | **Value** | |
| | **Grand Total** | **Number** | |
| | | **Value** | |
| **Inactive Customer Wallets/Card** | **Inactive (6-12 months)** | **Number** | |
| | | **Value** | |
| | **Inactive (> 12 months)** | **Number** | |
| | | **Value** | |
| | **Grand Total** | **Number** | |
| | | **Value** | |
| **Merchant** | **POS** | **Number** | |
| | **QR (PAN)** | **Number** | |
| | **QR (Non- PAN)** | **Number** | |
| **Agents** | **Total Agents** | **Number** | |
| | **Active Agent per Month** | **Number** | |

अनुसूची १०.१.९

# Transaction Report of Payment Service Provider's Agent

| S. N | Agent Code | Agent Name | Amount In the Agent Wallet | | Forms of Transaction | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Previous Reporting Period Balance | Current Reporting Period Balance | Bill Payments Including Top-up | Transfer (A/c to A/c) | Cash In (Digital Channel) | Cash In (Non-digital Channel) | Cash In (Remittance) | Offer/ Cashback/ Commission/ Coupon | Fees & Charges | Cash-out (Bank Transfer) | Cash-out (Physical cash) | QR Payment | Service Refund | Others |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

# Transaction Report of Payment System Operator

| Types of Channel | Category | Upto 5,000 | | 5,000 - 10,000 | | 10,000 - 25,000 | | 25,000 - 50,000 | | 50,000 - 100,000 | | Greater than 1,00,000 | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value |
| **ATM** | **On-Us** | | | Reporting Portal/SIS | | | | | | | | | | | |
| | **Off-Us** | | | | | | | | | | | | | | |
| **POS** | **On-Us** | | | | | | | | | | | | | | |
| | **Off-Us** | | | | | | | | | | | | | | |
| **QR** | **On-Us** | | | | | | | | | | | | | | |
| | **Off-Us** | | | | | | | | | | | | | | |
| **Mobile/Internet** | **On-Us** | | | | | | | | | | | | | | |
| | **Off-Us** | | | | | | | | | | | | | | |
| **Other Channel** | **On-Us** | | | | | | | | | | | | | | |
| | **Off-Us** | | | | | | | | | | | | | | |

*ON-Us: Issuer and Acquirer are same.

*OFF-Us: Issuer and Acquirer are different; to be reported from issuer side only

# Transaction Report of Payment System Operator

| Types of Transaction | Category | ATM | POS | QR | Mobile/ Internet | Other |
|---|---|---|---|---|---|---|
| **Number of Successful Non-Financial Transaction** | **On-Us** | | | | | |
| | **Off-Us** | | | | | |
| **Number of Failed Financial Transaction** | **On-Us** | | | | | |
| | **Off-Us** | | | | | |
| **Number of Failed Non-Financial Transaction** | **On-Us** | | | | | |
| | **Off-Us** | | | | | |

*ON-Us: Issuer and Acquirer are same.

*OFF-Us: Issuer and Acquirer are different; to be reported from issuer side only

अनुसूची १०.१.१२

# Transaction Report of Clearing House

| Types of Instrument | Transaction | Upto 25,000 | | 25,000 - 200,000 | | 200,000 - 2,000,000 | | 2,000,000 -10,000,000 | | 10,000,000 -500,000,000 | | >500,000,000 | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value | Number | Value |
| Cheque – Paper | NPR - Total Presented | | | | | | | | | | | | | | |
| | NPR – Rejected | | | | | | | | | | | | | | |
| | GBP- Total Presented | | | | | | | | | | | | | | |
| | GBP- Rejected | | | | | | | | | | | | | | |
| | USD - Total Presented | | | | | | | | | | | | | | |
| | USD – Rejected | | | | | | | | | | | | | | |
| | EUR - Total Presented | | | | | | | | | | | | | | |
| | EUR - Rejected | | | | | | | | | | | | | | |
| | Total Unwind | | | | | | | | | | | | | | |
| IPS | NPR - Total Presented | | | | | | | | | | | | | | |
| | NPR – Rejected | | | | | | | | | | | | | | |
| | GBP- Total Presented | | | | | | | | | | | | | | |
| | GBP- Rejected | | | | | | | | | | | | | | |
| | USD - Total Presented | | | | | | | | | | | | | | |
| | USD – Rejected | | | | | | | | | | | | | | |
| | EUR - Total Presented | | | | | | | | | | | | | | |
| | EUR - Rejected | | | | | | | | | | | | | | |
| ConnectIPS | NPR - Total Presented | | | | | | | | | | | | | | |
| | NPR - Rejected | | | | | | | | | | | | | | |
| | Total Unwind | | | | | | | | | | | | | | |

अनुसूची १०.१.१३

# Number of Transactions Reported to Financial Intelligence Unit (FIU)

| **Particulars** | **Number of Transactions** |
|---|---|
| Threshold Transactions Reporting (TTR) | |
| Suspicious Transactions Reporting (STR) | |
| Suspicious Activity Reporting (SAR) | |

# Cash-in Transactions of Payment Service Providers (PSPs)

| Instruments/ Channel Used for Transaction | Form of Transaction | Upto 100 | | 100-500 | | 500-1000 | | 1000 - 5000 | | 5000 - 10000 | | 10000 -25000 | | 25000 -50000 | | 50000-100000 | | 100000-500000 | | 500000-1000000 | | 1000000-2000000 | | 2000000 and above | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value | No. | Value |
| Agent/ Sub-Agent | Cash In (Digital Channel) | | | | | | | | | | | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Cash In (Non Digital Channel) | | | | | | | | | | | | | | | | | | | | | | | | | - | - |
| Agent/ Sub-Agent | Cash-In (Remittance) | | | | | | | | | | | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Cash In (Digital Channel) | | | | | | | | | | | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Cash In (Non Digital Channel) | | | | | | | | | | | | | | | | | | | | | | | | | - | - |
| Customer Initiated | Cash-In (Remittance) | | | | | | | | | | | | | | | | | | | | | | | | | - | - |

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा.निर्देशन नं.११/०८१**

## संस्थागत सुशासनसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था (बैंक तथा वित्तीय संस्था बाहेक) ले पालना गर्नुपर्ने संस्थागत सुशासनसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. **सञ्चालकले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था**

(१) सञ्चालकले कार्यभार सम्हाल्नुभन्दा पहिले आफ्नो संस्थासँग व्यावसायिक स्वार्थ भए नभएको विषयमा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनुपर्ने छ ।

(२) सञ्चालक तथा संस्थापक शेयरधनीले आफू सम्बद्ध संस्थाबाट कुनै पनि प्रकारको पेश्की तथा ऋण/सापटी सुविधा लिन पाउने छैन ।

(३) संस्थाको बैंक खाता सञ्चालन गर्ने तथा संस्थाको तर्फबाट पत्राचार गर्ने लगायतका कार्य गर्ने गरी सञ्चालकले संस्थाको दैनिक कामकारबाहीमा हस्तक्षेप गर्न र संलग्न हुन पाउने छैन ।

(४) सञ्चालक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्नो संस्थाको हित विपरीत हुने कुनै पनि किसिमको गतिविधिमा संलग्न हुन पाउने छैन ।

(५) सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कुनै पनि कामकारबाही प्रति व्यक्तिगत रुपमा आफैं उत्तरदायी हुनुपर्ने छ ।

(६) यस बैंकबाट अनुमतिपत्र/इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेन्जर, विप्रेषण कम्पनी, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालकमा सञ्चालक/पदाधिकारी को रुपमा बहाल रहेको व्यक्ति एकै पटक अन्य भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थामा प्रतिनिधित्व गर्न वा कुनै पनि पदमा बहाल रहन पाउने छैन ।

तर कुनै अनुमतिपत्रप्राप्त संस्थामा भुक्तानीसम्बन्धी कार्य गर्ने अर्को संस्थाको लगानी रहेको अवस्थामा लगानीकर्ता संस्थाको तर्फबाट कर्मचारीले लगानी रहेको संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न तथा नेपाल सरकार वा यस बैंकले नियुक्त गरेको अवस्थामा उपर्युक्त व्यवस्थाले वाधा पुगेको मानिने छैन ।

(७) सञ्चालकले संस्था सम्बद्ध कारोबारको सूचनाहरूको गोपनियता कायम गर्नुपर्ने छ ।

(८) सञ्चालकहरूबाट यस निर्देशनमा तोकिएका आचरणहरूको पालनासम्बन्धी विवरण संस्थाले वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने छ ।

## २. सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व

(१) सञ्चालक समितिले प्रचलित कानुन तथा यस बैंकको निर्देशनको अधीनमा रही संस्थाको सेवा सञ्चालनको लागि आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्ने छ ।

(२) सञ्चालक समितिले प्रचलित कानुन र यस बैंकबाट जारी भएका नीति, निर्देशन तथा नियमनको परिपालना भए/नभएकोसम्बन्धमा नियमित अनुगमन हुने व्यवस्था मिलाउनुपर्ने छ ।

(३) सञ्चालक समितिका सदस्यहरूले भुक्तानी प्रणालीसम्बन्धी प्रचलित ऐन, कानुन, विनियमावली, निर्देशन आदिको ज्ञान/जानकारी राख्नुपर्ने छ र सोको पूर्ण पालना गर्नुपर्ने छ ।

(४) सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नु पर्नेछ । तर दुई बैठकको बीचको अन्तर दुई महिनाभन्दा बढी हुने छैन ।

(५) सञ्चालक समितिले कम्तिमा वर्षको एकपटक जोखिम व्यवस्थापनको लागि कार्यान्वयनमा ल्याएको आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन मापदण्डको समिक्षा गर्नुपर्ने छ ।

(६) सञ्चालक समितिमा हेरफेर हुँदा ७ दिनभित्र यस बैंकलाई जानकारी दिनुपर्ने छ ।

## ३. कार्यकारी प्रमुखको नियुक्तिसम्बन्धी व्यवस्था

(१) संस्थाको सञ्चालक समितिले प्रचलित नीतिगत व्यवस्थाबमोजिम हुने गरी संस्थाको कार्यकारी प्रमुखको नियुक्ति गर्नुपर्ने छ ।

(२) कार्यकारी प्रमुखको नियुक्ति गरिएकोमा, कार्यकारी प्रमुखले राजिनामा दिएमा, बर्खास्त भएकोमा वा अन्य कुनै कारणले पदमुक्त भएको अवस्थामा संस्थाले ७ दिनभित्र यस बैंकलाई जानकारी दिनुपर्ने छ ।

(३) कार्यकारी प्रमुखले आफू कार्यरत संस्था बाहेक अन्य कुनै पनि संस्थामा पूर्णकालीन रुपमा नियमित पारिश्रमिक लिने गरी काम गर्नु हुँदैन ।

(४) कार्यकारी प्रमुख नियुक्त गर्ने सिलसिलामा पारिश्रमिक र अन्य सुविधा लगायतका बिषयमा करार सम्झौता गर्दा सेवा सुविधासम्बन्धी शर्तहरू किटानी गरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । यसरी करार सम्झौता गर्दा "कर्मचारी विनियमावलीबमोजिम हुने" जस्ता थप व्याख्यात्मक शब्दावली प्रयोग गर्न पाईने छैन ।

(५) कार्यकारी प्रमुख पद रिक्त भएको तीन महिना भित्र पदपूर्ति गरिसक्नु पर्नेछ ।

(६) संस्थामा कार्यकारी प्रमुख लगातार ७ दिन वा सो भन्दा बढी अवधिको लागि विदा बस्ने भएमा वा मुलुक बाहिर जाने भएमा यस बैकलाई जानकारी दिनुपर्ने छ ।

४. **कर्मचारी व्यवस्थापन तथा आचरणसम्बन्धी व्यवस्था**

**(क) कर्मचारी व्यवस्थापनसम्बन्धी व्यवस्था**

(१) संस्थाले कर्मचारी सेवा, शर्त र सुविधासम्बन्धमा उपयुक्त नीति तर्जुमा गरी लागू गर्नुपर्ने छ ।

(२) कर्मचारीले पालना गर्नुपर्ने न्यूनतम आचरणसम्बन्धमा सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नुपर्ने छ ।

(३) संस्थामा कार्यरत कर्मचारीलाई व्यावसायिक स्वार्थ जोडिएको अन्य कुनै पनि संस्थामा काममा लगाउन पाइने छैन ।

(४) संस्थाले आफ्ना कर्मचारीहरूको सम्पूर्ण पक्षको जानकारीको लागि Know Your Employee (KYE) सम्बन्धी नीतिगत व्यवस्था गरी लागू गर्नुपर्ने छ ।

**(ख) कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणसम्बन्धी व्यवस्था**

(१) कर्मचारीहरूले संस्थाले जारी गरेको आचरणसम्बन्धी व्यवस्था पालना गर्नुपर्ने छ ।

(२) कर्मचारीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको हित विपरीत हुने कुनै पनि किसिमको गतिविधिमा संलग्न हुनु हुँदैन ।

(३) कर्मचारीले ग्राहकको सूचना र ग्राहकसँग भएको कारोबारको गोपनीयता कायम राख्नुपर्ने छ ।

(४) यस बैंकबाट अनुमतिपत्र/इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेन्जर, विप्रेषण कम्पनी, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालकमा सञ्चालक/पदाधिकारी को रुपमा बहाल रहेको व्यक्ति एकै पटक अन्य भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थामा प्रतिनिधित्व गर्न वा कुनै पनि पदमा बहाल रहन पाउने छैन ।

तर कुनै अनुमतिपत्रप्राप्त संस्थामा भुक्तानीसम्बन्धी कार्य गर्ने अर्को संस्थाको लगानी रहेको अवस्थामा लगानीकर्ता संस्थाको तर्फबाट कर्मचारीले लगानी रहेको संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न तथा नेपाल सरकार वा यस बैंकले नियुक्त गरेको अवस्थामा उपर्युक्त व्यवस्थाले वाधा पुगेको मानिने छैन ।

५. संस्थाले प्रत्येक ६/६ महिनामा वित्तीय विवरण यस बैंकमा पेश गर्नुपर्ने छ तर पब्लिक कम्पनीको हकमा संस्थाको वेबसाइटमा लगायत अन्य उपयुक्त माध्यमबाट प्रकाशन/सार्वजनिक गर्नुपर्ने छ ।

६. संस्थामा परिपालना (Compliance) विभाग/इकाई गठन गरी संस्थाको प्रबन्धपत्र, नियमावली, यस बैंकबाट जारी गरिएका निर्देशन, परिपत्र, सूचना, आदेशहरूको परिपालना एवम् संस्थाले पारित गरी लागू गरेका नीति, नियम, मार्गदर्शन तथा आर्थिक कारोबारहरूको निरन्तर रुपमा परिक्षण गर्नुपर्ने छ ।

७. **स्वःघोषणासम्बन्धी व्यवस्था**

सञ्चालक पदमा नियुक्त भएको व्यक्तिले अनुसूची ११.१ बमोजिमको स्वघोषणा गर्नुपर्ने छ । नियुक्ति भएको १५ दिन भित्र उक्त स्वघोषणापत्र सम्बन्धित संस्थाले यस विभागमा पेश गर्नुपर्ने छ ।

८. **कार्य सञ्चालनसम्बन्धमा**

(१) संस्थाले सञ्चालन गर्ने सम्पूर्ण कार्यहरूसम्बन्धमा सञ्चालक समितिबाट नीति तथा कार्यविधि पारित गरी लागू गर्नुपर्ने छ ।

(२) संस्थाले आफ्नो मुख्य मुख्य कार्यहरू पहिचान तथा विभाजन गरी सोसम्बन्धी अख्तियारी र जिम्मेवारी स्पष्ट रुपमा तोक्नु पर्नेछ ।

(३) कारोबारमा संलग्न रहने पक्षहरूको काम, कर्तव्य तथा अधिकार र पालना गर्नुपर्ने दायित्वकोसम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्ने छ ।

(४) संस्थाको तर्फबाट पत्राचार गर्दा संस्थाको आधिकारिक लेटर प्याडमा अनिवार्य रुपमा कार्यकारी प्रमुखले र निज कार्यालयमा उपस्थित नरहेको अवस्थामा निजले तोकेको कर्मचारीले दस्तखत गरी पठाउनु पर्नेछ ।

(५) संस्थाले बैंकिङ्ग कारोबार गर्दा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थासँग मात्र कारोबार गर्न सक्नेछ ।

(६) बैंक खाता सञ्चालन गर्दा कम्तीमा २ जना कर्मचारीको हस्ताक्षर गर्ने व्यवस्था गर्नुपर्ने छ ।

९. **अनुमतिपत्रप्राप्त संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा अरु कसैको नाम वा माध्यमबाट एकल, संयुक्त वा समूहगत गरी १५ प्रतिशत वा सोभन्दा बढी शेयर वा पुँजी लगानी गरेकोमा वा अन्य कुनै तरिकाले सोको वास्तविक धनीको रुपमा रहेको भएमा त्यस्तो वास्तविक धनीको अद्यावधिक व्यक्तिगत विवरण (नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोबाइल नं., इमेल ठेगाना) राख्नुपर्ने छ ।**

१०. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को संस्थागत सुशासनसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. ११/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची ११.१

मिति : २०८..../...../......,

श्री सञ्चालक समिति,

............................

............................ ।

**<u>विषय : जानकारी गराएको बारे ।</u>**

उपरोक्तसम्बन्धमा म ........................................ ले भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायकको रुपमा रही कार्य गर्ने यस संस्थाको सञ्चालकको पदमा मिति २०८.../...../...... बाट बहाल गरेकोले देहायको स्वघोषणा गर्दछु ।

(१) भुक्तानी तथा फर्स्यौट विनियमावलीमा उल्लिखित व्यवस्था अनुसार म यस संस्थाको सञ्चालक हुन योग्य छु ।

(२) यस संस्थासँग म वा मेरो परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको छैन ।

(३) संस्थाको कार्यकारी प्रमुख वा लेखापरिक्षकको नियुक्तिकोसम्बन्धमा मेरो कुनै प्रकारको स्वार्थ वा सरोकार छैन ।

(४) म यस बाहेक नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्रप्राप्त कुनै पनि भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको पदाधिकारी छैन ।

(५) मेरो परिवारको सदस्यले यस संस्थाको पदाधिकारी/कर्मचारीको हैसियतले काम गरेका छन्/छैनन् । (गरेको भए खुलाउने .......................................)

(६) माथि घोषणा गरिएका/पेश गरिएका विवरणहरू ठीक साँचो हो, झुठ्ठा ठहरिएमा कानुनबमोजिम सहुँला बुझाउँला ।

सञ्चालकको दस्तखत :
नाम थर :
नागरिकता नं.:
जारी जिल्ला:
स्थायी ठेगाना :
मोबाईल नं.:
इमेल ठेगाना:

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

अ.प्रा.निर्देशन नं.१२/०८०

### संस्थापक शेयर नामसारी, खरिद/बिक्रि/हक हस्तान्तरण तथा पुँजी वृद्धिसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था (बैंक तथा वित्तीय संस्था बाहेक) ले पालना गर्नुपर्ने संस्थापक शेयर नामसारी, खरिद/बिक्रि/हक हस्तान्तरण तथा पुँजी वृद्धिसम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ।

१. संस्थापक शेयरको खरिद/बिक्री वा नामसारी गर्नु पूर्व यस बैंकको स्वीकृति लिनुपर्ने छ।

२. यसप्रकारको स्वीकृतिको लागि सञ्चालक समितिको सिफारिस तथा अन्य शेयरधनीको लिखित सहमतिसहित यस बैंकमा निवेदन दिनुपर्ने छ।

३. सामान्यतः अनुमतिपत्रप्राप्त भएको मितिले ५ वर्षसम्म संस्थापक शेयर खरिद बिक्री गर्न पाइने छैन।

   तर, आधुनिक प्रविधि भित्र्याउन पूँजी थप गर्नुपर्ने अवस्था वा दुई वा दुईभन्दा बढी संस्था एक आपसमा गाभिई नयाँ लगानीकर्ता थप गर्दा वा अन्य कुनै मनासिव कारणले संस्थापक शेयर खरिद/बिक्री गर्नुपर्ने औचित्य पुष्ट्याई हुने अवस्थामा बैंकको स्वीकृति लिई संस्थापक शेयर खरिद बिक्री गर्न सकिने छ। यसरी शेयर खरिद बिक्री गर्दा सम्पत्ति/दायित्वको विस्तृत मूल्याङ्कन (Due Diligence Audit) गरी प्रति कित्ता शेयर मूल्य निर्धारण गर्नुपर्ने छ।

४. संस्थापक शेयर लिएका व्यक्तिको मृत्यु भएमा वा प्रचलित कानुनबमोजिम पारिवारिक अंशबन्डा भएमा प्रचलित कानुनको रित पुऱ्याई निजको हकदार वा निजले इच्छाएको व्यक्तिको नाममा यस बैंकको स्वीकृति लिई नामसारी गर्न सकिनेछ।

५. संस्थापक शेयर खरिदकर्ता व्यक्ति भएमा :

   (१) शेयर खरिद गर्न प्रस्तावित व्यक्तिको तोकिएको ढाँचामा व्यक्तिगत विवरण, संस्थापक हुन अयोग्य नरहेको स्वःघोषणा, कालोसूचीमा नरहेको वा कालोसूचीमा परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको प्रमाण, पछिल्लो आ. व. को कर चुक्ता गरेको प्रमाण, प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि नभएको प्रमाण र लगानीको स्रोत खुलाई सोको प्रमाण यस बैंकमा पेश गर्नुपर्ने छ।

   (२) शेयर खरिद गर्न प्रस्तावित व्यक्ति हाल कायम संस्थापक शेयरधनी रहेको भए व्यक्तिको अद्यावधिक व्यक्तिगत विवरण, कालोसूचीमा नरहेको प्रमाण, पछिल्लो आ. व. को कर चुक्ताको प्रमाण, लगानीको स्रोत खुल्ने प्रमाण पेश गर्नुपर्ने छ।

(३) संस्थाको कानुनी वा अन्य सल्लाहकार पदमा बहाल रहेको तथा संस्थाको आन्तरिक वा बाह्य लेखापरीक्षकको रुपमा नियुक्त व्यक्ति वा यस बैंकले समय समयमा तोकेको न्यूनतम योग्यता र अनुभव नभएको व्यक्ति संस्थाको संस्थापक शेयर खरिद गर्न अयोग्य मानिने छ।

६. संस्थापक शेयर खरिदकर्ता संस्था भएमा :

(१) प्रस्तावित संस्थाको हकमा लगानी गर्ने संस्थाको सञ्चालक समितिको निर्णय, संस्थाको दर्ता प्रमाणपत्र, कुनै निकायबाट इजाजतपत्र/अनुमतिपत्र प्राप्त गरको भए सोको प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली, कालोसूचीमा नरहेको वा कालोसूचीमा परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको प्रमाण, संस्थाका सञ्चालकहरुको प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि नभएको प्रमाण, पछिल्लो आ. व. को कर चुक्ता गरेको प्रमाण, पछिल्लो आ. व. को लेखापरीक्षण प्रतिवेदन, शेयर लगत, अन्तिम हिताधिकारीको विवरण र लगानीको श्रोत खुलाई सोको प्रमाण पेश गर्नु पर्नेछ।

(२) शेयर खरिद गर्न प्रस्तावित संस्था हाल कायम संस्थापक शेयरधनी रहेको भए सञ्चालक समितिको निर्णय, अद्यावधिक शेयर लगत, पछिल्लो आ. व. को लेखापरीक्षण प्रतिवेदन तथा लगानीको स्रोत समेत पेश गर्नु पर्नेछ।

७. प्रस्तावित संस्थापक शेयरधनीको सञ्चालक समितिमा प्रतिनिधित्व हुने भएमा प्रस्तावित सञ्चालक नीतिगत व्यवस्था बमोजिम अयोग्य नरहेको तथा **Fit and Proper Test** मापनका आधार पूरा गरेको प्रमाण समेत पेश गर्नु पर्नेछ।

८. लगानीको श्रोत सम्बन्धमा देहाय बमोजिमको प्रमाण पेश गर्नु पर्नेछ :

| लगानीको स्रोत | आवश्यक प्रमाण |
|---|---|
| व्यक्तिको हकमा: | |
| तलब/भत्ता/ पारिश्रमिक | ● कार्यरत संस्थाले प्रमाणित गरेको तलब/भत्ता/पारिश्रमिक विवरण<br>● नियमित तलब/भत्ता/पारिश्रमिक प्राप्त गरिरहेको बैंक स्टेटमेन्ट<br>● कर कट्टी (TDS) वा कर चुक्ता गरेको प्रमाण वा सो प्रयोजनको लागि आन्तरिक राजस्व कार्यालयमा विवरण पेश गरेको निस्सा |
| सम्पत्ति बिक्रि | ● सम्पत्ति बिक्रि गरेको प्रमाणित हुने कागजात<br>● सम्पत्ति बिक्रिवापत लाग्ने लाभकरको रकम चुक्ता गरेको प्रमाण<br>● सम्पत्ति बिक्रिवापत बैंकमा रकम जम्मा भएको प्रमाण |
| विप्रेषण रकम | ● विप्रेषणमार्फत प्राप्त रकम वैधानिक माध्यमबाट प्राप्त भएको प्रमाण (जस्तैः **SWIFT Message**) |

| | |
|---|---|
| | • उक्त रकम बैंक वा वित्तीय संस्थामा जम्मा भएको प्रमाण |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण | • सम्बन्धित बैंक/वित्तीय संस्थाले ऋणवापत उपलब्ध गराएको रकम अन्यत्र उपयोग नभएको (**Unutilized** रहेको) भनी प्रमाणित गरेको कागजात |
| गैर बैंक वित्तीय संस्थाबाट प्राप्त ऋण | • प्रस्तावित लगानी कर्ताले अन्य गैर बैंक वित्तीय संस्था ( जस्तै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष आदि) बाट ऋण सुविधा लिएको भएमा उक्त संस्थाबाट सो विवरण खुलाइएको कागजात तथा सो रकम बैंकमा जम्मा भएको प्रमाण । |
| संस्थागत लगानी | प्रस्तावित लगानीकर्ता कुनै संस्था भएको अवस्थामाः<br>• संस्थाले आर्जन गरेको मुनाफाबाट लगानी गर्ने भए संस्थाको रिजर्भमा लगानी गर्न आवश्यक रकम देखिने लेखापरीक्षण प्रतिवेदन,<br>• संस्थाको पुँजीबाट नै लगानी गर्ने भए पुँजी सम्बन्धी विवरण,<br>• उपर्युक्त रकम प्रयोग गर्न मिल्ने गरी बैंक मौज्दात वा नगद मौज्दात खुल्ने कागजात,<br>• ऋणको हकमा ऋण प्रदान गर्ने बैंक वा वित्तीय संस्थासँग ऋणको प्रयोजन खुलाई गरिएको सम्झौता र सम्बन्धित बैंक/वित्तीय संस्थाले सो रकम अन्यत्र उपयोग नभएको प्रमाणित हुने कागजात |
| कृषि उपज बिक्रिबाट प्राप्त आय | रकम खुल्ने गरी स्थानीय निकायले प्रमाणित गरेको कागजात । |
| अन्य | • पारिवारिक वा अन्य व्यक्तिगत श्रोतमार्फत प्रचलित कानूनी व्यवस्था बमोजिम मान्य हुने गरी लेनदेन गर्ने पक्षहरुबीच भएको लिखत ।<br>• पारिवारिक श्रोतबाट प्राप्त भएको अन्य रकमको हकमा सो खुल्ने प्रमाण । |

९. पुँजी वृद्धि गर्ने उद्देश्यले संस्थाले नयाँ संस्थापक शेयरधनी थप गर्न चाहेमा यस बैंकको स्वीकृति लिनुपर्ने छ । यसरी नयाँ संस्थापक शेयरधनी थप गर्दा प्रति कित्ता शेयर मूल्य मान्यताप्राप्त लेखापरीक्षकबाट तयार गरिएको सम्पत्ति/दायित्वको विस्तृत मूल्याङ्कन (**Due Diligence Audit**) प्रतिवेदनबाट निर्धारण गर्नुपर्ने छ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा.निर्देशन नं.१३/०८१**

## जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूको कारोबारमा निहित जोखिम व्यवस्थापनकासम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. संस्थाले आन्तरिक नीति, आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System), सञ्चालन प्रक्रिया र सम्भावित जोखिम नियन्त्रणका उपायहरू अवलम्बन गरी जोखिमरहित रूपमा सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

२. **जोखिम वर्गीकरण तथा व्यवस्थापन**

संस्था सञ्चालनको क्रममा आउन **सक्ने खास महत्वका मूलभूत जोखिम (Material Risks)** पहिचान गरी मुख्यतः देहाय बमोजिम वर्गीकरण तथा व्यवस्थापन गर्नुपर्नेछ :

(१) **सञ्चालन जोखिम (Operational Risk)**

संस्थाको सूचना प्रणाली वा आन्तरिक प्रक्रियाहरूमा कमी, कर्मचारीबाट हुने त्रुटि, व्यवस्थापनमा कमीकमजोरी वा अन्य बाह्य श्रोतबाट अवरोध सिर्जना भई सेवा प्रवाहमा कमीकमजोरी वा समस्या उत्पन्न हुन सक्ने जोखिमलाई सञ्चालन जोखिम अन्तर्गत वर्गीकरण **गरी कम्तीमा देहायको व्यवस्थाहरु गर्नुपर्ने छ :**

(क) भुक्तानीसम्बन्धी कार्य निर्वाध रुपमा सञ्चालन हुन सक्ने विश्वसनीय प्रणाली अवलम्बन गर्नुपर्ने छ ।

(ख) संस्थाले आन्तरिक र बाह्य क्षेत्रबाट आउन सक्ने सञ्चालन जोखिम (सुरक्षा जोखिम, सूचना जोखिम, जनशक्तिसम्बन्धी जोखिम, विपत्ति जोखिम आदि) को पहिचान गरी त्यस्ता जोखिमहरू न्यूनिकरण गर्न आवश्यक पर्ने नीति नियम तथा प्रक्रियाहरूको अबलम्बन गरेको हुनुपर्ने छ ।

(ग) संस्थाले आफ्नो कारोबारसँग सम्बन्धित सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण तथा सूचना प्रणालीको विकास गर्नुपर्ने छ ।

(घ) सूचना प्रविधिसँग सम्बन्धित जोखिमको नियन्त्रण तथा सम्भावित क्षति न्यूनीकरणको लागि आवश्यक उपाय अवलम्बन गनुपर्नेछ ।

(ङ) संस्थाले असहज परिस्थितिमा पनि नियमित रुपमा सेवा प्रवाह गर्न Business Continuity Plan (BCP) तयार गर्नुपर्ने छ ।

(च) कुनै कर्मचारी प्रति अधिक निर्भरता, एउटै कर्मचारी लामो समय एकै स्थानमा रहेर कार्य गर्ने तथा कर्मचारीबीच मिलेमतोका कारण उत्पन्न हुन सक्ने लगायत कर्मचारी सम्बद्ध जोखिम न्यूनीकरणका लागि कर्मचारी पदस्थापन एवम् सरुवा लगायतका कार्य प्रभावकारी हुनुपर्ने छ ।

(छ) **संस्थाको भुक्तानी प्रणालीमार्फत स्वदेश तथा विदेशबाट भएका कारोबारको अनुगमन गर्नका लागि Geo Tagging, Geo Fencing लगायतका प्रणाली अवलम्बन गर्न सक्नेछन् ।**

(ज) **संस्थाले Transaction Errors, Transaction Processing Delays जस्ता अन्य Key Risk Indicators (KRIs) हरु पहिचान गरी सोको आधारमा कारोबारको प्रवृत्ति (Trend) अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।**

(झ) **विगतमा भुक्तानी प्रणाली/सेवा सञ्चालनमा अवरोध सिर्जना गर्ने Incidents को मूल्याङ्कन तथा Disruption Pattern को विश्लेषण गरी भविष्यमा सोही प्रकृतिका Incident पुनः उत्पन्न हुन नदिन विगतका Incidents को उचित अभिलेख/Logs कायम गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।**

(ञ) **संस्थाले एप वा वेब एप्लिकेशनमा आधारित प्रणलीभन्दा कम प्राविधिक सुरक्षाको मापदण्डमा आधारित USSD, SMS लगायतका प्रणालीहरुको प्रयोगमार्फत हुने कारोबारको हकमा निरन्तर तथा सूक्ष्म कारोबार/गतिविधि अनुगमनका लागि थप प्राविधिक व्यवस्था मिलाउनुपर्ने छ ।**

(२) **तरलता जोखिम (Liquidity Risk)**

संस्था वा संस्थासँग सम्बद्ध पक्षहरूले आफ्नो वित्तीय दायित्व पूरा गर्न पर्याप्त श्रोत नहुँदा हुन सक्ने जोखिमलाई तरलता जोखिम अन्तर्गत वर्गीकरण **गरी कम्तीमा देहायका व्यवस्थाहरु गर्नुपर्ने छः**

(क) संस्थाले तरलता जोखिमको प्रभावकारी मापन, अनुगमन र व्यवस्थापन गर्नुपर्ने छ ।

(ख) भुक्तानी सेवा प्रदायकले आफ्नो ग्राहकको वालेटमा रहेको विद्युतीय रकमको दायित्व भुक्तानी गर्न पर्याप्त मौज्दात सेटलमेन्ट खातामा राख्नुपर्ने छ । सो प्रयोजनको लागि संस्थाले आफ्नो कोषको प्रवाह र सेटलमेन्ट खातामा भएको मौज्दात रकमको नियमित अनुगमन गर्नुपर्ने छ ।

(३) **व्यावसायिक जोखिम (Business Risk)**

संस्थामा व्यवसायिक रणनीतिको अभाव वा कार्यान्वयनमा कमजोरी, व्यवस्थापनमा कमीकमजोरी, कार्यक्षमताको अभाव, प्रतिष्ठामा हानि जस्ता बाह्य पक्षसँग असम्बन्धित संस्थाको आफ्नै कारणले आम्दानीभन्दा खर्च बढी भई संस्थाको वित्तीय अवस्थामा हुन सक्ने हानि (impairment) **लगायतका अन्य व्यवस्थाहरुलाई व्यावसायिक जोखिम अन्तर्गत वर्गीकरण गरी कम्तीमा देहायका व्यवस्थाहरु गर्नुपर्ने छ :**

(क) संस्थाले व्यवसायिक जोखिमका आन्तरिक श्रोतहरू पहिचान गरी त्यसबाट व्यवसायमा पर्न सक्ने असरको आँकलन गर्नुपर्ने छ ।

(ख) संस्थाको सञ्चालक समितिले प्रभावकारी रुपमा भुक्तानी सेवा सञ्चालन गर्न आवश्यक व्यावसायिक योजना तर्जुमा गरी सोको कार्यान्वयनको समेत नियमित अनुगमन गर्नुपर्ने छ ।

(ग) **संस्थाले व्यावसायिक निरन्तरता तथा वृद्धिसम्बन्धी कम्तीमा ३ वर्षको रणनीतिक योजना (Strategic Plan) तयार गर्नुपर्ने छ । यस्तो रणनीतिक योजनाको कार्यान्वयनका लागि समयसीमा, जिम्मेवार विभाग/इकाई/कर्मचारी आदि तोकी विस्तृत कार्ययोजना तर्जुमा गर्नुपर्ने छ ।**

(४) **क्रेडिट जोखिम (Credit Risk)**

संस्थासँग सम्बद्ध सेटलमेन्ट बैंक, सहभागी संस्था लगायतका पक्षहरूले आफ्नो वित्तीय दायित्व पूरा गर्न असमर्थ हुन सक्ने जोखिमलाई क्रेडिट जोखिम **अन्तर्गत वर्गीकरण गरी कम्तीमा देहायका व्यवस्थाहरु गर्नुपर्ने छः**

(क) अन्य संस्थालाई आफ्नो प्रणालीमा आबद्ध गराउँदा कुनै वित्तीय दायित्व सिर्जना हुन सक्ने अवस्थामा उक्त दायित्व वहन गर्ने जिम्मेवारी स्पष्ट हुने गरी सम्झौता गर्नुपर्ने छ ।

(ख) संस्थासँग सम्बद्ध कुनै पक्षले आफ्नो वित्तीय दायित्व पूरा गर्न नसक्ने अवस्था सिर्जना भएमा संस्थालाई वा संस्थासँग आबद्ध अन्य पक्षलाई उक्त कारणले पर्न सक्ने असरको आँकलन गरी व्यवस्थापनको **लागि Settlement Guarantee Fund (SGF) वा सोही प्रकृतिका अन्य उपायहरु** अवलम्बन गर्नुपर्ने छ ।

(ग) **संस्थाले High Risk Counterparties पहिचान गर्नका लागि विगतका कारोबारको प्रवृत्ति (Trend) को नियमित अनुगमन गर्नुपर्ने छ । यस्ता Counterparties बाट हुन सक्ने क्रेडिट जोखिम न्यूनीकरण गर्नका लागि माथि बुँदा (ख) मा उल्लिखित व्यवस्थाहरु अवलम्बन गर्नुपर्ने छ ।**

(५) **प्रणालीगत जोखिम (Systemic Risk)**

कुनै एक प्रणाली वा संस्थामा समस्या आउँदा त्यसको असर सम्पूर्ण भुक्तानी प्रणालीमा पर्न सक्ने जोखिमलाई प्रणालीगत जोखिम (Systemic Risk) अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ । भुक्तानी, क्लियरिङ तथा सेटलमेन्ट प्रक्रियाको लागि एक वा एकभन्दा बढी संस्थाहरूसँग निर्भर रहेर सेवा सञ्चालन गर्दा कुनै एक प्रणाली वा संस्थामा समस्या आउँदा त्यसको असर सम्पूर्ण भुक्तानी प्रणाली क्षेत्रमा पर्न सक्ने जोखिम समेत प्रणालीगत जोखिम अन्तर्गत पर्नेछ । **प्रणालीगत जोखिम व्यवस्थापनका लागि कम्तीमा देहायका व्यवस्थाहरु अवलम्बन गर्नुपर्ने छ** :

(क) बाह्य सेवा (Outsourced Service) प्रयोग गरेको अवस्थामा वा अन्य प्रणाली तथा संस्थासँग आबद्ध भई कारोबार गर्दा आउन सक्ने Interdependency Risk लाई व्यवस्थापन गरी Critical सेवा सुचारु राख्न वैकल्पिक व्यवस्था गर्नुपर्ने छ ।

(६) **कानुनी जोखिम (Legal Risk)**

संस्था वा संस्थामा आवद्ध अन्य सहभागीसँग सम्बन्धित कुनै कानुन वा नियमको अप्रत्याशित प्रयोगबाट संस्थालाई हानी नोक्सानी हुन सक्ने जोखिम कानुनी जोखिम अन्तर्गत पर्दछ । कानुनी जोखिममा वित्तीय सम्पत्तिको रिकभरीमा ढिलाइ वा कानुनी प्रक्रियाको परिणामस्वरूप सम्पत्ति फ्रिज भई हुने नोक्सानीको जोखिम पनि समावेश हुनेछ । **कानुनी जोखिम व्यवस्थापनका लागि कम्तीमा देहायका व्यवस्थाहरु अवलम्बन गर्नुपर्ने छ** :

(क) संस्थाले कानुनी जोखिमका श्रोतहरू पहिचान गरी त्यसबाट व्यवसायमा पर्न सक्ने असरको आँकलन गर्नुपर्ने छ ।

(७) **प्रविधि जोखिम (Technology Risk)**

**संस्थाले प्रयोग गर्ने विभिन्न प्रणालीहरुमा हुनसक्ने साइबर आक्रमण, Data Confidentiality Breach, System Vulnerabilities, System Operations Failure, अन्तरआवद्धताबाट उत्पन्न हुने जोखिम, Data Integrity सम्बन्धी जोखिम साथै Industry Standards (जस्तै ISO 27001, ISO 2022 Messaging Standard आदि) को अनुपालाना नगर्दा उत्पन्न हुन सक्ने जोखिम लगायतका विषयलाई प्रविधि जोखिमको रुपमा परिभाषित गरी सोको उचित व्यवस्थापनका लागि कम्तीमा देहायको व्यवस्था अवलम्बन गर्नुपर्ने छ :**

**(क) संस्थाले प्रविधि जोखिमका श्रोतहरु पहिचान गरी त्यसबाट व्यवसायमा पर्न सक्ने असर आँकलन गरी व्यवस्थापनको लागि उपयुक्त उपाय अपनाउनुपर्ने छ ।**

**(ख) संस्थाले प्रयोगमा ल्याएका सफ्टवेयर तथा हार्डवेयर (नेटवर्क उपकरणसहित) को End-of-Life (EOL) अवधि नियमितरुपमा अनुगमन गरी आवश्यकतानुसार अद्यावधिक/प्रतिस्थापन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।**

**(ग) संस्थाले प्रयोगमा ल्याएका सफ्टवेयर, हार्डवेयर तथा नेटवर्क पूर्वाधारको आवधिकरुपमा प्राविधिक लेखापरीक्षण (Technology Audit) गर्नुपर्ने छ ।**

**(घ) संस्थाले साइबर जोखिम Identification, Protection, Detection, Response तथा Recovery, Situational Awareness र सुरक्षित प्रणालीको निरन्तर विकास, कारोबार Messaging Standards, Encryption Standards तथा विद्युतीय कारोबारमा आउने जोखिमको पहिचान, विश्लेषण र व्यवस्थापनलाई प्रभावकारी र व्यवस्थित बनाउनका लागि नीति तथा कार्यविधि तर्जुमा गर्दा यस बैंकले जारी गरेको Cyber Resilience Guidelines लाई मार्गदर्शनको रुपमा लिनुपर्ने छ ।**

**(ङ) संस्थाले Fraud Detection तथा व्यवस्थापनका लागि Artificial Intelligence (AI)/ Machine Learning (ML) मा आधारित Fraud Risk Management प्रणालीहरु अवलम्बन गर्न सक्नेछन् ।**

**(८) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा लगानीसम्बन्धी जोखिम (AML/CFT)**

**अनुमतिपत्रप्राप्त संस्थाले सञ्चालन गरेको प्रणालीमा ग्राहक पहिचान तथा सम्पुष्टि, नियमित कारोबार तथा गतिविधि अनुगमन लगायतका उचित प्रावधानहरु नहुँदा संस्थाको प्रणाली सम्पत्ति शुद्धीकरणसम्बन्धी कार्यमा प्रयोग हुन सक्ने जोखिमलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा लगानीसम्बन्धी जोखिममा परिभाषित गरी आफूले सञ्चालन गरेको प्रणालीमार्फत हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा लगानीसम्बन्धी जोखिमहरुको पहिचान, मूल्याङ्कन एवं व्यवस्थापनको उपयुक्त उपायहरु अपनाउनु पर्ने छ ।**

३. संस्थाले बुँदा नं. २ मा उल्लेख गरिएका अतिरिक्त अन्य जोखिम (Reputation Risk, Strategic Risk लगायत) पहिचान गरी सोको व्यवस्थापन गर्न न्यूनतम देहायका विषय समावेश गरी नीति तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने छ :

(क) जोखिम पहिचान तथा वर्गीकरण (Risk Identification and Categorization)

(ख) जोखिम मापनको आधार (Risk Measurement)

(ग) पहिचान गरिएका जोखिम नियन्त्रण गर्न अपनाइने पद्धति (Control Measures)

(घ) जोखिम व्यवस्थापनसम्बन्धी जिम्मेवारी (Risk Management Responsibilities)

(ङ) रिर्पोटिङ्ग (Reporting)

४. संस्थाले जोखिम व्यवस्थापनको लागि Principle for Financial Market Infrastructure (PFMI) का सिद्धान्तहरूलाई समेत मार्गदर्शनको रुपमा लिनुपर्ने छ ।

५. संस्थाको जोखिम व्यवस्थापनसम्बन्धी नीति, प्रक्रिया तथा संरचनाको प्रभावकारितासम्बन्धमा निरन्तर अनुगमन गर्न जोखिम पुस्तिका (Risk Register) खडा गरी त्रैमासिक रुपमा अद्यावधिक समेत गर्नुपर्ने छ ।

६. संस्थाले विभिन्न जोखिमहरूको प्रभावकारी व्यवस्थापन तथा जोखिमसम्बन्धी नीति नियमहरूको तर्जुमा गर्न एक छुटै जोखिम व्यवस्थापन इकाईको व्यवस्था गर्नुपर्ने छ । साथै, एक जना अधिकृतस्तरको कर्मचारीलाई जोखिम व्यवस्थापन अधिकृत (Risk Management Officer) नियुक्त गरी सोको जिम्मेवारी दिनुपर्ने छ ।

७. संस्थाको उच्च व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी जोखिम व्यवस्थापनका लागि आ-आफ्नो जिम्मेवारी प्रति सजग हुने गरी Risk Culture को विकास गर्नुपर्ने छ । संस्थाको समग्र जोखिम व्यवस्थापनका लागि सञ्चालक समिति उत्तरदायी हुनेछ ।

८. जोखिम व्यवस्थापन इकाईले सञ्चालक समितिको बैठकमा आवधिक रुपमा जोखिमसम्बन्धी विषयमा रिपोर्टिङ्ग गर्नुपर्ने छ ।

## ९. खारेजी र बचाऊ

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. १२/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

# भुक्तानी प्रणाली विभाग

## अ.प्रा.निर्देशन नं.१४/०८१

## ग्राहक हित संरक्षणसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूले पालना गर्नुपर्ने ग्राहक हित संरक्षणसम्बन्धी व्यवस्थासम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ।

### १. पारदर्शीतासम्बन्धी व्यवस्था

(१) अनुमतिपत्रप्राप्त संस्थाले आफ्ना ग्राहकलाई उपलब्ध गराउने सेवासँग सम्बन्धित आवश्यक विवरण तथा जानकारी सबैले बुझ्नेगरी संस्थाको एप्लिकेशन (App) तथा वेबसाइट (Website) को अग्रभागमा प्रकाशन गर्नुपर्ने छ।

(२) यसरी Website मा राखिने विवरणहरू स्पष्ट, सरल र यथासम्भव नेपाली भाषामा समेत हुनुपर्ने छ। साथै, सेवाग्राहीसँगको कारोबारमा प्रयोग हुने कागजातहरू नेपाली भाषामा समेत उपलब्ध हुने व्यवस्था मिलाउनुपर्नेछ।

(३) कारोबारको सिलसिलामा संस्थाले सेवाग्राहीको व्यक्तिगत विवरण लिँदा सोको प्रयोजन बारे जानकारी गराउनुपर्ने छ।

(४) संस्थाले स्पष्ट र सरल भाषामा कारोबारको लागि सेवाग्राहीले गर्नुपर्ने Activation, पिन परिवर्तन, सेवामा अन्तर्निहित शर्त तथा बन्देज, सेवाका विशेषता, कारोबार सञ्चालन प्रक्रिया लगायतका विषयमा सेवाग्राहीलाई अद्यावधिक सूचना प्रवाह गर्नुपर्ने छ।

(५) सेवाग्राहीको वालेटको सञ्चालन अवस्था (सक्रिय वा निष्क्रिय) बारेमा सेवाग्राहीले स्पष्ट रुपमा हेर्न सक्ने व्यवस्था गर्नुपर्ने छ।

(६) विद्युतीय भुक्तानी प्राप्त गर्ने व्यक्ति/संस्थाले पठाउने व्यक्ति/संस्थाको नाम, Transaction ID/Reference No., सेवा प्रदायकको नाम तथा कारोबारको प्रयोजन हेर्न सक्ने व्यवस्था गर्नुपर्ने छ।

(७) **संस्थाले ग्राहकले प्रयोग गर्ने विद्युतीय भुक्तानीसम्बन्धी विविध सेवाहरु ग्राहक स्वयंले विद्युतीय माध्यम (सम्बन्धित एप वा वेब पोर्टल) मार्फत निष्क्रिय गर्न र पुनः सक्रिय गर्न सक्ने व्यवस्था मिलाउनुपर्ने छ।**

### २. कारोबार तथा शुल्कसम्बन्धी व्यवस्था

(१) संस्थाले दोहोरो अर्थ नलाग्ने गरी स्पष्ट र सरल भाषामा आफ्नो सेवा शुल्कको बारेमा सेवाग्राहीलाई अद्यावधिक जानकारी दिनुपर्ने छ।

(२) विद्युतीय कारोबार गर्दा लिइने सेवा शुल्कसम्बन्धी विवरण संस्थाको वेवसाइटमा प्रष्ट देखिने गरी सार्वजनिक गर्नुपर्ने छ । साथै, शुल्क परिवर्तन भएको अवस्थामा तत्काल अद्यावधिक गर्नुपर्ने छ ।

(३) संस्थाले सम्बन्धित ग्राहकको पूर्व स्वीकृति लिएर मात्र भुक्तानी उपकरणको सेवा उपलब्ध गराउनुपर्ने छ । ग्राहकले छनौट गरेका उपकरणहरूको सेवा शुल्क, ब्याज तथा हर्जानासम्बन्धी व्यवस्था संस्था र सेवाग्राहीबीच हुने सम्झौतामा स्पष्ट रुपमा उल्लेख गर्नुको साथै, शुल्कसम्बन्धी विवरण सेवा सञ्चालन पूर्व नै सम्बन्धित ग्राहकलाई विद्युतीय वा भौतिक रुपमै उपलब्ध गराउनुपर्ने छ । यस्तो शुल्क लिँदा सेवाग्राहीलाई कुनै किसिमको विभेद गर्न पाइने छैन ।

(४) ग्राहकसँग कारोबारमा अतिरिक्त सेवा शुल्क लिने उद्देश्यले दोहोरो अर्थ लाग्ने गरी कारोबारको सूचना सम्प्रेषण गर्नु हुँदैन ।

(५) कुनै पनि सेवा प्रदान गर्दा अतिरिक्त शुल्क लाग्ने भएमा त्यस्तो सेवालाई Default Option राख्नु हुँदैन ।

(६) भुक्तानी कारोबार गर्दा कुनै निश्चित सेवा प्रदायकको मात्र सेवा प्राप्त हुने गरी Priority दिने किसिमको कार्य गर्नु हुँदैन ।

(७) कुनै पनि कारोबार पश्चात् उक्त कारोबार सम्पन्न भए नभएको स्पष्ट जानकारी तत्कालै विद्युतीय माध्यमबाट दिने व्यवस्था गर्नुपर्ने छ ।

(८) ग्राहकहरूलाई साविकमा उपलब्ध गराएको सुविधाहरू सम्बन्धित ग्राहकको स्वीकृति बिना बन्द गर्न पाईने छैन ।

(९) **प्रत्येक कारोबार सम्पन्न भएपछि अनिवार्य रूपमा सम्बन्धित ग्राहकलाई तत्काल SMS मार्फत सन्देश दिनुपर्ने छ । साथै, ग्राहकले अन्य विद्युतीय माध्यमबाट सन्देश माग गरेमा सो समेत उपलब्ध गराउनुपर्ने छ ।**

(१०) **ग्राहकलाई विद्युतीय कार्ड जारी गर्दा आवेदन फारमसँगै कार्ड जारी गर्दा र कारोबार गर्दा लाग्ने शुल्क, कारोबारको सीमा, कार्डको प्रयोग गर्दा लाग्ने ब्याजदर, कार्डबाट प्राप्त हुने अन्य सुविधाहरू लगायतका विषय समेटिएको सूचनामूलक सामाग्री प्रदान गर्नुपर्ने छ ।**

(११) **ATM कारोबारसम्बन्धमा ग्राहकलाई तत्काल कुनै जानकारी/सहयोग आवश्यक भएमा सो प्रयोजनका लागि ATM रहेको स्थानमा सम्बन्धित कर्मचारीको नाम र सम्पर्क मोबाइल नं. तथा सम्बन्धित संस्थाको नाम, ठेगाना र टेलिफोन नं. नेपाली र अंग्रेजी भाषामा ग्राहकले प्रष्टसँग देख्ने र बुझ्ने गरी राख्नुपर्ने छ । यस प्रकारको विवरण नियमित रुपमा अद्यावधिक गरी सो को अभिलेख समेत राख्नुपर्ने छ ।**

(१२) **कुनै प्राविधिक कारणले ATM नचलेमा, ATM मा पर्याप्त नगद नभएमा, नगद ननिस्किएमा वा अन्य समस्या उत्पन्न भएमा तत्काल सोको सूचना सम्बन्धित ATM**

**सञ्चालन गर्ने संस्थामा पुग्ने व्यवस्था गर्नुपर्ने छ । साथै, सोको सूचना आवश्यकता अनुसार कार्ड जारी गर्ने संस्थामा समेत पुग्ने व्यवस्था मिलाउनुपर्ने छ ।**

## ३. सेवाग्राहीसँग गरिने व्यवहारसम्बन्धी व्यवस्था

(१) संस्थाले सबै सेवाग्राहीहरूलाई समान र सम्मानजनक व्यवहार गर्नुपर्ने छ ।

(२) लिङ्ग, धर्म, समुदाय, राजनीतिक विचार, उमेर आदिको आधारमा कुनै पनि सेवाग्राहीलाई विभेद गर्नु हुँदैन ।

(३) संस्थाले आफ्ना कर्मचारी तथा एजेन्टहरूबाट ग्राहकसँग गरिएको कामकारबाहीको जिम्मेवारी वहन गर्नुपर्ने छ ।

## ४. गुनासो सुनुवाईसम्बन्धमा

(१) विद्युतीय भुक्तानी सेवा प्रयोग गर्दा आउन सक्ने कठिनाईकासम्बन्धमा सेवाग्राहीको गुनासो सुनुवाई गर्न संस्थाले कम्तीमा १६ घण्टा (बिहान ६ बजेदेखि बेलुका १० बजे सम्म) छुट्टै डेस्क सञ्चालन हुने व्यवस्था मिलाई गुनासो सुन्ने अधिकारी समेत तोक्नु पर्नेछ । संस्थाले उक्त अधिकारीको नाम, पद, सम्पर्क मोबाइल नं. र इमेल ठेगाना वेबसाइटको अग्रभागमा राख्नुपर्ने छ । यसरी प्राप्त गुनासो र सोको आधारमा भएका काम कारबाहीको अद्यावधिक अभिलेख समेत राख्नुपर्ने छ ।

(२) कार्ड हराएमा वा चोरी भएमा वा कारोबारको क्रममा अन्य समस्या देखिएमा ग्राहकलाई तत्काल सहयोग गर्न २४ सै घण्टा सञ्चालन हुने गरी सम्बन्धित संस्थाले Helpdesk को व्यवस्था गर्नुपर्ने छ ।

(३) संस्थाले सेवाग्राहीको गुनासो सुनुवाईका लागि हटलाइनका साथै आफ्नो वेबसाइटमा अनलाईन पोर्टल समेतको व्यवस्था गर्नुपर्ने छ । साथै, मोबाइल एपबाट समेत गुनासो दर्ता गर्न मिल्ने व्यवस्था गर्नुपर्ने छ ।

(४) भुक्तानी सेवा प्रदायक संस्थाले ग्राहकको सोधपुछ र गुनासो सुनुवाईको लागि कम्तीमा दुई वटा दूरसञ्चार सेवाप्रदायकको Toll Free Number उपलब्ध गराउनुपर्ने छ ।

(५) अनुमतिपत्रप्राप्त संस्थाले उपलब्ध गराएको सेवामा ग्राहकहरूलाई कुनै गुनासो भएमा सो सम्बोधन गर्ने प्रयोजनको लागि निर्माण गरिएको यस बैंकको गुनासो पोर्टल https://gunaso.nrb.org.np/ को Link ग्राहकले प्रष्ट देख्नेगरी आफ्नो वेबसाइटमा राख्नुपर्ने छ ।

## ५. विद्युतीय भुक्तानी साक्षरतासम्बन्धमा

(१) विद्युतीय कारोबार गर्दा हुनसक्ने जोखिम, ठगी तथा अपराधहरू बारे ग्राहकलाई सचेत गराउन leaflet, brochure, frequently asked questions (FAQs), knowledge kit, जानकारीमूलक videos जस्ता सचेतनाका सामाग्री सम्प्रेषण गर्नुपर्ने छ ।

(२) संस्थाले आफ्ना बार्षिक कार्यक्रममा विद्युतीय भुक्तानीसम्बन्धी साक्षरता कार्यक्रम समावेश गर्नुपर्ने छ ।

(३) संस्थाले आफुले प्रदान गर्ने सेवासम्बन्धमा सर्वसाधारणलाई नियमित तवरले सुसूचित गर्ने र विद्युतीय भुक्तानी प्रणाली प्रवर्द्धनलाई सहयोग पुग्ने विज्ञापन तथा सामग्री नियमित रुपमा प्रसारण तथा प्रोत्साहन गर्नुपर्ने छ ।

## ६. अस्थायी रुपमा सेवा बन्द गर्दा अपनाउनुपर्ने प्रक्रिया

(१) विद्युतीय भुक्तानीसम्बन्धी सेवाहरू मर्मत सम्भार, स्तरवृद्धि वा अन्य विशेष कारणवस अस्थायी रुपमा बन्द गर्नुपर्दा कारोबार कम हुने समय (सामान्यतया राती १० बजेदेखि बिहान ६ बजेसम्म) मा गर्नुपर्ने छ । यसरी सेवा बन्द गर्दा २ घण्टा सम्मको लागि सेवा अवरुद्ध हुने भएमा यस विभागलाई पूर्व जानकारी गराउनुपर्ने छ ।

(२) बुँदा नं. (१) मा उल्लिखित बाहेकका अवस्थामा सेवा अस्थायी रुपमा बन्द गर्दा कम्तीमा ५ दिन अगावै यस बैंकको पूर्व स्वीकृति लिनुपर्ने छ । तर, असाधारण परिस्थिति सृजना भई पूर्व स्वीकृति लिन सम्भव नभई सेवा अवरुद्ध हुन गएमा सोको विवरणसहित अविलम्ब यस बैंकलाई जानकारी गराउनुपर्ने छ ।

(३) सेवा बन्द हुने बारेमा सम्बन्धित संस्थाले आफ्नो वेबसाइट र एप्लिकेशनबाट अनिवार्य रुपमा र आवश्यकता अनुसार अन्य सूचनाका माध्यमबाट सूचना प्रकाशन गर्नुपर्ने छ ।

## ७. गोपनीयता एवम् अभिलेख सुरक्षित राख्नेसम्बन्धमा

(१) संस्थाले कारोबार सम्पन्न भएको मितिले कम्तीमा पाँच वर्षसम्म विद्युतीय रुपमा कारोबारको अभिलेख सुरक्षित राख्नुपर्ने छ ।

(२) संस्थाले सेवाग्राहीसँग गरिएको विद्युतीय कारोबारको सूचना/विवरणको गोपनीयता कायम गर्नुपर्ने छ । तर, प्रचलित कानुनबमोजिम अख्तियारप्राप्त निकाय वा संस्थाबाट माग भई आएमा त्यस्तो सूचना/विवरण दिन भने यस व्यवस्थाले वाधा पुगेको मानिने छैन ।

(३) कुनै सेवाग्राहीले आफ्नो खाता/वालेट बन्द गर्न अनुरोध गरेमा सम्बन्धित सेवाग्राहीबाट निवेदन लिई उक्त खाता पुनः सुचारु गर्न नसकिने गरी बन्द गर्ने व्यवस्था गर्नुपर्ने छ । तर, बन्द गर्नुपूर्व उक्त खाता/वालेटमार्फत भएको कारोबारको अभिलेख कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नुपर्ने छ ।

८. विद्युतीय कारोबार गर्दा संस्थाको असावधानी/लापरवाहीले गर्दा सेवाग्राहीलाई कुनै क्षति हुन गएमा संस्थाले सम्बन्धित ग्राहकलाई उचित क्षतिपूर्ति दिनुपर्ने छ ।

९. **अनुमतिपत्रप्राप्त संस्थाले विभिन्न प्रकारका विवाद, विवाद व्यवस्थापनको प्रक्रिया तथा व्यवस्थापनका लागि लाग्ने अधिकतम समयावधि लगायतका विषय समेटेर विवाद व्यवस्थापन कार्यविधि तयार गरी लागू गर्नुपर्ने छ । साथै, ग्राहकलाई विद्युतीय माध्यमबाट विवाद दर्ता गर्न तथा विवाद समाधानको अवस्था बारे जानकारी प्राप्त गर्न एप तथा वेबसाईटमा आवश्यक व्यवस्था गर्नुपर्ने छ ।**

## १०. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को ग्राहक हित संरक्षणसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. १३/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा.निर्देशन नं.१५/०८०**

## सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्था

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था (बैंक तथा वित्तीय संस्था बाहेक) लाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. र भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ।

१. **नीति तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेसम्बन्धमा**

(१) भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) बमोजिमका प्रावधानहरूको पालना गर्नका लागि न्यूनतम देहायका व्यवस्थाहरूकोसम्बन्धमा नीति तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने छ :

(क) ग्राहक पहिचान तथा सम्पुष्टि **तथा व्यावसायिक सम्बन्धको प्रयोग र शर्तको पालना**

(ख) सूचिकृत व्यक्ति पहिचान

(ग) उच्च पदस्थ व्यक्ति पहिचान

(घ) वास्तविक धनी पहिचान

(ङ) बृहत् ग्राहक पहिचान

(च) कार्यान्वयन अधिकारी

(छ) ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक

(ज) शंकास्पद कारोबारको पहिचान तथा जानकारी

(झ) जोखिम व्यवस्थापन

(ञ) प्रविधिगत पहिचान तथा सूचना संकलनको प्रणालीगत व्यवस्था

(ट) निरन्तर अनुगमन

(ठ) सूचनाको गोप्यता

(ड) आन्तरिक नियन्त्रण

(ढ) अभिलेख व्यवस्थापन

**(ण) कर्मचारी भर्ना, व्यवस्थापन, आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन**

**(त) कामकारबाहीको स्वतन्त्र अनुगमन, निरीक्षण, लेखापरीक्षण गरी अभिलेख राख्ने/अद्यावधिक गर्ने प्रभावकारी व्यवस्था,**

**(थ) ऐनको दफा ७ञ. र ७ठ. सँग सम्बन्धित काम वा कारोबारको सिलसिलामा सम्बन्धित संस्थासँग सूचना आदानप्रदान गर्ने व्यवस्था**

(द) संस्थाका शेयरधनी, सञ्चालक समितिका सदस्यहरू तथा उच्च व्यवस्थापन र कर्मचारीहरूलाई ऐन, नियमावली तथा यस निर्देशनको पालनाको लागि नियमित रुपमा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था

(ध) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा लगानी निवारणसम्बन्धी कानूनबमोजिम सूचक संस्थाले पालना गर्नुपर्ने अन्य दायित्व

(२) उपबुँदा (१) बमोजिम नीति तथा कार्यविधि तयार गर्दा ऐन तथा नियमावलीमा भएका प्रावधानहरूको अनुपालना हुने व्यवस्था गर्नुपर्ने छ ।

(३) **सूचक संस्थाले प्रचलित कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसुर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा कम्तीमा एक पटक जोखिममा आधारित नीति, कार्यविधि तथा कार्ययोजनामा आवश्यक पुनरावलोकन गरी Supervisory Information System (SIS)/Reporting Portal मा अद्यावधिक गर्नुपर्ने छ ।**

(४) **अनुमतिपत्रप्राप्त संस्थाले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई तथा सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा समक्ष पेश गर्नुपर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पठाउनु पर्नेछ ।**

(५) यस बैंकले जारी गरेका ग्राहक पहिचान (KYC) सम्बन्धी निर्देशनको पूर्णरूपमा परिपालना गरेको हुनुपर्ने छ । ग्राहक पहिचानसम्बन्धी व्यवस्थाबमोजिम पूर्ण रुपमा कागजात तथा विवरण पेश नगरी कारोबार गरिरहेका विद्यमान ग्राहकहरूको हकमा संस्थाले २०८१ असार मसान्तसम्ममा सम्पूर्ण कागजात तथा विवरण लिई ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने व्यवस्था गर्नुपर्ने छ ।

(६) भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाले वालेट सञ्चालन गर्न ग्राहक पहिचानसम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्न/गराउन आवश्यक कागजात/विवरणहरूको सूची तयार गरी Online फाराम भर्ने/भराउने तथा अद्यावधिक गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(७) वालेटमार्फत कारोबार गर्ने ग्राहकहरूका लागि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागबाट जारी गरिएको ग्राहक पहिचान (Know Your Customer) सम्बन्धी निर्देशनको पूर्णरूपमा परिपालना गरेको हुनुपर्ने छ ।

**(८) अनुमतिपत्रप्राप्त संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७च तथा सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०८१ को नियम ९ बमोजिम वार्षिक रु.१,००,०००।- (अक्षरेपी एक लाख) सम्मको कारोबार गर्ने मर्चेन्टलाई आबद्ध गर्दा सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछन् । यसरी सरलीकृत ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा देहायबमोजिमका मापदण्ड/प्रक्रिया अपनाउनुपर्ने छ :**

**(१) सरलीकृत पद्धतिबाट मर्चेन्ट आबद्ध गर्न छुट्टै फारम तयार गरी देहायका विवरण लिनुपर्ने छ :**

**(क) व्यवसाय/मर्चेन्टको नाम**
**(ख) व्यवसायको ठेगाना,**
**(ग) सम्पर्क नं.**
**(घ) व्यवसायको प्रकृति**
**(ङ) कारोबार गर्ने भौगोलिक क्षेत्र**
**(च) अनुमानित मासिक कारोबार**
**(अ) संख्या :**
**(आ) रकम :**

**(२) उपबुँदा (१) बमोजिमका विवरणको सम्पुष्टिको लागि देहायबमोजिमको (कुनै दुई) मापदण्ड/प्रक्रिया अवलम्बन गर्नुपर्ने छ :**

**(क) व्यवसायको दर्ता (दर्ता भएको व्यवसायको हकमा)**
**(ख) मर्चेन्टको व्यवसायको अस्तित्व तथा गतिविधिको पुष्टि हुने कागजात (वडा कार्यालय वा स्थानीय निकायजस्ता विश्वसनीय तेस्रो पक्षले उपलब्ध गराएको)**
**(ग) व्यवसायको स्थलगत निरीक्षण गरेर वा भरपर्दो भिडियो तथा फोटोमार्फत प्रमाणीकरण,**
**(घ) व्यवसायको प्रकृति, कारोबार गर्ने भौगोलिक क्षेत्र र अनुमानित मासिक कारोबार संख्या तथा रकमसम्बन्धमा प्रोप्राइटरले गरेको लिखित स्वःघोषणा,**
**(ङ) VAT/PAN दर्ता (उपलब्ध भएमा)**

**(३) संस्थाले व्यवसायको प्रोप्राइटरको पहिचान तथा सम्पुष्टि गर्नुपर्ने छ । पहिचान गर्दा देहायबमोजिम विवरण तथा सोको सम्पुष्टिको लागि कागजात लिनुपर्ने छ :**

**(क) प्रोप्राइटरको नाम**
**(ख) ठेगाना**
**(ग) सम्पर्क नं.**

**(घ) नागरिकता वा राष्ट्रिय परिचयपत्र**

**(ङ) PAN दर्ता (उपलब्ध भएमा)**

**(यस निर्देशनको लागि प्रोप्राइटर भन्नाले उक्त व्यवसायको धनी अथवा सञ्चालक सम्झनु पर्छ ।)**

(४) **यस निर्देशनबमोजिम आबद्ध गरिएका व्यवसायको एक भन्दा बढी प्रोप्राइटर भएको अवस्थामा सबै प्रोप्राइटरको उपबुँदा (३) बमोजिम पहिचान तथा सम्पुष्टि गर्नुपर्ने छ ।**

(५) **कुनै व्यवसायको कारोबारमा परिवार बाहेक अन्य कुनै व्यक्ति वास्तविक धनी रहेको शंका लागेमा सोको समेत पहिचान गर्नुपर्ने छ ।**

(६) **उपर्युक्त व्यवस्थाबमोजिम आबद्ध गरिएका व्यवसाय/मर्चेन्टको छुट्टै सूची तयार गरी अद्यावधिक गरी राख्नुपर्ने छ ।**

(७) **मर्चेन्ट आबद्ध गर्दा लिईएका विवरण देहायका अवस्थामा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्ने छ :**

**(क) ग्राहक पहिचान विवरण अनुरुप कारोबार मेल नखाएको अवस्थामा,**

**(ख) ग्राहक पहिचान विवरणमा उल्लिखित सूचना, जानकारी तथा तथ्याङ्क सत्यता वा पर्याप्तताको बारेमा संस्थालाई शंका लागेको अवस्थामा,**

**(ग) जोखिम मुल्याङ्कन गर्दा उच्च जोखिम देखिएमा,**

**(घ) संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको आधारमा अद्यावधिक गर्न आवश्यक देखिएमा ।**

(९) विद्युतीय वालेटमा ग्राहकले खाता खोल्दा तथा ग्राहक पहिचान विवरण अद्यावधिक गर्दा "पेश गरेको विवरण ठिक साँचो रहेको तथा सो विवरण झुटो ठहरिएमा कानुनबमोजिम सहुँला/बुझाउँला" भन्ने व्यहोराको विद्युतीय रुपमा स्व:घोषणा गर्न लगाउनुपर्ने छ ।

(१०) विद्युतीय वालेटमा रकम लोड गर्दा, एक वालेटबाट अर्को वालेटमा रकमान्तर गर्दा तथा अन्य विद्युतीय भुक्तानी कारोबार गर्दा अनिवार्य रुपमा प्रयोजन खुलाउनुपर्ने व्यवस्था गर्नुपर्ने छ ।

(११) संस्थामा आबद्ध हुने ग्राहक स्वयम् उपस्थित नभई व्यावसायिक सम्बन्ध स्थापना तथा कारोबार हुने अवस्थामा ऐनको दफा ७ट. र नियमावलीको नियम १० बमोजिम जोखिम मूल्याङ्कन गरी व्यवस्थापनका आवश्यक उपाय अबलम्बन गर्नुपर्ने छ ।

(१२) प्रत्येक संस्थाले AML/CFT सम्बन्धी जोखिमको विश्लेषण गरी तयार गरिएको जोखिम मूल्याङ्कन प्रतिवेदनबमोजिम जोखिम सापेक्ष हुनेगरी नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नुपर्ने छ ।

(१३) संस्थाले यस निर्देशन अन्तर्गत तर्जुमा गरिएको नीति तथा कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रणसम्बन्धमा छुट्टै प्रावधान राख्नुपर्ने छ । साथै, सम्पत्ति शुद्धीकरण (मनी

लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को परिच्छेद ६ख. मा उल्लिखित व्यवस्था पालना हुने गरी आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानीसम्बन्धमा निरन्तर अनुगमन गर्नको लागि कार्यप्रणाली अवलम्बन गर्नुपर्ने छ ।

संस्थाको लेखापरीक्षण प्रतिवेदनमा AML/CFT सम्बद्ध जोखिमको समेत विश्लेषण गर्नुपर्ने छ । **साथै संस्थाले सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सम्बन्धमा वर्ष भरी गरेको काम कारवाहीको समीक्षा सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई (२) महिनाभित्र सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा तथा यस विभागमा पेश गर्नुपर्ने छ ।**

(१४) प्रत्येक कारोबारको अभिलेख राख्दा आवश्यक परेको अवस्थामा फौजदारी अभियोगमा अभियोजन गर्दा प्रमाणको रुपमा प्रयोग गर्न सकिने गरी न्यूनतम देहायका विवरण समावेश गर्नुपर्ने छ :

(क) ग्राहक (हिताधिकारी समेत) को नाम, ठेगाना, सम्पर्क नं. तथा पहिचानसम्बन्धी विवरण

(ख) कारोबारको प्रकार र मिति

(ग) कारोबार रकम,

(घ) खाता नं

(ङ) प्रयोजन

## २. सीमा कारोबार, शंकास्पद कारोबार तथा शंकास्पद गतिविधि प्रतिवेदनसम्बन्धमा

(१) संस्थाले वित्तीय जानकारी ईकाईले जारी गरेको TTR Guidelines, STR/SAR Guidelines, goAML Operational Guidelines र अन्य Guidelines तथा मार्गदर्शनको पालना गर्नुपर्ने छ ।

(२) संस्थाले व्यवस्थापकीय तहको एक कार्यान्वयन अधिकारी (Compliance Officer) तोकी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण यस विभाग तथा वित्तीय जानकारी इकाईलाई सोको जानकारी गराउनुपर्ने छ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको जानकारी यस विभाग तथा वित्तीय जानकारी इकाईमा अविलम्ब पठाउनु पर्नेछ ।

### (३) सीमा कारोबार प्रतिवेदन (Threshold Transaction Reporting- TTR)

कुनै ग्राहकको एक वा एकभन्दा बढी खाता/वालेटमा एकै पटक वा पटक पटक गरी एक महिनामा (नेपाली क्यालेण्डर अनुसार) रु. १० लाख वा सो भन्दा बढी रकमको कारोबार भएमा सोसम्बन्धी सीमा कारोबार प्रतिवेदन (Threshold Transaction Reporting- TTR) कारोबार भएको मितिले १५ दिनभित्र goAML Software मार्फत

वित्तीय जानकारी ईकाईमा उपलब्ध गराउनुपर्ने छ । यसरी प्रतिवेदन तयार गर्दा संस्थाले एक प्राकृतिक व्यक्तिको कुल सीमा पहिचान गर्ने व्यवस्था गर्नुपर्ने छ ।

(४) **शंकास्पद कारोबार प्रतिवेदन (Suspicious Transaction Report- STR) तथा शंकास्पद गतिविधिसम्बन्धी प्रतिवेदन (Suspicious Activity Report- SAR)**

संस्थाले देहायबमोजिमको अवस्थाहरू विद्यमान भएमा **शंकास्पद कारोबार प्रतिवेदन (Suspicious Transaction Report- STR) वा शंकास्पद गतिविधिसम्बन्धी प्रतिवेदन (Suspicious Activity Report- SAR) goAML Software मार्फत आवश्यक जाँचबुझ गरी तत्काल** वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनुपर्ने छ :

(क) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानीसम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा, वा

(ख) आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी संगठन वा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा संगठनबाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा ।

३. संस्थाल ऐन, नियमावली तथा यस निर्देशनबमोजिम गरेका कार्यहरू र **ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम AML/CFT सम्बन्धी संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी** संक्षिप्त प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र **सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा** तथा **वित्तीय जानकारी इकाई (fiupolicy@nrb.org.np)** मा पेश गर्नुपर्ने छ ।

४. **अनुमतिपत्रप्राप्त संस्थाले जोखिम मूल्याङ्कन गर्नुपूर्व मूल्याङ्कनको पद्धति तथा वस्तुगत आधार तयार गरी सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा समक्ष आवश्यक रायसुझावका लागि पेश गर्नुपर्ने छ ।**

५. **जोखिम मूल्याङ्कनसम्बन्धमा :**

(१) संस्थाले ऐनको दफा ७घ. बमोजिम AML/CFT सम्बन्धी संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र यस विभाग तथा वित्तीय जानकारी इकाईमा पेश गनुपर्नेछ । यसरी जोखिम मूल्याङ्कन गर्दा संस्थाले ग्राहक (Customer), सेवा (Product), भौगोलिक क्षेत्र (Geographic Location) तथा सेवा प्रवाह गर्ने माध्यम (Delivery Channel) लगायतमा AML/CFT सम्बन्धमा हुनसक्ने जोखिमको पहिचान एवम् विश्लेषण गरी सोको मूल्याङ्कन गर्नुपर्ने छ ।

(२) उपबुँदा (१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गर्नुपर्ने छ ।

६. संस्थाले जोखिमका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धमा गनुपर्ने कार्यक्रमहरू तय गरी उक्त कार्यक्रमहरू आफ्नो वार्षिक वजेट तथा कार्ययोजनामा समावेश गर्नुपर्ने छ ।

७. **ऐनबमोजिम गर्नु पर्ने ग्राहक पहिचान,** लक्षित वित्तीय कारबाही, **निर्धारित सीमाभन्दा बढीको कारोबार वा शंकास्पद कारोबारको पहिचान तथा सोको आधार**, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोबारको अनुगमन **लगायत ऐन बमोजिम गर्नु पर्ने अन्य कामकारबाही विद्युतीय माध्यमबाट समेत गर्ने व्यवस्था/प्रणालीको विकास गर्नु पर्नेछ ।** साथै, उक्त अनुगमन प्रणाली जोखिमका आधारमा स्वचालित हुने व्यवस्था गर्नुपर्ने छ ।

८. नेपालभित्र जारी गरिएका भुक्तानी उपकरण (Payment Instruments) नेपालबाहिरबाट समेत प्रयोग हुँदा त्यसरी सम्पादन हुने कारोबारको सुक्ष्म निगरानी गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

९. ऐन, नियमावली, यस निर्देशनबमोजिम भए/गरेका काम कारबाही, अनुमतिपत्रप्राप्त संस्थाले अवलम्बन गरेको AML/CFT प्रणाली, जोखिम व्यवस्थापन, अस्वाभाविक गतिविधिको अनुगमन र तोकिएबमोजिम आवश्यक तथ्याङ्क तथा प्रतिवेदनहरू सम्बन्धित निकायमा पेश गर्नेसम्बन्धमा सञ्चालक समितिले त्रैमासिक रुपमा आवश्यक समीक्षा गरी उपयुक्त निर्णय गर्नुपर्ने छ ।

१०. संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले पालना गनुपर्ने आचरणसम्बन्धमा सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नुपर्ने छ ।

११. **कारबाही तथा सजायसम्बन्धमा**

(१) ऐन, नियमावली तथा यस निर्देशनको व्यवस्था पालना नगर्ने संस्था र संस्थाका कर्मचारी तथा पदाधिकारीलाई ऐनबमोजिमको कारबाही हुनेछ ।

(२) उपबुँदा (१) बमोजिम कारबाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सो बाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा यस बैंकले देहायबमोजिमको कारबाहीहरू गर्न सक्नेछ ।

| **क्र.सं.** | **पालना नभएको व्यवस्था** | **कारबाही** |
|---|---|---|
| १. | नीति तथा कार्यविधि नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने वा नसिहत दिने ।<br>(ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यताको आधारमा थप जरिवाना गर्ने । |
| २. | ग्राहक पहिचानसम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने वा नसिहत दिने ।<br>(ख) दोस्रो पटक रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाही |
|---|---|---|
| ३. | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | (क) रु.२० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ४. | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने वा नसिहत दिने ।<br>(ख) दोस्रो पटक रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ५. | निरन्तर अनुगमन सम्वन्धी व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि सचेत गराउने वा नसिहत दिने ।<br>(ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ६. | सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा तोकिएको समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ७. | शंकास्पद कारोबार/गतिविधिको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ८. | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | (क) पहिलो पटकका लागि सचेत गराउने वा नसिहत दिने ।<br>(ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ९. | तोकिएका विवरणहरूको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | (क) पहिलो पटकका लागि सचेत गराउने वा नसिहत दिने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १०. | ऐनको परिच्छेद ६ ख को व्यवस्था पालना भएको नपाइएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |

(३) उपबुँदा (२) बमोजिम कुनै पनि संस्था वा सोको पदाधिकारी वा कर्मचारीलाई कारबाही गर्नुअघि सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।

(४) उपबुँदा (२) बमोजिमको कारबाहीका अलावा आवश्यक देखिएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम यस बैंकले थप कारबाही गर्न सक्नेछ ।

(५) संस्थालाई यस बुँदाबमोजिम कारबाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारबाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सम्वन्धित संस्थाले प्रचलित कानुन वा संस्थाको विनियमावलीबमोजिम कारबाही गर्नुपर्ने छ ।

१२. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. १४/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

**अ.प्रा.निर्देशन नं. १६/०८१**

## <u>भुक्तानी प्रणालीको अन्तरआबद्धता (Interoperability) तथा पहुँच (Access) सम्बन्धी व्यवस्था</u>

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्यमा संलग्न संस्थाले आफ्नो प्रणाली (System), संयन्त्र (Mechanism) वा उपकरण (Instrument) लाई अन्य संस्थाले प्रचलनमा ल्याएको प्रणाली, संयन्त्र वा उपकरणसँग अन्तरआबद्धता (Interoperability) गरी भुक्तानी सेवालाई सर्वसुलभ बनाई सर्वसाधारणको पहुँच विस्तार गर्ने तथा जोखिम व्यवस्थापन गर्ने उद्देश्यले भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ :

१. "अन्तरआबद्धता (Interoperability)" भन्नाले कुनै पनि अनुमतिपत्रप्राप्त संस्थाको प्रणाली (System), संयन्त्र (Mechanism) वा उपकरण (Instrument) लाई अनुमतिपत्रप्राप्त अन्य संस्थाको प्रणाली, संयन्त्र वा उपकरणसँग विनाअवरोध संयोजन गराउन सहयोग गर्ने व्यावसायिक, प्राविधिक, तथा कानुनी व्यवस्था भन्ने जनाउँछ । यस्तो अन्तरआबद्धताले भुक्तानी सेवाका सहभागीलाई कुनै एउटा प्रणालीको सदस्य भई सोही प्रणालीमार्फत अन्य संस्था, उपकरण र प्रणालीसँग सूचना आदान प्रदान गर्न एवम् वित्तीय तथा भुक्तानी कारोबारको समाशोधन र फर्स्यौट गर्न सघाउँदछ ।

२. कुनै पनि अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक **संस्थाले संस्था भित्रै हुने कारोबार बाहेक अन्य कारोबार अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालकमार्फत गर्नुपर्ने छ ।**

३. नेपालमा सञ्चालन हुन लागेको प्रस्तावित National Payment Switch र Domestic Card Scheme मा अन्तरआबद्धता गर्न यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो प्रविधिमा आवश्यक परिमार्जन गर्नुपर्ने छ । अनुमतिप्रत्रप्राप्त संस्थाहरूले न्यूनतम रुपमा साना मूल्यका भुक्तानी प्रणाली अन्तर्गत देहायबमोजिमका उपकरण र सेवाहरूमा अन्तरआबद्धता लागू गर्नुपर्ने छ :

(क) मोबाइल बैंकिङ्ग तथा इन्टरनेट बैंकिङ्गमार्फत कुनै बैंक तथा वित्तीय संस्थामा रहेको खाताबाट अन्य बैंक वित्तीय संस्थामा रहेको खातामा रकम ट्रान्सफर हुनसक्ने गरी उक्त उपकरणहरूमा अन्तरआबद्धता कायम गर्ने ।

(ख) एउटा भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेटबाट अर्को भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेटमा रकमान्तर गर्नसक्ने गरी विद्युतीय वालेटमा अन्तरआबद्धता कायम गर्ने ।

(ग) Nepal QR Standardization Framework and Guidelines बमोजिम जारी भएका QR मा अन्तरआबद्धता कायम गर्ने । सोको लागि भुक्तानी प्रणाली सञ्चालकहरूले आफ्नो

Acquiring र Issuing APIs वा Interface आफ्ना सदस्यहरूलाई उपलब्ध गराउनुपर्ने ।

४. नेपाल सरकारको कर, जरिवाना, दस्तुर, रजिष्ट्रेसन तथा सेवा शुल्क लगायतका भुक्तानी गर्ने गरी निश्चित संस्था तोकिएको अवस्थामा समेत त्यस्तो संस्थाले आफ्नो प्रणालीमा अन्य संस्थाहरूलाई निर्वाध पहुँच दिनुपर्ने छ ।

५. विशेष प्रकृतिका अन्य कुनै उपकरणलाई अनिवार्य रुपमा अन्तरआवद्ध गर्ने गरी यस बैंकले निर्देशन दिएमा सोहीबमोजिम अन्तरआबद्धता कायम गर्नु गराउनुपर्ने छ ।

६. भुक्तानी प्रणाली सञ्चालकहरूबीच अन्तरआबद्धताको लागि संस्थाहरूले व्यवसायिक तथा प्राविधिक सम्झौता गरी कार्यान्वयन गर्न सक्नेछन् । यसरी सम्झौता गर्दा कम्तिमा देहायबमोजिमका विषय समावेश गरेको हुनुपर्ने छ :

(क) सहभागी संस्था बीचको सम्झौतामा प्राविधिक, व्यावसायिक तथा कानूनी विषय छुट्टाछुट्टै खण्डमा उल्लेख गर्नुपर्ने छ,

(ख) दूरसञ्चार सञ्जाल (Telecommunication Networks) को साझा उपयोग र प्रयोग गरिने विद्युतीय साधनहरू बीच हुने कारोबारको तथ्याङ्क तथा सूचना आदान प्रदानसम्बन्धी साझा मापदण्ड,

(ग) कारोबारको समाशोधन तथा फर्स्यौट गर्न प्रयोगमा ल्याइने विधि, संरचना र अन्तरआबद्धता कायम गर्दा लाग्ने शुल्क, शुल्क बाँडफाँड तथा सम्झौता उल्लंघन गर्दा हुने कारबाही वा क्षतिपूर्ति लगायतका विषय ।

(घ) एकअर्काका ग्राहकको गुनासो सुनुवाईसम्बन्धी व्यवस्था ।

७. यस बैंकले अन्यथा तोकेको अवस्थामा बाहेक, नेपालमा साना मूल्यका भुक्तानी प्रणाली सञ्चालन गर्ने वा साना मूल्यका भुक्तानी उपकरण जारी गर्ने सबै अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवाप्रदायक संस्थाले यससम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासद्वारा स्थापित प्राविधिक तथा व्यावसायिक मापदण्डहरूको पालना गर्नुपर्ने छ । कुनै संस्थाले सेवा सञ्चालन गर्दा यस्तो मापदण्ड पालना गर्न नसक्ने स्थिति सृजना भएमा यस बैंकको पूर्व स्वीकृति लिएर सेवा सञ्चालन गर्नुपर्ने छ ।

८. साना मूल्यका भुक्तानी प्रणाली सञ्चाल गर्न अनुमतिपत्रप्राप्त संस्थाले अन्य कुनै पनि अनुमतिपत्रप्राप्त संस्थालाई आफ्नो भुक्तानी प्रणालीमा पहुँच रोक्ने गरी नियमहरू बनाउन वा प्रविधिको प्रयोगमा रोक लगाउन पाउने छैन ।

तर त्यस्तो पहुँच दिँदा अन्य भुक्तानी प्रणाली वा संस्थाबाट तरलता जोखिम, सञ्चालन जोखिम, लगायत प्रणालीगत जोखिम आउने सक्ने देखिएमा वा प्रणालीको सुरक्षामा नकरात्मक प्रभाव पर्ने पर्याप्त आधार देखिएमा अनुमतिपत्रप्राप्त संस्थाले आफ्नो प्रणालीमा तोकिएको समयसम्मको लागि पहुँचमा रोक लगाउन सक्नेछ । यसरी पहुँचमा रोक

लगाइएको अवस्थामा सोको स्पष्ट आधार र कारण खुलाई सम्बन्धित संस्था र यस बैंकलाई यथाशीघ्र जानकारी गराउनुपर्ने छ ।

९. भुक्तानी प्रणाली सञ्चालकले भुक्तानी सेवा प्रदायक, अन्य भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रयोगकर्तालाई बैंक तथा वित्तीय संस्थाबाट आफ्नो भुक्तानी प्रणालीमा सहभागी हुन प्रतिबन्ध लगाउन, सहभागी संस्थाबीच विभेद हुने गरी नियम बनाउन वा संस्थाको आकार वा भुक्तानी कारोबारको आधारमा पहुँच रोक्ने कार्य गर्न पाउने छैन ।

१०. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले Settlement बैंकको रुपमा कार्य गर्दा गैर–बैंक भुक्तानी सेवासम्बन्धी संस्थालाई भेदभाव नहुने तथा संस्थाले प्रवाह गर्ने सेवा अवरुद्ध नहुने गरी आफ्नो संस्थामा Settlement खाता सञ्चालन गर्न दिनुपर्ने छ । तर यस्तो कार्यबाट भुक्तानी प्रणाली तथा सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई जोखिम हुने पर्याप्त आधार देखिएमा तोकिएको समयसम्मको लागि Settlement खाता सञ्चालन गर्न रोक लगाउन सक्नेछ । यसरी खाता सञ्चालनमा रोक लगाइएको स्पष्ट आधार र कारण खुलाई सम्बन्धित संस्था र यस बैंकलाई यथाशीघ्र जानकारी गराउनुपर्ने छ ।

११. भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायकहरूले अन्तरआबद्धतासम्बन्धी सेवा प्रदान गर्दा सेवाग्राहीबाट प्राप्त हुन आएका तथ्याङ्कको सुरक्षा तथा गोपनीयता कायम गर्नुपर्ने छ । साथै, तोकिएको सेवा प्रवाह गर्दा वाहेक अन्यत्र त्यस्तो तथ्याङ्कको प्रयोग नहुने सुनिश्चितता गर्नुपर्ने छ ।

१२. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को भुक्तानी प्रणालीको अन्तरआबद्धता (Interoperability) तथा पहुँच (Access) सम्बन्धी व्यवस्था अ.प्रा निर्देशन नं. १५/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## भुक्तानी प्रणाली विभाग

### अ.प्रा.निर्देशन नं. १७/०८१

### विविध व्यवस्थासम्बन्धमा

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाले पालना गर्नुपर्ने विविध व्यवस्थासम्बन्धमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्था (बैंक तथा वित्तीय संस्थाबाहेक) ले आफ्नो साइनबोर्ड तथा लेटरप्याडमा संस्थाको नामको ठीक तल अनिवार्यरूपमा कोष्ठमा देहायबमोजिमको वाक्यांश उल्लेख गर्नु/गराउनुपर्ने छ ।

| अनुमतिपत्रप्राप्त संस्था | उल्लेख गर्नुपर्ने वाक्यांश |
|---|---|
| भुक्तानी प्रणाली सञ्चालक | नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था |
| भुक्तानी सेवा प्रदायक | नेपाल राष्ट्र बैंकबाट "भुक्तानी सेवा प्रदायक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था |

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले भुक्तानी सेवा सञ्चालन गर्न Digital Payment Partner को रूपमा अन्य संस्थासँग आबद्धता गर्नु पर्दा यस बैंकबाट अनुमतिपत्रप्राप्त गरेका संस्थाहरूसँग मात्र गर्नु/गराउनुपर्ने छ ।

३. यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाले सहकारी संस्थाका ग्राहक सदस्यलाई सरकारी राजस्व भुक्तानी र Utility Payment प्रयोजनका लागि सम्बन्धित सहकारी संस्थालाई मर्चेन्टको रुपमा आफ्नो प्रणालीमा आबद्ध गर्न सक्नेछन् ।

४. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था आफैँले विद्युतीय भुक्तानी सेवा सञ्चालन गर्न तोकिएबमोजिम कागजात पेश गरी यस बैंकबाट अनुमति लिनुपर्ने छ । तर, यस बैंकलाई जानकारी गराई अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक/भुक्तानी प्रणाली सञ्चालक संस्थासँग आबद्ध भई विद्युतीय भुक्तानीसम्बन्धी कार्य गर्न उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

५. यस बैंकबाट इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका वित्तीय संस्थाले आफ्ना ग्राहकहरूलाई विद्युतीय भुक्तानीको माध्यमको रुपमा कम्तीमा मोबाइल बैंकिङ्ग सेवा उपलब्ध गराउनुपर्ने छ ।

६. डेबिट कार्ड, क्रेडिट कार्ड, क्यूआर कोड, Scan-to-Pay लगायत अन्य विद्युतीय माध्यमबाट भुक्तानी गरी वस्तु तथा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि करको १० (दश) प्रतिशतले

हुने रकम उपभोक्ताले तत्कालै फिर्ता पाउने व्यवस्थाको लागि आफ्नो प्रणालीमा सुधार गरी उल्लिखित व्यवस्था कार्यान्वयन गर्नुपर्ने छ ।

७. अनुमतिपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले विद्युतीय भुक्तानीका उपकरणहरू सञ्चालन गर्दा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागको निर्देशन र नीतिगत व्यवस्था अनुरुप हुने गरी सञ्चालन गर्नुपर्ने छ ।

८. **Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशी मुद्रामा हुने अन्तरदेशीय Retail Payments अन्तर्गतको Merchant Payment (P2M) को Acquiring तथा Issuing कारोबार गर्दा राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) मार्फत हुने गरी देहायका व्यवस्थाहरु समेत पालना गर्नुपर्ने छ :**

(१) **यो व्यवस्था लागू भएपश्चात् यस्तो कारोबार गर्न चाहने भुक्तानी सम्बन्धी कारोबार गर्न अनुमतिपत्रप्राप्त संस्थाले विदेशी संस्थासँग समझदारी (MOU) गर्नु पूर्व यस बैंकसँग पूर्व सहमति लिनु पर्नेछ । यस्तो पूर्व सहमतिको निवेदनसाथ प्रस्तावित विदेशी संस्थासँगको आवद्धताबाट हुने उपलब्धि/औचित्य लगायत यस विभागले माग गरेबमोजिमको कागजात/विवरण समेत पेश गर्नुपर्ने छ ।**

(२) **माथि उपबुँदा नं. १ बमोजिम MOU भएको विदेशी संस्थासँग कारोबार सुरु गर्नु पूर्व यस विभागबाट स्वीकृति प्राप्त गर्नुपर्ने छ । यस्तो स्वीकृतिको लागि निवेदन पेश गर्दा प्रचलित संस्थासँगको मूल सम्झौता (Main Agreement), विदेशी संस्थाको Profile, Interface, Configuration, कारोबार सम्बन्धी Rule, Fee Sharing, Transaction and Dispute Settlement Mechanism, Risk Management, भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा १४(२) मा उल्लिखित विषय, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण, साइबर सुरक्षा लगायत यस विभागले माग गरेबमोजिमका कागजात/विवरण समेत पेश गर्नुपर्ने छ ।**

(३) **यस्तो कारोबार सम्बन्धी विवरण/तथ्याङ्क यस विभागले तोके बमोजिम उपलब्ध गराउनपर्ने छ ।**

(४) **कारोबार सम्पन्न नभई खाताबाट मौज्दात घटेको अवस्थामा दाबी उजुरी परेको वा नगरेको अवस्थामा कारोबार रकमको Force Settlement बढीमा T+30 Days भित्र गराउने दायित्व उपकरण Issue गर्ने र Acquire गर्ने दुवै संस्थाको हुनेछ ।**

(५) **यस्तो कारोबारमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको प्रचलित विनियावली, परिपत्र, सूचना लगायतका व्यवस्था समेत पालना हुनुपर्ने छ ।**

९. **यस बैंकबाट 'क' वर्ग तथा राष्ट्रिय स्तरको 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुले Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशी मुद्रामा हुने अन्तरदेशीय Retail Payments अन्तर्गत Acquiring सेवाको सञ्चालन यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी प्रदायक संस्थामार्फत गर्ने भएमा तेश्रो पक्ष सम्झौता गरी यस बैंकको पूर्व स्वीकृति लिनुपर्ने छ ।**

१०. **अनुमतिपत्रप्राप्त संस्थाले अनुसन्धानकारी निकायबाट लेखी आएमा वा यस बैंकबाट प्राप्त निर्देशनबमोजिम आफ्नो प्रणालीमा रकम रोक्का राख्ने वा फुकुवा गर्ने कार्य अविलम्ब गर्नुपर्ने छ र सो को जानकारी तत्काल विभागमा पेश गर्नुपर्ने छ।**

११. **अनुमतिपत्रप्राप्त संस्थाले अन्य स्वदेशी तथा विदेशी संस्थाहरुसँग भुक्तानी सेवा प्रवाह वा भुक्तानी प्रणाली सञ्चालनसम्बन्धी गरेका समझदारी (MOU) तथा सम्झौताहरुबारे यस विभागलाई जानकारी गराउनुपर्ने छ।**

१२. **भुक्तानी प्रणाली सञ्चालक संस्था अनिवार्यरुपमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हुनुपर्ने छ। यो निर्देशन जारी हुनु अघि भुक्तानी प्रणाली सञ्चालकको रुपमा कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था २०८५ असार मसान्तभित्र पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई सक्नुपर्ने छ।**

१३. **खारेजी र बचाऊ**

यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

(१) भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० को विविध व्यवस्थासम्बन्धमा अ.प्रा निर्देशन नं. १६/०८० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०८१ फागुन २१ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

## कारबाही, कसुर र दण्ड सजायसम्बन्धी व्यवस्था

१. एकीकृत निर्देशनमा उल्लिखित व्यवस्थाहरूको परिपालना नभएमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ र भुक्तानी तथा फछ्र्यौट विनियमावली (पहिलो संशोधन, २०८०), २०७७ बमोजिम कारबाही हुनेछ ।